# कालिगण्डकी गाउँपालिका

## दिगो बिकास लक्ष्यको स्थानीयकरण

Localisation of Sustainable Development Goals

कालिगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गुल्मी


# दिगो बिकास लक्ष्यको स्थानीयकरण




<u>परामर्शदाताः</u>

**आरम्भ कन्सल्टिंग प्रा.लि**

**रुपन्देही**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# दिगो विकास लक्ष्य हासिल गर्न
# स्थानीय विकास र सेवा प्रवाह कार्यढाँचा-
# २०७९

## कालिगण्डकी गाउँपालिका
## गाउँकार्यपालिका कार्यालय, गुल्मी
## लुम्बिनी प्रदेश
## नेपाल

परिच्छेद — १

## दिगो विकास लक्ष्यको परिचय तथा अवधारणा

### १.१. पृष्ठभूमि

नेपालको संबिधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यवस्था गरको छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने, संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन ब्यवस्था सञ्चालन गर्ने आधार संविधानले दिएको छ । तीन तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने ब्यवस्था समेत गरेको छ । संघीय शासनको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरिएको छ ।

संविधानले दिएको अधिकार एकल अधिकार र संयुक्त अधिकारको प्रचलनका लागि सञ्चालन ऐन, २०७४ जारी भएको छ । सो ऐनले स्थानीय तहका लागि पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रहरुमा विभिन्न कार्य जिम्मेवारीहरु सम्पादन गर्न जिम्मेवारीहरु प्रदान गरेको छ । स्थानीय तहहरुले दैनिक सेवा प्रवाह तथा विकाससँग सम्बन्धित कार्यहरु सम्पादन गर्दा जनताका आधारभूत पक्षका सवालहरुलाई संवोधन गर्नका लागि प्राथमिकता दिएको छ ।

योजनाहरु छनौट गर्दा उत्पादन आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने र स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको छ । बार्षिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने बिषयहरुमा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने, आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका बिषयहरु, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् ब्यवस्थापन,

सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरु, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरु, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने बिषयहरु, विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु समावेश गरिएको छ । यसबाट स्थानीय तहले बृहद, दीगो, समावेशी विकासमा ध्यान दिइ कार्य गर्नुपर्ने कुरा स्पष्ट हुन्छ ।

दिगो विकास लक्ष्यले 'विकास" लाई "मानव केन्द्रित" अवधारणाबाट हेरेको छ। यस अवधारणाले विकासलाई एकीकृत तरिकाबाट व्यापक रूपले मानवीय अवस्थामा सुधार गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास गर्ने माध्यमका रूपमा हेर्दछ। दिगो विकास लक्ष्यले विकासको आधारभूत मानवीय आवश्यकता जस्तै भोकमरी तथा गरिबीको अन्त्य, सबैका लागि सुरक्षित खानेपानी तथा सरसफाइको सुनिश्चितता जस्ता विषय समेटेको छ। गुणात्मक जीवनका पक्षहरूमा यसलाई स्वस्थ जीवन एवम् सम्पन्नता, गुणात्मक शिक्षा तथा जीवन उपयोगी सिकाइ एवम् उच्च मानवीय आकांक्षा, लैंगिक समानताको प्राप्ति, असमानताको कमी, शान्ति स्थापना, न्यायमा पहुँच, समावेशी संस्थाहरूका आधारको तयारीका रूपमा हेरिएको छ। दिगो विकास लक्ष्यले विकासलाई अधिकारमुखी विकासको फराकिलो दायराबाट हेरेको छ।

दिगो विकासको अवधारणा र स्थानीय सरकारलाई प्राप्त जिम्मेवारीको तादम्यता मिलाउँदै कालिगण्डकी गाउँपालिकाले दीगो विकासका अवधारणा बमोजिम आफ्ना कार्यक्रमहरुलाई आन्तरिकीकरण गरी दिगो विकासका लक्ष्य प्राप्तीका लागि टेवा पुर्याउने उद्देश्यले यो दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय विकास र सेवा प्रवाह कार्यढाँचा तयार गरेको हो ।

## १.२ दिगो विकास लक्ष्यको अवधारणा

पृथ्वीको धान्न सक्ने क्षमताको सीमा भित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो विकास लक्ष्य हुन्। दिगो विकास लक्ष्यका देहायका पाँच वटा स्तम्भ रहेका छन्।

(१)पृथ्वीः पृथ्वीमा रहेका प्राकृतिक साधन स्रोत र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने,

(२)मानवः सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने,

(३)समृद्धिः प्रकृतिसँग सामान्जस्यता कायम गरी समृद्ध र समुन्नत जीवनको सुनिश्चितता गर्ने,

(४)शान्तिः शान्तिपूर्ण, समन्यायीक र समावेशी समाजको निर्माण गर्ने,

(५)साझेदारीः सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्ने।

दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना (Generating Prosperity), वितरण (Sharing) र दिगोपना (Sustaining), हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो। समग्र मानव विकासका निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छन्। तर यी क्षेत्रहरू मानव विकासका साध्य नभएर साधनहरू मात्र हुन्। दिगो विकास लक्ष्यले साध्यको प्राप्तिका लागि मात्र साधनको दक्ष र प्रभावकारी उपयोगमा जोड दिएको छ। यसैले दिगो विकास लक्ष्यमा जीविकोपार्जनका लागि रोजगारीको सिर्जना तथा रोजगारीमा सबै वर्गको पहुँचलाई समेत महत्व दिइएको छ।

दिगो एवम् न्यायोचित विकासको दर्शनले पूर्वाधार निर्माणको वृद्धि मात्रै विकास नभनी दिगो प्रगतिका लागि दिगो विकासका कार्यसूचीहरूको आवश्यकता महसुस गरेको छ। यी आवश्यकताहरू अन्तर्गत मुख्य रूपमा आर्थिक विकास, नवीन खोजी, रोजगारका अवसरहरू तथा जीविकोपार्जनहरू पर्दछन्। यसका अलावा दिगो कासका लागि विभिन्न चुनौतीहरूको न्यूनीकरण गर्नु आवश्यक पर्दछ। यस्ता चुनौतीहरूअन्तर्गत वातावरण परिवर्तन, वन विनाश, मरुभूमीकरण, जमिनको क्षयीकरण तथा जैविक विविधताको हानिनोक्सानी जस्ता विषय पर्दछन्।

विकासका यिनै परिदृश्यमा स्थानीय तहको कार्य जिम्मेवारीमा विकास निर्माणका कार्य र प्रभावकारी सेवा प्रवाहसमेत उत्तिकै महत्वपूर्ण छन्। संविधानले स्थानीय तहलाई भौतिक विकासका कार्यक्रम, कृषि प्रसार तथा ग्रामीण विकास, स्थानीय आर्थिक विकास, प्राथमिक तथा माध्यमिक शिक्षाको व्यवस्था, स्थानीय स्वास्थ्य सेवाको व्यवस्था, खानेपानी तथा ढल निकास, सरसफाइ, सामाजिक विकास, वातावरणीय व्यवस्थापन, सार्वजनिक सुरक्षा तथा समावेशी र उत्तरदायी सरकारको रूपमा स्थापित गरेको छ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रबाट अनुमोदन भई सन् २०३० सम्ममा हासिल गर्ने गरी विश्वव्यापी रुपमा जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गत १७ वटा लक्ष्य, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन्। राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरी २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ। दिगो विकासलाई एक पृथक अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ। दिगो विकास लक्ष्यलाई सम्बन्धित देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको छ। दिगो विकासका १७ वटा लक्ष्य एकआपसमा घनिष्ठ रूपमा आबद्ध

रहेकाले यी लक्ष्यहरूलाई एकीकृत समूहको रूपमा हेरिनु पर्दछ। दिगो विकास लक्ष्य हासिल गर्न सरकार, निजी क्षेत्र सहकारी र सामुदायिक क्षेत्रको महत्वपूर्ण भूमिका रहने भएकोले यी लक्ष्य प्राप्तिमा समग्र सरकार (Whole of Government Approach) को अवधारणा अवलम्बन गर्न आवश्यक पर्दछ ।

<u>दिगो विकास लक्ष्य</u>

१ सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

४ समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

६ सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७ किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशिल रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने

९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

१० मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

११ सहर तथा मानव बस्तिहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

१४ दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने

१५ पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१६ दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने

१७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## १.३. दिगो विकासको सन् २०३० कार्यसूचीका मुख्य सिद्धान्त

विश्वव्यापकताः दिगो विकासको सन् २०३० कार्यसूचीको दायरा विश्वव्यापी छ। जुनसुकै आर्थिक हैसियत वा विकासको अवस्था भए पनि दिगो विकासको योगदानप्रति व्यापक प्रयत्न गर्न सबै मुलुक प्रतिबद्ध छन्। यो कार्यसूची सबै मुलुकमा, सबै सन्दर्भमा र सबै समयका लागि अनुकूल छ।

सबैलाई समेट्नेः २०३० कार्यसूचीले सबैलाई लाभ पुऱ्याउन खोज्दछ र गरिब तथा वञ्चित जहाँका भए पनि सबैलाई समेटेर तिनका विशेष चुनौती एवम् संवेदनशीलतालाई लक्षित गर्न प्रतिबद्ध छ। यसैले प्रगतिको प्रतिफल तथा गन्तव्यको विश्लेषण गर्न स्थानीय तथा खण्डीकृत तथ्याङ्कको आवश्यक पर्दछ।

अन्तरसम्बन्धता तथा अविभाज्यताः २०३० कार्यसूची अन्तरसम्बन्धित तथा अविभाज्य प्रकृतिका १७ वटा दिगो विकास लक्ष्यमा आधारित छन्। १७ वटा दिगो विकासका लक्ष्य कार्यान्वयनका सबै तत्वहरूलाई पृथक रुपमा नहेरी समष्टिगत रूपमा लिइनु पर्दछ।

समावेशीयताः २०३० कार्यसूचीले समाजका सबै वृत्तका जुनसुकै जात, लिङ्ग, वंश, तथा पहिचान भए तापनि यसको कार्यान्वयनमा भाग लिन र सहभागी हुन पाउनु पर्दछ।

बहु–सरोकारवालाबीच सहकार्य र साझेदारीः २०३० कार्यसूचीले सबै मुलुकमा दिगो विकासको लक्ष्य हासिल गर्ने कार्यमा सहयोग गर्न ज्ञान, विज्ञता, प्रविधि तथा आर्थिक स्रोतको परिचालन तथा आदानप्रदान गर्दा बहुसरोकारवालाबीच सहकार्य र साझेदारी स्थापना गर्नुपर्दछ।

## १.४ दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था

दिगो विकास लक्ष्य नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हकका साथै देशलाई समुन्नत तथा मध्यम आय भएको मुलुकमा २०३० सम्ममा परिणत गर्ने देशको मार्गचित्र अनुरूप रहेका छन्। संबिधानको धारा ५० को दफा (३) मा उल्लेखित निर्देशक सिद्धान्तमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने रहेको छ। त्यस्तै संबिधानको धारा ५१ (च) को विकास सम्बन्धी नीतिमा क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन

गर्नुपर्ने व्यवस्था गरेको छ भने संविधानको धारा (छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बद्र्धन र उपयोग सम्बन्धी नीति मा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बद्र्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्ने उल्लेख गरिएको छ।

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै आन्तरिकीकरण गर्न शुरु गरेको हो। राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य पूरा गर्न तथा कार्यान्वयन गरी हासिल गर्न पन्ध्रौं योजनामा आन्तरिकीकरण र तादात्म्यता मिलाउने कार्य गरिसकेको छ। पन्ध्रौं योजनाले दिगो विकासको सन्दर्भमा राष्ट्रिय विकासका आकांक्षा निर्धारण गरेको छ। पन्ध्रौं योजनामा समाविष्ट दीर्घकालीन राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य क्र.सं. दीर्घकालीन राष्ट्रिय लक्ष्य दिगो विकासका लक्ष्य गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच लिएको छ।आ.व. २०७४/७५ देखि मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता प्रदान गर्ने गरी सूचक निर्माण एवम् कार्यक्रम/आयोजनाको प्राथमिकीकरण गरिएका छन्। बजेट, नीति तथा कार्यक्रमका लागि व्यवस्था गरिएको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट कार्यक्रमका लागि दिगो विकास लक्ष्य अनुकूल हुने गरी कार्यक्रमको सांकेतीकरण (Coding) गरिएको छ।

| क्र.स. | | दीर्घकालिन राष्ट्रिय लक्ष्य | दीगो विकास लक्ष्य |
|---|---|---|---|
| १ | समृद्धि | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | ७, ९, ११ |
| २ | | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ३, ४, ८ |
| ३ | | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २, ७, ८, १२ |
| ४ | | उच्च र समतामूलक राष्ट्रिय आय | १, १० |
| ५ | सुख | परिष्कृत तथा मर्यादित जीवन | १,३, ४, ६, ८ |
| ६ | | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | १, ५, १०, १६ |
| ७ | | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | १२, १३, १५ |
| ८ | | सुशासन | १६ |
| ९ | | सबल लोकतन्त्र | १६, १७ |

| | | | |
|---|---|---|---|
| १० | | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १६, १७ |

दिगो विकासको सन् २०३० कार्यसूचीले प्रस्तुत गरेको विश्वव्यापी खाका अनुरूप नेपाल सरकारले नेपालको दिगो विकास लक्ष्यको अवस्था तथा मार्गचित्र २०१६—२०३० प्रतिवेदन तयार पारेको छ। यस मार्गचित्रले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण र विकासशील मुलुक बनाउने परिकल्पना गरेको छ।दिगो विकास लक्ष्यको स्थिति र मार्गचित्र एवम् वित्तीय आवश्यकताको आँकलन प्रतिवेदन तथा वित्तीय रणनीति तयार भइसकेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि बार्षिक नेपाललाई औसत रू. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण रहेको छ। यो रकममा बार्षिक करिब औसत रू. ५ खर्ब ८५अर्ब नपुग रहेको छ, जसमा सरकारका तर्फबाट रू. २.१८ खर्ब र निजी क्षेत्रबाट रू. ३.६६ खर्ब थप जुटाउनुपर्ने अवस्था छ।

दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय तथा प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन निर्माण र प्रादेशिक तहका दिगो विकास लक्ष्यको सूचकको पहिचान गरी कार्यान्वयनमा आएको छ। सवै तहका सरकारको क्रियाशीलताबाट मात्रै दिगो विकासको सफल कार्यान्वयन र लक्ष्य प्राप्ति हुन सक्दछ। दिगो विकास लक्ष्य हासिल गर्न सम्पूर्ण निकायको महत्वपूर्ण जिम्मेवारी हुन्छ। संघीय तह, प्रदेश तह र स्थानीय तहका सरकारले कार्यान्वयन, अनुगमन र मूल्यांकन समन्वयात्मक रूपमा गरिनेछ। दिगो विकास लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव छैन। यसमा सरकारका अतिरिक्त निजी तथा गैरसरकारी क्षेत्र, नागरीक समाज, समुदाय लगायत सम्पूर्ण विकास साझेदारहरूबीचमा साझेदारी जरुरी छ।

## परिच्छेद २

## कालिगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय र आर्थिक सूचकहरु

### २.१. गाउँपालिकाको संक्षिप्त परिचय


कालिगण्डकी गाउँपालिकाको कुल क्षेत्रफल १०१.२ वर्ग कि.मी. रहेको छ। नेपालको कुल क्षेत्रफल १४७५१६ वर्ग कि.मी.मध्ये यस गाउँपालिकाले ०.०६८ प्रतिशत, लुम्बिनी प्रदेशको कुल क्षेत्रफल २२२८८ वर्ग कि.मी.मध्ये ०.४५ प्रतिशत, गुल्मी जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी. मध्ये ८.७९ प्रतिशत ओगटेको छ। यो गाउँपालिकाको केन्द्र २७°५८'३४.५२"N- २८°३'१९.४५"N उत्तरी आक्षांश ८३°३४'४२.१०"E - ८३°२८'५२.५५"E पूर्बी देशान्तरमा अवस्थित रहेको छ । यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । यस गाउँपालिकामा पाइने हावापानीलाई मुख्यतया ३ भागमा वाँड्न सकिन्छ।


कालीगण्डकी गाउँपालिकाको सिमानामा पूर्वमा पवित्र कालिगण्डकी नदी तथा पर्वतको विहादी गाउँपालिका, पश्चिममा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका, उत्तरमा वाग्लुङ्गको जैमीनी नगरपालिका र दक्षिणमा सत्यवती गाउँपालिका र कालिगण्डकी गाउँपालिका स्याङ्जा अवस्थित छन्। नेपालकै सवैभन्दा ठुलो जलविधुत आयोजना कालिगण्डकी 'ए' देखि लुम्विनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकाका आकर्षक धरोहर र सम्पत्तिका रुपमा रहेका छन् । वि.सं. २०७८ को जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको कुल घरसंख्या ३६४०, परिवार संख्या ३७९३, जनसंख्या १५१०६ जसमा पुरुषको संख्या ७०८५ र महिलाको संख्या ८०२१ रहेको छ।

स्थानीय तह घोषणा भएपछि गाउँपालिकाको वडा विभाजनको अवस्था देहाय बमोजिम रहेको छ।

| वडा नं | समावेश भएका साविकका गा.वि.स.हरु | क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|
| १ | हर्मिचौर | १३.५५ |
| २ | अर्वेनी | १०.८४ |
| ३ | जयखानी | १३.४१ |
| ४ | पूर्तिघाट | ११.१३ |
| ५ | फोक्सिङ्ग १९.७८ | १९.७८ |
| ६ | खड्गकोट | १७.०६ |
| ७ | भुर्तुङ्ग | १५.२७ |
| | **जम्मा** | **१०१.०४** |

## गाउँपालिकाको भौगोलिक नक्सा



## ऐतिहासिक चिनारी तथा नामकरण राजनीतिक अवस्थिति

यस कालीगण्डकी गाउँपालिकाको ऐतीहासिक चिनारी तथा नामाकरणको बारेमा बुझ्नुपर्दा पुर्व तीर अवस्थित रहेको कालीगण्डकी नदी र यसको सभ्यताको वारेमा बुझ्नुपर्ने हुन्छ । यस विश्व ब्रह्माण्डमा उत्पतिभएका धेरै नदीहरु उत्पति भएपछि एउटै दिशातर्फ बगेको पाइन्छ तर कालीगण्डकी नदी उत्पति भएपछि चारै दिशामा बगी समुन्द्री सतह सम्म पुग्दछ । यस पवित्र नदीको नीर्मल जल जती समय सम्म वोतल या भाडोमा राखेपनि बिग्रदैन्र जस्ताकोतस्तै निर्मल नै रहिरहेको पाईन्छ । त्यसैगरी यस नदी किनारामा श्री वैष्णव क्षेत्र मध्यभागमा शाक्त क्षेत्र र उच्च समस्थली भागमा शैवी क्षेत्रहरु पर्ने गर्दछन् । नेपालको एकमात्र शालिग्ग्रम पाइने कालिगण्डकी नदीको विशेष महत्व छ ।

यस नदीको किनारमा धेरै तीर्थस्थलहरु र ऋषिमहर्षी, सन्त, महन्त, मुनी राजा, महाराजा तथा साधकहरुले तपस्या गरेको तपस्थली र साधानास्थलहरु रहेका छन् । यस नदीको किनारमा यस गाउँपालिका भित्र पर्ने गणेशस्थान, मुक्तीधाम, गौमतीघाट, घुमाउने, पूर्तिघाट, सेतीवेनि जस्ता पवित्र स्थलहरु अवस्थित रहेका छन्। शास्त्रका अनूसार धेरै ऋीषीमुनिहरुले जप, तप, ध्यान, ज्ञान, उपासना, विपश्यना, आराधना, साधना, सङ्गीत र योग यसै नदीको किनारामा बसेर सिद्धिप्रार्पित गरेको कुरा ईतिहास ले प्रमाणित गरेको पाईन्छ । साधना जुनसुकै ठाउँमा गरेपनि सिद्धिप्रार्पित गर्न एकपटक कृष्ण गण्डकी जानुपर्छ्भन्ने कुरा पुराणहरुमा पनि उल्लेख भएको छ । त्यसैगरी काग भुसिन्डीले श्रीरामको वारेमा लेख्दा यस स्थानकोवारेमा उल्लेख गर्दै लेखेका छन् । निलगरीीको पर्वतको फेदिमा कालीको तीरमा बसी रामको भक्तीगर्दा सबै पापहरु नास हुन्छन् ।

"चरितम रघुनास्यशत कोटी प्रविस्तरम्
एकै कमक्षरम पुंसाम्महापातक नाशतम्॥"

अन्यत्र सय करोड पटक रामको नाम जप्नु र कालिगण्डकी किनारमा बसि एक पटक मात्र राम नाम जप्दा मनुस्यको सबै पापहरु नास हुन्छन् भनिएको छ । हिन्दु दर्शनका अनूसार पृथ्वीमा रहेका आठ ओटा भुवैकुण्ठ धामहरु मध्यको एउटा धाम (घुमाउने फूलवारि) यस कालीगण्डकी नदीको किनारमा यसै गाउँपालिकामा छ ।

त्यसैगरी सत्ययुगमा सतीदेवी यसै ठाउँमा जन्मलिइन र दक्षप्रजापती राजाले शिवजीसँग बिबाह गराउँदा विष्णुले छल गरेको हुनाले मन शान्ति र मनोकामना पूर्ति गर्नका लागि बान्द्रानदी र कालीगण्डकीको बीचमा अवस्थित कन्द्रौटा भन्ने ठाउँमा महायज्ञ गर्दा कैलाश पर्वत बाट शिवजीको आज्ञा बिना सतीदेवी आएकाले आत्मदाह गर्नुपरेको र शिवफौजले यज्ञ विध्वंश गरेका थिय । त्यसपछि एउटी शतिदेवि बाट सप्त सत्यवती भई सबभन्दा जेठी बसेको ठाउँ बुढी सत्यवती (यस गा.पा र सत्यवती गा. पा. को सिमाना) रहेको ठाउँको वारेमा स्वस्थानी कथामा व्याख्या गरिएको

छ् । त्यस ठाउँलाई अहिले पनि दक्षप्रजापती क्षेत्र पूर्तिघाट (हाल गा. पा. केन्द्र) भनिन्छ र अन्य सत्यवतीहरु पनि विभिन्न ठाउँमा गई बसेको पाईन्छ ।

त्यसै गरी वि.स. १८६० मा अग्नीहोत्री भन्ने एकजना मानिस जसले मन्त्रबाट अग्नी उत्पन्न गर्दथे उनी काठमाण्डौंबाट आई सतीदेवीले आत्मदाह गरेको स्थानमा मन्त्र द्धारा अग्नी उत्पन्न गराई यज्ञकुण्ड बनाई धुनी लगाएका थिए र उक्त अग्नी अहिलेसम्म पनि अविछिन्न रुपले वलिरहेको पाईन्छ। पछि उनले लिन्घाकी ज्ञवाली थर की कन्यासँग विवाहगरी केही समय सत्यवतीमा बसि साधना गरेको र उनका छोरा पनि वनारस गइ अध्ययन गरी फर्केपछि त्यसै ठाउँमा पञ्चायन कुण्डमा स्नान गरे पश्चात तपस्या सुरु गरी सिद्दि प्राप्तगरी तारकेश्वर ऋषि भएको पाईन्छ् । उनले सत्यवतीको स्थापना गर्नृकासाथै रुद्रदेविको राम मन्दिर पनि बनाए । त्यसैगरी कालीका पुराणमा उल्लेख गरिएको छ:

> "सत्य सत्वती क्षेत्रम त्रेतायाम तुतपोवनम्
> द्धापरे मुक्ति सोपनम कलौ नेपालीका पुरी ॥"

सत्य युगमा यस क्षेत्र लाई सत्यवती त्रेतायुगमा तपोवन द्धापर युगमा स्वर्गजाने सिडी र कलीयृगमा नेपाल भनिएको छ ।

त्यसैगरी श्री श्री श्री १०८ महात्मा महाप्रभु कृपा सिन्धुदाश काठमाण्डौ बाट वि. स. १९९५ सालमा जयखानी बेलटारि शिवमन्दिर मा आई शिवमन्दिरको नजिक श्री कृष्ण कालीगण्डकी किनारमा स्वामीको रुख मुनी धुनीलगाई १ वर्ष बस्नु भयो । उहाँले कालीगण्डकीको किनारमा शिरमाथी तीन वटा शिला ढुङ्गा राखि २ घण्टा सम्म आखाँ बन्द गरी ध्यानमा बस्नु भयो । त्यसैगरी १ वर्ष शिवमन्दिर बेल्टारि बसि जाने बेलामा मुलपानी तल कालीगण्डकीको किनारमा ठुलो ढुङ्गामा १०८ वटा कन्या केटीलाई भोजन खुवाई दान दक्षीणा गर्नुभयो र उसै दिन कालीगण्डकीको किनारै किनार घुमाउनेमा गई ९ महिना ओढारमा (गुप्तेश्वर महादेव गौतम गुफा) बस्नु भयो । उक्त ओढारमा बस्दा प्रत्येकबर्ष आउने वालाचतृर्दशीको दिन "शतवीउ" छर्ने आवश्यक व्यवस्था गरीदिनुभयो । यसरि हेर्दा कालीगण्डकी गाउँपालिका अत्यन्तै अलौकिक इतिहास र महत्व बोकेको गाउँपालिकाको रुपमा लिन सकिन्छ् ।

त्यसै गरी नेपालको संविधान २०७२ ले घोषण गरेको सघीय लोकतान्त्रिक नेपाल कार्यान्वयनको महत्वपूण खुडकिलोका रुपमा रहेको सङ्घीय संरचना अनूसार ७५३ स्थानीयतहको घोषणा गर्यो । सोहीअनूसार गुल्मीजिल्लामा १२ वटा स्थानीयतहहरु मध्ये पूर्वत्तिर भागमा अवस्थित तत्कालीन गा. वि.स.हरु हर्मीचौर, अर्वेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ, खड्गकोट र भुर्तुङ्गहरु मिलाई एउटा स्थानीयतहको घोषणा भयो र भौगोलिकहिसावले हेर्दा तत्कालीन ७ गा. वि. स हरु हर्मीचौर, अर्वेनी, जयखानी, पूर्तिघाट र खड्गकोटले प्रत्यक्ष छोइएको कालीगण्डकी नदी हुनुका साथै यसको प्राचीन ऐतीहासिक महत्व गाउँपालिकाको चिनारिका रुपमा रहने कारणले गर्दा तत्कालीन सर्म्पुण

राजनैतिक दल, समाजसेवी वुद्धी जीबिहरु र जनभावना बमोजिम कालिगण्डकी नदीको नामबाट यस गाउँपालिकाको नाम कालिगण्डकी गाउँपालिका भनि नामकरण हुनगयो ।

**राजनीतिक अवस्थिति तथा प्रशासनिक केन्द्र**

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्यातथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले सङ्घीय संरचना अनूसार ७ प्रदेश ७५३ वटा स्थानीय तहमा पूनःसंरचित भए पश्चात् लुम्बिनी प्रदेश अन्तर्गत गुल्मी जिल्लाका साविकका गाविसहरू हर्मिचौर, अर्वेनी, जयखानी, पूर्तीघाट, फोक्सिङ्ग खड्गकोट र भुर्तुङ्ग समेटेर जम्मा ७ वटा वडाहरू कायम गरी कालीगण्डकी गाउँपालिका स्थापना गरिएको हो ।

| वडा नं. | समावेश भएका सविकका गा.वि.स. | सविकको वडा नं. | क्षेत्रफल वर्ग कि.मी | वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|---|
| १ | हर्मिचौर | १ देखि ९ | १३.५५ | फरिनडाँडा |
| २ | अर्वेनी | १ देखि ९ | १०.८४ | अर्वेनी, मनधारा |
| ३ | जयखानी | १ देखि ९ | १३.४१ | जयखानी |
| ४ | पूर्तिघाट | १ देखि ९ | ११.१३ | पूर्तिघाट |
| ५ | फोक्सिङ्ग | १ देखि ९ | १९.७८ | जोगीटोल |
| ६ | खड्गकोट | १ देखि ९ | १७.०६ | देउराली |
| ७ | भुर्तुङ्ग | १ देखि ९ | १५.२७ | छापचौर |

**गाउँपालिकाको अन्तरसम्बन्ध**

यस गाउँपालिकाको अन्तरसम्बन्ध विशेषगरी छिमेकी जिल्ला स्याङ्जा, पर्वतको विहादी गाउँपालिका, लगायत छिमेकी स्थानीय तह सँग रहेको छ तर भौगोलिक विकटताका कारण जिल्ला सदरमुकामसँग खासै सम्वन्ध छैन । यहाँका मानिसहरु आर्थिक, शैक्षिक, रोजगारी लगायत अन्य कारोवारको लागि बढी मात्रामा बुटवल जाने आउने गर्दछन भने पोखरा, काठमाण्डौ, पाल्पा पनि जाने आउने गर्दछन् । यस ठाउँमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि पोखरा, बुटवल, भैरहवा, काठमाण्डौंसम्म पनि हुने गरेको देखिन्छ । गाउँपालिकालाई चाहिने अन्य कृषि सामग्री, खाद्य सामग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयत भने मुलत बुटवल, भैरहवाबाट नै हुने गरेको देखिन्छ ।

**प्राकृतिक सम्पदा**

यस गाउँपालिका प्राकृतिक सम्पदाको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिन्छ । पवित्र कालिगण्डकी नदी यसै गाउँपालीकाको एक किनारमा पर्दछ । गाउँपालिकाका सवै वडामा घना जङ्गल देख्न सकिन्छ । गाउँपालीकामा धेरै खाला, खोल्सा, झरनाहरु प्रसस्त छन् । यस गाउंपालिकाको मुख्य गैरकाठजन्य वनपैदावारहरुमा (कुरिलो, तितेपाती, वनमारा, अम्लीसो, अमला, हर्रो, बर्रो, चिराइतो, वनमाला, ठुलो ओखती, खोटो, मझिटो, सतुवा, बोके, टिमुर, बुढी ओखती, हाडजोडा, भकिम्ले, हटचुर, लौठ सल्ला, पाखनवेद, बोजो, सानो ओखती, चुत्रा (धसिंगरे ,घोडाखरी, सिन्कौली, हाडे लसुन, सिस्नो, अल्लो, दालचिनी, सुगन्धवाल, लप्सी, अम्फी, ओखर, कटुस, , गजुरगाना, विडालीकाण्ड, खयर, बेल, राजवृक्ष, अमला, असुरो, टिमुर, बेल, घोडथाप्ले सतुवा/सर्मागुरु) आदी छ भने यहांको निकासीजन्य प्राकृतिक स्रोत साधनहरुमा (ढुंगा, गिटी ,बालुवा), काठमध्य, (चिलाउने, उत्तिस ,साल, बांस ,खयर,सखुवा) कृषि जन्य वस्तुहरुमा खाधन्न वालिहरु (मकै, आलु, कोदो, गहु, तोरी, धान) तरकारी वालिहरु (आलु, साग केराउ मटर, बन्दा ,काउली) फलफूल वालिहरुमा ( सुन्तला, निवुवा, भोगटे) अन्य नगदे वालीहरुमा (अलैची, मास, तोरी) पशुपंक्षिहरुमा (रागा, भैसी, बाख्रा, बंगुर, गोरु र पंक्षीजन्य निकासी अन्तर्गत कुखुरा हो भने यहा पाइने मुख्य जंगली जनवारहरुमा स्याल, ठाडे, बाघ, हरिण, मन्साप्रो, खरायो, निगाले, बादर, दुम्सी हो भनेपशु पंक्षिहरुमा कालिज, ढुकुर, हुचिल, काग, सुगा, चील, चिवे, वनकुखुरा, बेसार, हुटीट्याउ, गिद्ध, काकाकुल पाइन्छ ।

त्यसैगरी गाउँपालिकाका मूख्य खेतीयोग्य जमिनमा वडा नं १ को हर्मिचौर फाँट, दिहिङ, वकेवा, गिदुवा, तुथुम, देउराली, भर्दालकोट, एकीनास, हर्मिचौर बान्द्रे, वडा नं २ को ठुला चौर, आमवोट, तेवारी थोक, घिउसिन, सेरा, सातमुरे, राक्से फाँट, चौका वारी, चन्दन बारी, माझबारी, गहते, भयकोट, बिसौना, अर्वेनी फाँट, चन्दनथर, जम्मुखानी, मनधरा, निगारे, वडा नं ३ को वेल्टारी, सत्ताइसे, आपखर्क, मुलपानी, कनौटा, जयखानी, लेन्टुङ, छाप, लमसराङ , वडा नं ४ का जोखुमचौर, डाङलिङ फाँट, फुर्शे फाँट, फुर्शे डाँडा, छाहादी, लपर्तुङ, ओकेङ, वल्ली, भाङखर्क, खोर्त्रक, सौरेनी, दमार, सिरेनी, वडा नं ५ का गौदीखोला फाँट, केङ्गे खोला फाँट, लमकरा फाँट र चालीसे फाँट, बेशी फाँट, गैरी फाँट, सिम्ले सातकोट, चालीस श्यामी, वडा नं ६ को वडरे फाँट, कान्ले फाँट, जिमिरे फाँट, खोलसे फाँट, खनियापाटा फाँट, दिम फाँट, गाउँ, कोरेङ्ग वेसी, उर्लेनी फाँट, वरलवा फाँट, लेघा फाँट, वगालथोक फाँट, रुम्टा फाँट, आमबोट फाँट, थुम्का बेसी, फाँट, उपल्लो कोरेङ्ग, तोलाकोट, खमारीपाटा, सपाङ्गदे, जोग्दी, लुङ, लिसेपानी, तुपुङ, लेगा ढाव, वगालथर, रम्फै र वडा नं ७ को गब्दे फाँट, टारी फाँट, भट्टेटोला फाँट, नागा फाँट, गैरी फाँट, मिलगाम फाँट,अमराइ फाँट, झिरवास फाँट आदी ।

## २.२ गाउँ विकासको दीर्घकालीन सोच

"कृषि, पूर्वाधार र सुन्दर नगरीः समावेशी, स्वच्छ र समृद्ध कालिगण्डकी "

### २.३ गाउँ विकासको लक्ष्य

“व्यवसायिक, सुन्दर, सुसंस्कृत, सुशासनयुक्त र समृद्ध कालिगण्डकी को आधार तयार गर्ने”

### २.४ गाउँ विकासको उद्देश्य

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धि गरी उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिईएको छः

१. कृषि तथा ब्यबसायिक क्षेत्रको उत्पादन, रोजगारी र आयमा समाबेशी, गुणात्मक र दिगो वृद्धि गर्नु,
२. स्वस्थ, सृजनशील र सीपयुक्त मानव पुँजीको निर्माण गर्नु,
३. आधारभूत भौतिक पूर्वाधारको बिकास सहित अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने
४. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद् उत्थानशिलता प्रवद्र्धन गर्ने
५. विपद् प्रभावित सम्पूर्ण क्षेत्रको पुनरोत्थान गर्नु,
६. गाउँपालिकाको सुशासन, सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्थितिमा गुणात्मक वृद्धि गर्नु

### २.५ गाउँ विकासको रणनीति

गाउँ विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका आठ प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछः

१ कृषि उद्यम तथा ब्यबसायिक क्षेत्र प्रवद्र्धधन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने,
२ पर्यटकीय क्षेत्रको पहिचान र बिकास मार्फत भ्रमण तथा पर्या पर्यटन प्रवद्र्धन गर्ने,
३ कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने,
४ गुणस्तरीय शिक्षा, आधुनिक प्रबिधि सहितको स्तरीय स्वास्थ्य सेवा, सुद्धृढ सरसफाई तथा खानेपानी सुविधा, सहज सामाजिक सुरक्षा पहुँच र उपभोग सुनिश्चित गर्ने,
५ अत्यावश्यक भौतिक पुर्वाधारको गुणस्तरीय विस्तार र स्तरोन्नति गर्ने,

६ विकास योजना चक्र तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,

७ सार्बजनिक, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने र

८ सुशासन प्रबर्धन, सेवा प्रवाह, आयोजना व्यवस्थापन, संस्थागत क्षमता विकास तथा आन्तरिक राजश्व सुदृढ गर्ने ।

## २.६ प्रमुख बिषय क्षेत्रगत सूचक तथा मध्यकालीन लक्ष्य

कालिगण्डकी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, गाउँ विकासको लक्ष्य तथा उद्देश्य, “समृद्ध नेपाल र सखी नेपाली” को राष्ट्रिय सोच तथा संकल्प र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना अनुरुप गाउँ क्षेत्रभित्र देहाय बमोजिम क्षेत्रगत सूचकहरु विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, आर्थिक वर्षको समीक्षाका आधारमा मध्यकालीन खर्च संरचनामा समावेश गरिएकोछः

| क.स. | सूचक/लक्ष्य | एकाई | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष ०७७/७८ | आ.ब २०७८/०७९ | आ.ब २०७९/०८० | आ.ब २०८०/०८१ |
| १ | कृषिक्षेत्रमा रोजगारी | संख्या | ७९४२ | ८००० | ८३०० | ८७०० |
| २ | खाद्यान्न बाली उत्पादन | मुरी | ३०६९३ | ३१००० | ३१९०० | ३२५०० |
| ३ | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | ४८४ | ५०० | ६५० | ८०० |
| ४ | पर्यटन आगमन (हजारमा) | संख्या | २ | २.३ | ३ | ३.५ |
| ५ | पर्यटन तथा सेवा क्षेत्रमा रोजगारी | संख्या | १६० | १८५ | २१० | २४० |
| ६ | आधारभूत खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ६५ | ७२ | ७७ | ८२ |
| ७ | खेतीयोग्य जमिनको बर्षभरी सिंचित क्षेत्रफल | हेक्टर (हजारमा) | ३५ | ४० | ४५ | ५० |
| ८ | जम्मा सडक निर्माण | कि.मी. | १६२ | १७५ | १८० | १९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लम्बाई | | | | | |
| ९ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ३८ | ४२ | ५५ | ६० |
| १० | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३८ | ५५ | ७० | ८५ |
| ११ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३८ | ४५ | ५३ | ६० |
| १२ | विद्यालय वचैमा छोड्ने दर | प्रतिशत | ८ | ६ | ५ | ४ |
| १३ | विद्यालय वाहिर रहेका (४—१२ वर्ष) बालबालिका | संख्या | ७५ | ६५ | ५० | ३५ |
| १४ | प्रारम्भिक बालकक्षामा अध्ययनरत ४—५ बर्षका बालबालिका | जना | ५११ | ६०० | ६५० | ७०० |
| १५ | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ |
| १६ | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९० | ९२ | ९३ | ९४ |
| १७ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित घरपरिवार | संख्या | ३४४१ | ३५०० | ३५२० | ३६०० |

*स्रोतः गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०७८/७९-२०८०/८१) प्रतिवेदन*

# परिच्छेद ३

## गाउँपालिकाको काम कर्तव्य र अधिकार र दिगो विकासको लक्ष्य बीचको अन्तरसम्बन्ध

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ। स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य गाउँपालिकाको जिम्मेवारीमा पर्दछ। यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन्। दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई गाउँपालिकाको योजना तर्जुमाका बिभिन्न विषयगत समिति अनुरुप समूहकृत गरिनेछ। गाउँपालिकामा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ।नेपालको संविधान २०७२ ले गाउँपालिकालाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको काम, कर्तव्य र अधिकार स्पष्ट गरेको छ ।

### ३.१ नेपालको संविधानमा स्थानीय तह

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसार संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका र संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसारको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयहरु उल्लेख भएको छ।

**नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको सूची**

| क्र.स. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संचालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संचालन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत तथा माध्यमिक शिक्षा |

| क.स. | विषयहरु |
|---|---|
| ९ | आधारभूत स्वास्थ्य तथा सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण सरसफाई तथा जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई |
| १२ | गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | जग्गा धनी प्रमाणपूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारहरुको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको संचालन, व्यवस्थापन र नियन्त्रण |
| १९ | खानेपानी साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार वन्य जन्तु खानी तथा खतिज पदार्थको संरक्षण |
| २२ | भाषा संस्कृति र ललितकलाको विकास |

नेपालको संविधानको अनुसूची ९ अनुसारको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची

| क.स. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रकारिता |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत,खानेपानी तथा सिंचाई जस्ता सुविधाहरु |
| ६ | सेवा शुल्क, दण्ड, जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | बन जंगल, बन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज, विपद् व्यवस्थापन |
| ९ | सामाजिक सुरक्षा, गरिबी निवारण |
| १० | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह, तथ्याङ्क |
| ११ | पुरातत्व, प्राचिन स्मारक र संग्राहलय |
| १२ | सुकुम्बासी व्यवस्थापन |
| १३ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी |
| १४ | सवारी साधन अनुमति |

## ३.२ स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको संचालन र सेवाका लागि नगरपालिका तथा गाउँपालिकाको काम कर्तव्य र अधिकारको सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ ।

**गाउँपलिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारः**

**क. नगर प्रहरी**

नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन, तथा देहायका विषयका नगर प्रहरीको परिचालन गर्ने,

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
(५) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,
(७) सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा, तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
(८) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
(९) अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,
(१०) छाडा पशु चौपायाको नियन्त्रण,
(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(१२) कार्यपालिकाले तोकेको अन्य कार्य ।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(२) सम्बन्धित पालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,
(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

**ग. एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमान र खारेजी,
(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

## घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुँगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुँगा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन,

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

## ङ. स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यबस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको (घ) वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकिय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता बिकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,
(९) औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा नयून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य ।

**ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

## ठ. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवस्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) पालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन ,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेख ,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन ,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

**ण. कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

**त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य

**थ. बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,
(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,
(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,
(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,
(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,
(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,
(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य ।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
(४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,
(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,
(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**ध. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा**

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
(३) एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन,
(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,
(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,
(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,
(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
(६) विपद् व्यवस्थापन कोषको  स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(८) विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,
(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,
(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,
(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प. जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा  योजनाको कार्यान्वयन र नियमन,
(२) पानी मुहानको संरक्षण,
(३) सामुदायिक भू(संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम,
(४) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,
(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,
(७) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार,  प्रवर्द्धन र विकास,
(३) परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
(४) भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य,
(५) प्रचलित कानून बिरुद्धका कुरिती तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन कार्य ।

## ३.३ सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिकाको काम, कर्तव्य र अधिकार

### क. खेलकुद र पत्रपत्रिका

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
(३) खेलकुदको विकास र प्रवर्द्धन,
(४) खेलकुद प्रतियोगीता आयोजना र सहभागीता,
(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

### ख. स्वास्थ्य

(१) सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
(२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,
(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,
(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
(१०) स्थानीयस्तरको प्रवर्द्धानात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,
(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
(१३) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
(१५) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
(१६) रोगको नियन्त्रण तथा रोकथाम,
(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

### ग. विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन
(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिञ्चाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निधारण र सङ्कलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक श्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

**ङ. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रबर्द्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,

(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रबर्द्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,

(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाङ्कन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,
(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,
(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ(सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,
(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,
(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँड ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन ।

### ठ. संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण ।

## ३.४ गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार

### क. भूमि व्यवस्थापन

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू(उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

### ख. सञ्चार सेवा

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ।

### ग. यातायात सेवा

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

### घ. लघु, घरेलु र साना उद्योग

(१) लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन

## ३.५ संघीय विभिन्न कानून अर्न्तगत स्थानीय तहको काम कर्तव्य अधिकार

१. अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ ले दिएको आर्थिक कार्यक्षेत्र तथा राजश्व बाँडफाँड अनुदान, आन्तरीक ऋण, सार्वजनिक खर्च व्यवस्थापन, राजश्व र व्ययको अनुमान र वित्तीय अनुशासन सम्बन्धी कार्य,

२. अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४:अपाङ्ग भएका व्याक्तिलाई निशुल्क शिक्षा उपलब्ध गराउने, अपाङ्ग व्यक्ति प्रतिको दायित्व सम्बन्धी कार्य,

३. उपभोक्ता संरक्षण ऐन, २०५५ ले स्थानीय बजार अनुगमन समिति मार्फत सुलभ मूल्यमा गुणस्तरिय तथा स्वस्थ बस्तु तथा सेवाको उपलब्धाता सम्बन्धी कार्य,

४. खाद्य ऐन, २०२३ ले अनुगमन तथा निरिक्षण अधिकार अन्तर्गत स्वच्छ खाद्यवस्तुको उपलब्धता सम्बन्धी कार्य,

५. खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी ऐन, २०७५ ले तोकेको स्थानीय तहको काम कर्तव्य र अधिकार सम्बन्धी कार्य,

६. घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ अनुसार स्थापना हुने सेवा केन्द्र सञ्चलन तथा व्यवस्थापन सम्बन्धी कार्य,

७. जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) गर्ने ऐन २०३३ ले दिएको अधिकार अन्तर्गत जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता एवं अभिलेख सम्बन्धी कार्य

८. जलचर संरक्षण ऐन, २०१७ अनुसार जलचर संरक्षण सम्बन्धी कार्य

९ जलश्रोत ऐन २०४९ ले दिएको अधिकार अन्तर्गत स्थानीय जल उपभोत्ता सम्बन्धी संस्था दर्ता नियमन तथा स्थानीय तहले जलश्रोत उपयोग वा विकास गर्ने सम्बन्धी कार्य ।

१०. आवश्य वस्तु संरक्षण ऐन, २०१२ अनुसार आवश्यक बस्तुको हेरचाह गाउँपालिकाले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रवन्ध मिलाउनु पर्ने ।

११. आवासको अधिकार सम्बन्धी ऐन, २०७५ अनुसार आवास सुविधा उपलब्ध गराउने कर्तव्य स्थानीय तह समेतको हुने ।

१२. तथ्याङ्क ऐन, २०१५ अनुसार स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्ने सम्बन्धी कार्य ।

१३ नगर विकास ऐन, २०४५ अनुसार स्थानीय तहले जग्गा विकास कार्यक्रम संचालन गर्न सक्ने सम्बन्धी कार्य ।

१४. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ अनुसार परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्य ।

१५. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहरमैलाको प्रबन्ध सम्बन्धी सम्पूर्ण कार्य ।

१६. बालवालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धी कार्य

१७ रोजगारीको हक सम्बन्धी ऐन, २०७५ अनुसार रोजगार केन्द्र सम्बन्धी कार्य,

१८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी तथा त्यसको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्य,

१९. भूउपयोग ऐन, २०७६ अनुसार जग्गाधनी श्रेष्ता र प्रमाणपुर्जा अद्यावधिक तथा भूउपयोग परिवर्तन गर्ने सम्बन्धी कार्य,

२०. राष्ट्रिय प्रशारण ऐन, २०४९ अनुसारको अधिकारको प्रयोग : एफ.एम. ईजाजत दिने कार्य

२१. शिक्षा ऐन, २०२८ अनुसारको काम कर्तव्य र अधिकार: विद्यालय व्यवस्थापन सम्बन्धी कार्य,

२२. सहकारी ऐन, २०७४ : सहकारी दर्ता सम्बन्धी कार्य,

२३. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ : सेवा प्रवाहको व्यवस्थापन सम्बन्धी कार्य,

२४ सूचनाको हक सम्बन्धी ऐन, २०६४ : सूचना सार्वजनिक गर्नुपर्ने सम्बन्धी कार्य,

२५. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ : गाउँपालिकाले सहयोग गर्ने सम्बन्धी कार्य,

## ३.६ गाउँपालिकाको अधिकार र दिगो विकास लक्ष्य वीचको सम्बन्ध

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ। स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य गाउँपालिकाको जिम्मेवारीमा पर्दछ। यसलाई तलको तालिकाबाट स्पष्ट गर्न सकिन्छ।

| क्र.स. | दीगो विकास लक्ष्यको आयम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची –८) | अधिकारको साझा सूची (अनुसूची –९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | २. सहकारी<br>१०. स्थानीय बजार व्यवस्थापन<br>११. ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १. सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |
| २. | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था<br>१६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन<br>१७ बेरोजगारको तथ्याङ्क संकलन<br>१९.खानेपानी<br>२२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २. शिक्षा<br>३. स्वास्थ्य<br>५. खानेपानी<br>१०. सामाजिक सुरक्षा | लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४ः गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५ः लैङ्गिक समानता,<br>लक्ष्य ६ः स्वच्छ खानेपानी तथा सरसफाइ<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |
| ३. | पूर्वाधार | ७. स्थानीयस्तरका विकास | ५. विद्युत, सिँचाइ | लक्ष्य ७ः धान्न सक्ने |

| | | | | |
|---|---|---|---|---|
| | विकास | आयोजना तथा परियोजनाहरू,<br>११. स्थानीय सडक,<br>१४. घर जग्गा धनीपूर्जा वितरण,<br>१९. साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, | १५. सवारी साधन अनुमति | तथा<br>स्वच्छ ऊर्जा,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |
| ४. | वातावरण व्यवस्थापन | ९. सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०. विपद् व्यवस्थापन<br>२१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>९.विपद् व्यवस्थापन | लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य १५:<br>जमिनमाथिको जीवन<br>लक्ष्य ११: दिगो सहर तथा<br>समुदाय |
| ५. | संस्थागत विकास तथा सुशासन | १. नगर प्रहरी<br>३. एफ.एम (रेडियो) सञ्चालन<br>४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना<br>५. स्थानीय सेवाको व्यवस्थापन<br>६. स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२.गाउँ सभा, नगर सभा, जिल्ला सभा,<br>स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>१३. स्थानीय अभिलेख व्यवस्थापन | २. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११. व्यक्तिगत घटना, जन्म,<br>मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६: शान्ति, न्यायपूर्ण<br>तथा सबल संस्था<br>लक्ष्य १७: बहुसरोकार साझेदारी |

गाउँपालिकाका मुख्य जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन्। दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई गाउँपालिकाको योजना तर्जुमाका बिभिन्न विषयगत समिति अनुरुप समूहकृत गरिनेछ। गाउँपालिकामा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न

योगदान पुऱ्याउँछ। नेपालको संविधानले गाउँपालिकालाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ।

गाउँपालिका विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक एकाई समेत हुन्। संविधानले स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ।

यी विषय दिगो विकास लक्ष्य—१ (शून्य गरिबी), लक्ष्य—२ (भोकमरीको अन्त्य), लक्ष्य—८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य—१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। सामाजिक विकासको क्षेत्रमा गाउँपालिकाको क्षेत्राधिकारभित्र चार वटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य—३ (स्वस्थ जीवन), लक्ष्य—४ (गुणस्तरीय शिक्षा), लक्ष्य—५ (लैंगिक समानता) र लक्ष्य—६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ। नेपालको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी विकास र बस्ती विकास एक महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ। सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य—९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्।

दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ। नेपालको सन्दर्भमा यसलाई वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनुपर्दछ। तथापी स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ। गाउँपालिकाको कार्य क्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै विपद् व्यवस्थापन विषय रहेका छन्। यी कार्यक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि गाउँपालिकाले संघ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य—१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य—१३ (जलवायु सम्बन्धी कार्य), लक्ष्य—१४ (समुद्रमुनिको जीवन) र लक्ष्य—१५ (जमिनमाथिको जीवन) जोडिएका छन्।

दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत बिशेष महत्व दिएको छ। दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषयसमेत समावेश भएका छन्जुन विषय दिगो

विकास लक्ष्य १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन्। दिगो विकासको सन्दर्भमा सरकारका बिभिन्न तहहरूको संस्थागत क्षमता र कार्य क्षेत्रको सान्दर्भिकताको समेत लेखाजोखा गरिनेछ। नेपालले सहकारी संघीयताको अवलम्बन गरेकाले दिगो विकास लक्ष्य हासिल गर्न सरकारका तीन वटै तहले आपसी सहकार्य र समन्वय गर्नु जरुरी छ। सामान्यतया संघ र प्रदेशको नीति निर्माण, मापदण्ड निर्धारण, वित्तीय हस्तान्तरणका साथै सापेक्ष रूपमा आर्थिक तथा पूर्वाधार विकासमा बढी भूमिका रहन्छ भने स्थानीय तह मूलतः स्थानीय विकास र स्थानीय सेवाका सम्वाहकको भूमिकामा केन्द्रित हुनुपर्दछ।

**३.७ <u>गाउँपालिकामा दिगो विकास लक्ष्यको आन्तरिकीकरणः</u>**

आवश्यकता र औचित्य तीनै तहका सरकारहरूलाई संविधान र कानूनद्वारा कार्यजिम्मेवारी निर्धारण गरिएको छ। त्यसैले सन् २०३० को कार्यसूची राष्ट्रिय तहमा मात्र सरोकार राख्ने विषय होइन। सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछन्। प्रदेश र स्थानीय तहको समेत तत्परताबाट नै दिगो विकास लक्ष्य हासिल हुन सक्दछन्। त्यसैले दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्नुपर्ने कारणहरू निम्न छन्।

(क) सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरणः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनले सार्वजनिक सेवाका महत्वपूर्ण जिम्मेवारीहरू स्थानीय तहलाई प्रदान गरेको छ। यस्ता सेवाहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, खानेपानीको आपूर्ति र सरसफाइ र सामाजिक सेवा जस्ता सेवाहरू पर्दछन्। नागरिक सेवाका यी जिम्मेवारी दिगो विकास लक्ष्यका सूचकसँग सम्बन्धित रहेका छन्।

(ख) स्रोत साधनको विकेन्द्रीकरणः स्थानीय तहलाई संविधान प्रदत्त जिम्मेवारीको सम्पादनका लागि राजस्व संकलनको अधिकार प्राप्त छ। यसका अलावा वित्तीय हस्तान्तरणका माध्यमबाट संघ र प्रदेशबाट समेत स्थानीय तहले वित्तीय स्रोत प्राप्त गर्दछन्। आन्तरिक स्रोतका साथै वित्तीय हस्तान्तरण तथा अन्य स्रोतबाट प्राप्त वित्तीय स्रोत परिचालन गर्ने अधिकार स्थानीय तहलाई छ। यसले स्थानीय तहहरूलाई कार्यक्षेत्रका दिगो विकास लक्ष्य सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोत उपलब्ध भएका छन्। संविधानद्वारा प्रदत्त राजस्व तथा अन्य स्रोतको परिचालनको अधिकारले स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्नको लागि लगानी वृद्धि गर्न सहयोग पुग्दछ।

(ग) दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरणः विकासको उपलब्धिहरूको भौगोलिक रूपमा असमान अवस्थालाई दृष्टिगत गर्दा स्थानीय तहले आफ्नो परिवेश अनुसार दिगो विकास लक्ष्यको प्राथमिकीकरण गर्दै स्थानीयकरण गर्नु उपयुक्त हुन्छ।

(घ) स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व वृद्धिः स्थानीय तहमा साना तथा कम प्रतिफल प्राप्त हुने योजनामा समेत ठूलो स्रोतको विनियोजन हुने गरेको छ। यसबाट सार्वजनिक खर्चको उत्पादकत्व अपेक्षित रूपमा प्राप्त हुन सकेको छैन। दिगो विकास लक्ष्यको स्थानीयकरणले स्थानीय स्रोतलाई विकासका प्राथमिकतामा खर्च गर्न अभिप्रेरित गरी स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व बढाउँदै स्थानीय विकासको प्रयासलाई व्यवस्थित गर्नसमेत सहयोग पुग्नेछ।

(ङ) जनसहभागिताको प्रवर्द्धनः दिगो विकासका लक्ष्य हासिल गर्न घरपरिवारदेखि समुदायसम्मको योगदान महत्वपूर्ण रहन्छ। स्थानीय तह नागरिकको नजिकमा रही काम गर्ने संरचना भएकोले स्थानीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्दा स्थानीय जनताको सहभागिता तथा प्रभावकारी सेवा प्रवाहलाई सुनिश्चित गर्न सकिन्छ।

(च) समावेशिताको सुनिश्चितताः दिगो विकास लक्ष्यले विकासमा "कोही पनि पछाडि नछुटुन्" (Leave No One Behind) को मान्यता लिएको छ। विकास नतिजा समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। सबैलाई समान रूपले प्रतिफल सुनिश्चित गर्न लक्षित कार्यहरू गरिबी भएका पकेट क्षेत्रहरूमा सञ्चालन गरिनेछ। सूचना तथा अनुगमन सम्बन्धी अधिकार स्थानीय स्तरमा नै सुनिश्चित भएको अवस्थामा यो विकासको प्रक्रियामा कोही छुटे नछुटेको बारेमा राम्ररी अनुगमन गर्न सकिन्छ।

(छ) विभिन्न तहका सरकारका योजनाहरूबीच समन्वयः दिगो विकास लक्ष्य स्थानीयकरण गर्नु भनेको स्थानीय विकासको सन्दर्भमा यी लक्ष्यलाई जस्ताको तस्तै अवलम्बन गर्नु नभई तिनका सिद्धान्त र सारलाई आत्मसात् गरी स्थानीय वस्तुस्थिति र आवश्यकता अनुसार परिमार्जन गर्दै अवलम्बन गर्नु हो। नेपालको सन्दर्भमा, दिगो विकास लक्ष्यको आन्तरिकीकरणले १५ औं योजना र दिगो विकास लक्ष्यको मार्गचित्रमार्फत राष्ट्रिय विकासका प्राथमिकतालाई स्थानीय ढाँचामा रुपान्तरण गर्नु बुझाउँदछ। यो सहकारी संघीयताको महत्वपूर्ण पक्ष पनि हो। दिगो विकास लक्ष्यको स्थानीयकरणले राष्ट्रिय, प्रादेशिक र स्थानीय आवधिक योजनाबीच अन्तरसम्बन्ध कायम गराउन योगदान पुऱ्याउनेछ।

(ज) स्रोतको दोहोरोपनको न्यूनीकरणः स्रोतको कमी भएको हाम्रो जस्तो अल्प विकसित देशले उपलब्ध स्रोतलाई योजनाबद्ध रूपमा प्राथमिकीकरण गरी उपयोग गर्नु जरुरी हुन्छ। दिगो विकास लक्ष्यको स्थानीयकरणले स्रोत साधन विनियोजनमा तीन तहबीच दोहोरोपना हटाई स्थानीय आवश्यकता तथा स्थानीय छनौटमा आधारित दिगो विकास पद्धतिलाई सुदृढीकरण गर्नसमेत सहयोग प्रदान गर्दछ।

संविधानले निर्धारित परिधिभित्र रही आफ्नो क्षेत्राधिकारको प्रयोग गर्ने अधिकार समेत तहगत सरकारहरूलाई प्रदान गरेको छ। सो अनुसार स्थानीय तहले आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने

आवश्यक रहेकोले उनीहरूले आवधिक विकास योजना तर्जुमा गर्न थालेका छन्। स्थानीय तह पिच्छेको अवस्था र आवश्यकता फरक फरक हुने भएकाले प्रत्येक स्थानीय तहले राष्ट्रिय उद्देश्यसँग हुबहु मिल्ने गरी नै दिगो विकास लक्ष्य तोक्न सम्भव हुँदैन। सबै स्थानीय तहमा आवश्यक स्रोत र क्षमता उत्तिकै नहुन पनि सक्दछ। स्थानीय परिवेश, बिद्यमान अवस्था, स्रोतको उपलब्धता र सीमाले गर्दा स्थानीय तहका प्राथमिकता र लक्ष्य फरक हुन सक्दछन्। स्थानीय तहले दिगो विकास लक्ष्यको प्रत्येक लक्ष्य हासिल गर्न निर्धारित सूचकका आधारमा लक्ष्य निर्धारण गर्न सक्दछन्।

### ३.८ गाउँपालिकामा दिगो विकास लक्ष्य हासिल गर्ने प्रमुख अवयवहरू

दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहले सार्वजनिक व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणमा नतिजामा आधारित योजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ, जसमा देहायका कुराहरूमा ध्यान दिन आवश्यक हुन्छ।

(क) गाउँपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न नतिजामूलक योजना तर्जुमा गर्नुपर्दछ।

(ख) गाउँपालिकाले स्थानीय आवधिक योजनासँग तालमेल हुने गरी विस्तृत र नतिजामूलक वार्षिक योजना तथा बजेट तयार गर्नुपर्दछ।

(ग) वार्षिक बजेटमा समावेश गरेको चालु खर्चसमेत नतिजामा आधारित हुने गरी तयार पार्नुपर्दछ। सबै विषयगत क्षेत्रको चालु खर्चको समेत यथासम्भव सेवा प्रवाह तहसम्म खण्डीकृत बजेट तयार पार्नुपर्दछ।

(घ) वार्षिक योजना तयार गर्दा मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी तयार गर्नुपर्दछ।

(ङ) अनुगमन तथा मूल्याङ्कनलगायत योजना प्रक्रियाको हरेक चरणमा समावेशी, उत्तरदायी, पारदर्शी, जवाफदेही स्थानीय व्यवस्थापनको सुनिश्चितता गर्नुपर्दछ। यी विषय स्थानीय समुदायले विकासका आकांक्षाहरू दिगो रूपमा हासिल गर्ने एउटा अभिन्न अंग हुन्।

(च) गाउँपालिकाले सहकारिता, सहभागिता र साझेदारी अनुरूप प्रादेशिक तथा संघीय तह लगायत निजी क्षेत्र तथा समुदायसँग सहकार्य गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने अवस्थाको सुनिश्चितता गरिनेछ।

### **३.९ दिगो विकास लक्ष्यको कार्यान्वयन**

दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि गाउँपालिकाले निम्न विषयमा ध्यान दिनु पर्दछ ।

**(क) आवश्यकताको पहिचान**

गाउँपालिकाको एकिकृत गाउँ विकास योजनालाइ दिगो विकासमैत्री आवधिक योजना हुने गरी परिमार्जन गर्नु पर्नेछ । उक्त योजनामा गाउँपालिकाको समस्या, आबश्यकता पहिचान गरी सो

अनुरुप दिगो विकास लक्ष्य मध्ये कसमा जोड दिने भन्ने कुरा सर्बप्रथम निर्धारण गर्नुपर्दछ। यसै अनुरुप नीति तर्जुमा र आयोजना, कार्यक्रमहरु छनौट गरी कार्यान्वयन गरिनु पर्दछ।

**(ख) प्राथमिकताको पहिचान**

गाउँपालिकाले दिगो विकासमैत्री आवधिक योजना बनाउँदा सर्वप्रथम आफ्ना प्राथमिकताको पहिचान गर्नुपर्दछ। यस्तो प्राथमिकता स्थानीय अवस्थामा आधारित तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा समेत परेको हुनु उपयुक्त हुन्छ। दिगो विकासको प्राथमिकता निर्धारण गर्दा वित्तीय पक्ष, संस्थागत क्षमता, तथ्यपरक सूचना, जोखिमका पक्ष लगायतलाई समेत ध्यान दिनु आवश्यक हुन्छ।

**(ग) नीतिगत औजारको अवलम्बन**

दिगो विकासको मुख्य लक्ष्य र परिमाणात्मक लक्ष्यलाई पहिचान र प्राथमिकीकरण गरेपछि यससम्बन्धी आवश्यक नीति, कानून तथा कार्यविधि निर्माण गर्नुपर्दछ। गाउँपालिकामा रहेका निजी क्षेत्र, सहकारी, गैरसकारी संस्था, सामुदायिक संस्थासँग विकास साझेदारीका निमित्त के कस्ता प्रोत्साहनको व्यवस्था आवश्यक पर्दछ सो को गहिरो विश्लेषण गर्नु आवश्यक छ। गाउँपालिकामा क्रियाशील राजनीतिक दलका बीच विकासका विषयमा आमसहमति आवश्यक छ। गाउँपालिकामा काम गर्ने गैरसरकारी संस्था र अन्य साझेदारहरूलाई प्राथमिकतामा डोऱ्याउनेतर्फ पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ। दिगो विकास लक्ष्यका बारेमा नवीन ढंगले प्रचार प्रसार गर्ने कार्यमा स्थानीय सञ्चार माध्यमको निरन्तर सहयोग आवश्यक पर्दछ।

**(घ) स्रोत साधनको परिचालन**

दिगो विकास लक्ष्य हासिल गर्न ठूलो लगानीको आवश्यकता पर्दछ। यसकारण स्रोत साधनको दायरा विस्तार गर्नका साथै सम्भाव्य स्रोतका क्षेत्रको पहिचान, आकर्षण र उपयुक्त वातावरण बनाउनु जरुरी हुन्छ। संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण गाउँपालिकाका लागि मुख्य स्रोतका रूपमा रहेको छ। दिगो विकासका लागि नयाँ स्रोत स्थानीयस्तरमा समेत पहिचान गर्नुपर्दछ। गाउँपालिकाले आफ्ना स्रोतका अतिरिक्त निजी, गै.स.स., सहकारी, समुदाय र घरपरिवारको स्रोतसमेत आकर्षण गर्ने गरी नीति र कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ। गाउँपालिकाले सञ्चालन गर्ने सवै विकास कार्यक्रमलाई एकैपटक लगानी आवश्यक नपर्न सक्छ। कुनै आयोजनालाई प्रारम्भमा, कुनै आयोजनालाई वीचका बर्षहरूमा र कुनैलाई कार्यान्वयनको उत्तरार्धमा अधिक लगानी आवश्यक हुन्छ।यसको पहिचान गरी स्रोतको व्यवस्था गर्नु पर्ने हुन्छ। यसैले स्रोतको रणनीतिक प्राथमिकता निर्धारण गरिनेछ। गाउँपालिकाले आवधिक योजना बनाउँदा संविधान र स्थानीय तह सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका विकास तथा सेवा प्रवाहका विषयलाई सँगैसँगै लैजाने गरी संयन्त्र निर्माण तथा स्रोत साधन विनियोजनमा ध्यान पुऱ्याउनु पर्ने

हुन्छ। यसैगरी सम्भव भएको ठाउँमा समुदाय, निजी क्षेत्र तथा सहकारी क्षेत्रबाट समेत लगानी एवम् सहयोगको परिचालन गर्नु आवश्यक हुन्छ।

**(ङ) संस्थागत व्यवस्था**

दिगो विकास लक्ष्य प्राप्तिमा संस्थागत क्षमता विकास गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ। उपयुक्त संरचना, क्षमतायुक्त र प्रविधिमैत्री कर्मचारी, सुव्यवस्थित तथ्याङ्क प्रणाली, निर्वाचित जनप्रतिनिधिहरूको नागरिकप्रतिको उत्तरदायित्व र सुशासनजस्ता पक्ष अत्यन्त महत्वपूर्ण हुन्छन्। दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु भनेको लक्ष्य हासिल गर्ने जिम्मेवारी गाउँपालिकाको काँधमा थोपर्ने नभई ती लक्ष्य प्राप्तिमा संघीय तथा प्रादेशिक सरकारहरूसँग समन्वय तथा सहकार्य गर्ने वातावरण बनाउनु समेत हो। सो अनुसार समन्वय, सहकार्य र साझेदारी समेत आवश्यक पर्दछ।

## ३.१० दिगो विकास लक्ष्य र पालिकाको काम, कर्तव्य र अधिकार बीच अन्तरसम्बन्ध

दिगो विकास लक्ष्य र पालिकाको काम, कर्तव्य र अधिकार बीच अन्तरसम्बन्ध देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कार्यक्षेत्र | **पालिकाको काम, कर्तव्य र अधिकार** | प्राप्त हुने दिगो विकासको लक्ष्य (प्रत्यक्ष तथा अप्रत्यक्ष) |
|---|---|---|---|
| १. | नगर प्रहरी | (१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन, तथा देहायका विषयका नगर प्रहरीको परिचालन गर्ने,<br>(२) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,<br>(३) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,<br>(४) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,<br>(५) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन, | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

| | | | |
|---|---|---|---|
| | | (६) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,<br>(७) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,<br>(८) सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा, तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,<br>(९) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,<br>(१०) अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,<br>(११) छाडा पशु चौपायाको नियन्त्रण,<br>(१२) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,<br>(१३) कार्यपालिकाले तोकेको अन्य कार्य। | |
| | **सहकारी संस्था** | (१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,<br>(२) सम्बन्धित पालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,<br>(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,<br>(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,<br>(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,<br>(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,<br>(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र | लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | विकास। | |
| | एफ.एम. सञ्चालन | (१) एक सय बाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमान र खारेजी,<br>(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | स्थानीय कर, सेवा शुल्क तथा दस्तुर | (१) स्थानीय कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,<br>(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,<br>(३) ट्रे नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,<br>(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,<br>(५) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन,<br>(६) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,<br>(७) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,<br>(८) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br>(९) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br>(१०) मालपोत सङ्कलन,<br>(११) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | **स्थानीय सेवाको व्यवस्थापन** | (१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,<br>(२) संविधानको धारा ३०२ को उपधारा (२) | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

| | | | |
|---|---|---|---|
| | | बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,<br>(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,<br>(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,<br>(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,<br>(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,<br>(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य। | |
| | **स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन** | (१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,<br>(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,<br>(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,<br>(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | **स्थानीय स्तरका विकास आयोजना तथा परियोजना** | (१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,<br>(२) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,<br>(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव | लक्ष्य ७ः धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ः उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय |

| | | | |
|---|---|---|---|
| | | मूल्याङ्कन,<br>(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यबस्थापन,<br>(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,<br>(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,<br>(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,<br>(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,<br>(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,<br>(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको (घ) वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,<br>(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,<br>(१२) नवीन पर्यटकिय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन, | |

| | | | |
|---|---|---|---|
| | | (१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य। | |
| | **आधारभूत र माध्यमिक शिक्षा** | (१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,<br>(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,<br>(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,<br>(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,<br>(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,<br>(६) गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,<br>(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,<br>(८) विद्यालयको नामाकरण,<br>(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,<br>(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,<br>(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,<br>(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, | लक्ष्य ४: गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५: लैङ्गिक समानता,<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | समायोजन तथा नियमन<br>(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,<br>(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,<br>(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,<br>(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,<br>(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,<br>(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,<br>(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,<br>(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,<br>(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,<br>(२२) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता विकास,<br>(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन। | |
| | **आधारभूत स्वास्थ्य र सरसफाई** | (१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन, | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम |

| | | | |
|---|---|---|---|
| | | (३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,<br>(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,<br>(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,<br>(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,<br>(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,<br>(८) रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,<br>(९) औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,<br>(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी<br>(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन<br>(१२)महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन। | तथा आर्थिक बृद्धि |
| | **स्थानीय बजार व्यवस्थाप, वातावरण** | (१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, | लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य १५: जमिनमाथिको जीवन |

| | | | |
|---|---|---|---|
| | **संरक्षण र जैविक विविधता** | (२) बजार तथा हाट बजार व्यवस्थापन,<br>(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,<br>(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,<br>(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,<br>(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,<br>(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,<br>(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,<br>(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,<br>(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,<br>(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,<br>(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन<br>(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,<br>(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र | लक्ष्य ११: दिगो सहर तथा समुदाय<br>लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,<br>(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,<br>(१६) स्थानीयस्तरमा नयून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,<br>(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,<br>(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,<br>(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य। | |
| | **स्थानीय सडक, ग्रामीण सडक कृषि सडक र सिँचाइ** | (१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,<br>(३) स्थानीयस्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,<br>(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,<br>(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य। | लक्ष्य ७ः धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ः उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय<br>लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी |
| | **गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन** | (१) गाउँसभा सम्बन्धी नीति, कानून र कार्यविधि,<br>(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

| | | | |
|---|---|---|---|
| | | (३) सभाका समितिहरूको गठन र सञ्चालन,<br>(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,<br>(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवस्यक निर्देशन,<br>(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,<br>(७) गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,<br>(८) स्थानीय मेलपिलाप र मध्यस्थता,<br>(९) सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य। | |
| | **स्थानीय अभिलेख व्यवस्थापन** | (१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,<br>(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,<br>(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

| | | | |
|---|---|---|---|
| | | अद्यावधिक अभिलेख,<br>(५) क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,<br>(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,<br>(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य। | |
| | **जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण** | (१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,<br>(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,<br>(३) भूमिको वर्गीकरण अनुसारको लगत,<br>(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,<br>(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,<br>(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य। | लक्ष्य ११: दिगो सहर तथा समुदाय<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार, |
| | **कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य,** | (१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन, | लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | (३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,<br>(४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,<br>(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,<br>(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,<br>(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,<br>(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,<br>(९) पशु आहारको गुणस्तर नियमन,<br>(१०) स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,<br>(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,<br>(१२) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,<br>(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य। | |
| | **जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन** | (१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,<br>(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,<br>(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,<br>(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता | लक्ष्य १०: असमानतामा कमी<br>लक्ष्य ५: लैङ्गिक समानता,<br>लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन, |

| | | | |
|---|---|---|---|
| | | पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,<br>(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,<br>(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य | |
| | **बेरोजगारको तथ्याङ्क सङ्कलन** | (१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,<br>(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,<br>(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,<br>(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,<br>(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,<br>(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन<br>(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,<br>(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,<br>(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य। | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |
| | **कृषि** | (१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, | लक्ष्य १ः गरीबीको अन्त्य |

| | | | |
|---|---|---|---|
| | **प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण** | मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन<br>(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,<br>(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,<br>(४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,<br>(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,<br>(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,<br>(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,<br>(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,<br>(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,<br>(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य। | लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि |
| | **खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा** | (१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,<br>(३) एक मेगाबाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन | लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य १५: जमिनमाथिको जीवन<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |

| | | | |
|---|---|---|---|
| | | नियमन,<br>(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,<br>(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,<br>(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य। | |
| | **विपद् व्यवस्थापन** | (१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,<br>(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,<br>(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,<br>(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,<br>(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,<br>(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>(८) विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,<br>(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क | लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय<br>लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन र अध्ययन अनुसन्धान,<br>(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,<br>(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,<br>(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य। | |
| | **जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण** | (१)जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,<br>(२)पानी मुहानको संरक्षण,<br>(३)सामुदायिक भू(संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम,<br>(४)भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,<br>(५)खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,<br>(६)बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,<br>(७)ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,<br>(८)भौगर्भिक नक्सा प्रकाशन। | लक्ष्य १२ः दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३ः जलवायु कार्य<br>लक्ष्य १५ः जमिनमाथिको जीवन<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय |
| | **भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास** | (१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,<br>(३) परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र | लक्ष्य १०ः असमानतामा कमी ,<br>लक्ष्य ४ः गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५ः लैङ्गिक समानता, |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन,<br>(४) भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य,<br>(५) प्रचलित कानून बिरुद्धका कुरिती तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन कार्य | |
| | **खेलकुद र पत्रपत्रिका** | १) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,<br>२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,<br>३) खेलकुदको विकास र प्रवर्द्धन,<br>४) खेलकुद प्रतियोगीता आयोजना र सहभागीता,<br>५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,<br>६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी<br>लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि |
| | **स्वास्थ्य** | १) सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,<br>२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,<br>३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,<br>४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,<br>५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,<br>६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण, | लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | ७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,<br>८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,<br>९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),<br>१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन<br>११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,<br>१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,<br>१३) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,<br>१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,<br>१५) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,<br>१६) रोगको नियन्त्रण तथा रोकथाम,<br>१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन। | |
| | **विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू** | १) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन<br>२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,<br>३) स्थानीय साना सतह तथा भूमिगत सिञ्चाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निधारण र सङ्कलन सम्बन्धी | लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ६ः स्वच्छ खानेपानी तथा सरसफाइ<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य १०ः असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन। | लक्ष्य ७ः धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ः उद्योग, नवीन खोज तथा पूर्वाधार, |
| | **सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क** | (१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,<br>(२) प्राकृतिक श्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,<br>(३) खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,<br>(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,<br>(५) पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | **वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता** | (१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,<br>(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,<br>(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन, | लक्ष्य १२ः दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३ः जलवायु कार्य<br>लक्ष्य १५ः जमिनमाथिको जीवन<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय |

| | | | |
|---|---|---|---|
| | | (५) स्थानीयस्तरमा निजी वनको प्रबर्द्धन, अनुगमन र नियमन,<br>(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,<br>(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,<br>(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रबर्द्धन,<br>(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,<br>(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,<br>(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,<br>(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,<br>(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,<br>(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,<br>(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,<br>(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,<br>(१७) मिचाहा प्रजातिको नियन्त्रण,<br>(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण, | |

| | | | |
|---|---|---|---|
| | | (१९) जैविक विविधताको अभिलेखाङ्कन,<br>(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,<br>(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,<br>(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,<br>(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,<br>(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,<br>(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,<br>(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन। | |
| | **सामाजिक सुरक्षा र गरिबी निवारण** | (१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,<br>(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,<br>(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,<br>(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,<br>(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,<br>(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन। | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |
| | **व्यक्तिगत** | (१) व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण |

| | | | |
|---|---|---|---|
| | **घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क** | बसाइ(सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,<br>(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन। | तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | | **स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण** | लक्ष्य ११ः दिगो सहर तथा समुदाय |
| | **सुकुम्बासी व्यवस्थापन** | (१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,<br>(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन। | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य १०ः असमानतामा कमी |
| | **प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी** | (१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,<br>(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँड। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |
| | **सवारी साधन अनुमति** | (१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,<br>(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था |
| | **संघ, संस्था दर्ता तथा नवीकरण** | (१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

| | | | |
|---|---|---|---|
| | | नवीकरण | |
| | **भूमि व्यवस्थापन** | (१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,<br>(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,<br>(३) स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन। | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य १२ः दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय |
| | **सञ्चार सेवा** | (१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,<br>(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने। | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था |
| | **यातायात सेवा** | (१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br>(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य। | लक्ष्य ११ः दिगो सहर तथा समुदाय स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ः उद्योग, नवीन खोज तथा पूर्वाधार, |
| | **लघु, घरेलु र साना उद्योग** | (१) लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,<br>(२) उद्यमशिलताको विकास र प्रवर्द्धन | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि |

| | | | |
|---|---|---|---|
| | | | |
| | **<u>वडा समितिको काम, कर्तव्य र अधिकार</u>** | **वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन,**<br>(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,<br>(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,<br>(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने, | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था |
| | | **तथ्याङ्क अद्यावधिक तथा संरक्षण**<br>(१) निजी घर तथा घर परिवारको लगत राख्ने,<br>(२) ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,<br>(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था |

| | | | |
|---|---|---|---|
| | | घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने, | |
| | **विकास कार्य** | (१) बाल उद्यानको व्यवस्था गर्ने,<br>(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,<br>(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,<br>(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,<br>(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,<br>(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,<br>(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,<br>(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,<br>(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,<br>(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,<br>(११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको | लक्ष्य १ः गरीबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी<br>लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४ः गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५ः लैङ्गिक समानता,<br>लक्ष्य ६ः स्वच्छ खानेपानी तथा सरसफाइ<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |

| | | | |
|---|---|---|---|
| | | सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,<br>(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,<br>(१३) कृषि बीउ विजन, मल तथा औषधीको माग सङ्कलन गर्ने,<br>(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,<br>(१५) पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,<br>(१६) वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने<br>(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,<br>(१८) स्थानीय मौलिकता झल्किने साँस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,<br>(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,<br>(२०) अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,<br>(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,<br>(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,<br>(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,<br>(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा | |

| | | | |
|---|---|---|---|
| | | सम्भाव्यता पहिचान गर्ने,<br>(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,<br>(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,<br>(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,<br>(२९) वडालाई बालमैत्री बनाउने,<br>(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,<br>(३१) विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,<br>(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,<br>(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित पालिकामा प्रतिवेदन सहित रकम बुझाउने, | |

| | | | |
|---|---|---|---|
| | | (३४) असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,<br>(३५) असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,<br>(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,<br>(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,<br>(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,<br>(३९) वडालाई वातावरणमैत्री बनाउने,<br>(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,<br>(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रबर्द्धन गर्ने। | |
| | **नियमन कार्य** | (१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,<br>(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,<br>(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,<br>(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको | लक्ष्य १६: शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि |

| | | | |
|---|---|---|---|
| | | प्रबर्द्धन गरी लगत राख्ने,<br>(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,<br>(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने। | |
| | | | |

परिच्छेद -४

# दिगो विकास लक्ष्य अनुकूलको गाउँपालिकाको कार्यपद्धति

## १. आवधिक योजना तर्जुमा

### (क) पृष्ठभूमि

संघीयतालाई विकेन्द्रीकरणको उच्चतम स्वरूपको रूपमा लिने गरिन्छ। संविधान बमोजिम पालिकाले अधिकार क्षेत्र अनुरूप विकासको लक्ष्य र प्राथमिकता निर्धारण गर्न सक्दछन्। स्थानीय जनताको आकांक्षा तथा प्राथमिकता प्रतिविम्बित हुने गरी स्थानीय तहमा सहभागितात्मक योजना तर्जुमाबाट विकासका लक्ष्य र उद्देश्य निर्धारण गर्नुपर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले कार्यक्षेत्रभित्र रही आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। सहभागितामूलक रूपमा तयार पारिएको आवधिक योजना गाउँपालिकाको विकास रणनीतिको महत्वपूर्ण आधार हुन सक्दछ। गाउँपालिकाकले परिवेशअनुसार दिगो विकास लक्ष्यलाई अंगीकार गरी आवधिक योजनाको प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याउनु पर्दछ।


गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनलाई अवलम्बन गर्दा बढि प्रभावकारी हुन्छ। आवधिक योजनाले निश्चित अवधिको विकासको मार्गचित्र प्रस्तुत गर्दछ भने मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोंच, समष्टिगत लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यअनुसारका कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत साधनको खाका तयार गर्दछ। वार्षिक योजनाले मध्यमकालीन खर्च संरचना अनुसार स्रोत विनियोजन गरी कार्यान्वयनमा लैजाने कार्य गर्दछ। यसैले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक योजना तथा बजेटबीच सघन अन्तरसम्बन्ध हुनुपर्दछ।

### (ख) नतिजामूलक योजना

गाउँपालिकासँग अधिकारक्षेत्रका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने जिम्मेवारी र दायित्व रहेको छ। दिगो विकास लक्ष्य हासिल गर्न योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियाहरूका सबै तहमा सार्थक सहभागिता सुनिश्चित हुनुपर्दछ। प्रभावकारी सेवा प्रवाह तथा दिगो विकास लक्ष्यका उपलब्धिहरू सुनिश्चित गर्न पुँजीगत लगानी, सेवा प्रवाहसम्बन्धी चालु खर्च (सञ्चालन तथा मर्मत खर्च) सँग पनि उचित संयोजन हुनुपर्दछ।

नेपालले अवलम्बन गरेको सहकारितामा आधारित संघीयतामा संघ, प्रदेश र स्थानीय तहका योजनाका बीचमा सघन अन्तरसम्बन्ध र समन्वय हुने गरी गाउँपालिकाको आवधिक योजना निर्माण गरिनेछ। यसका निमित्त संघीय सरकारको योजना तर्जुमा प्रकृयामा प्रदेश र स्थानीय तहको, प्रदेशको योजना तर्जुमामा स्थानीय तहका सरकारहरूको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ भने अर्कोतर्फ राष्ट्रिय योजना, प्रदेशका योजना र स्थानीय तहका योजनाहरूबीच सामान्जस्यता आवश्यक हुन्छ। यसो हुन सकेमा मात्र तहगत योजनाका बीच अन्तरसम्बन्ध मजबुत भई स्रोत साधनको कुशल विनियोजन तथा नतिजामा आधारित वित्तीय हस्तान्तरण गर्नमा समेत सहयोग पुग्दछ।

**नतिजामुखी स्थानीय योजना, बजेट र कार्यान्वयन चक्र**




उल्लेखित चित्र बमोजिम दिगो विकास लक्ष्य अनुरूप पालिकाको नतिजामुखी योजना तर्जुमा, बजेट, कार्यान्वयन तथा अनुगमन एवम् मूल्याङ्कन चक्र रहनेछ। सार्वजनिक क्षेत्रको परिणाममुखी व्यवस्थापन चक्रको पहिलो कदमको रूपमा गाउँपालिकाले नतिजामुखी योजना तर्जुमा प्रक्रियाअनुसार दीर्घकालीन अवधिको आवधिक विकास योजना तर्जुमा गर्नेछ। राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) ले समेत यसै कुरालाई जोड दिएको छ। स्थानीय विकासका सेवा प्रवाहसम्बन्धी उद्देश्य, लक्ष्यहरू निर्धारण गर्दा संविधान प्रदत्त अधिकारको सूची र प्राप्त कार्यक्षेत्र बीच तादात्म्यता भए नभएको समेत विचार गरिनेछ।

दिगो विकास लक्ष्यको नतिजा प्राप्त गर्न गाउँपालिकामा बन्ने प्रत्येक योजनाहरूले स्थानीय पुँजीगत संरचना वा विकास खर्चको लक्ष्य तथा प्राथमिकता मात्र विचार गरेर पुग्दैन। योजना तर्जुमा गर्दा कार्यान्वयन संयन्त्र वा जनशक्ति (तलब तथा ज्यालामा हुने खर्च) का साथै आवश्यक मात्रामा सञ्चालन तथा मर्मत सम्भार (निरन्तर रूपले स्थानीय सेवाहरू पुऱ्याउन आवश्यक सामग्रीको समेत व्यवस्था गर्नुपर्दछ। यसका साथै गाउँपालिकाले विकासको उद्देश्य हासिल गर्न निजी क्षेत्र, सहकारी क्षेत्र तथा स्थानीय समुदायसँग पनि सहकार्य अघि बढाउनेछ।

स्थानीय तहको योजना प्रक्रियाको सुन्दर पक्ष भनेको संघ, प्रदेश र समुदायबीच सूचनाको संयोजन हुनु हो। स्थानीय योजना तथा बजेट तर्जुमा गर्दा प्रदेश तथा संघीय निकाय र समुदायबाट गरी दुईतर्फबाट प्राप्त हुने सूचनाहरूको कुशल व्यवस्थापन गरिनेछ। संघीय निकायबाट राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, बजेटको सीमा, मार्गदर्शन कार्यक्रम कार्यान्वयनको खाका आदि प्राप्त भएको पश्चात समुदाय तहबाट सहभागितामूलक प्रणालीमा स्थानीय समुदायका माग र आवश्यकताको सूचना प्राप्त गरिनेछ।
दिगो विकासको प्राथमिकता तथा लक्ष्य अनुसार परीणाममुखी तथा प्रभावकारी नतिजामा आधारित सार्बजनिक क्षेत्रको व्यवस्थापन गर्नु जरूरी हुन्छ। प्राप्त विकासका परिणामहरूको प्रगति, अनुगमन तथा मुल्यांकन पनि गाउँपालिकाले नै गर्नुपर्ने र यसबाट प्राप्त पृष्ठपोषणलाई अन्य योजना तथा कार्यान्वयन प्रकृयामा समायोजन गर्दै लगिनेछ।

**(ग) <u>आवधिक योजना तर्जुमाः</u>**

विद्यमान अभ्यास, स्थानीय आकांक्षा र यथार्थता संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनबाट प्राप्त संवैधानिक तथा कानूनी दायित्व र जिम्मेवारीअनुसार गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्नेछ। दिगो विकास लक्ष्य मुलुककै प्रतिबद्धता हो। यसको कार्यान्वयन गर्नु तीनै तहका सरकारको जिम्मेवारी हो।
आवधिक योजना तर्जुमाको चरणमा नै दिगो विकास लक्ष्यलाई अवस्था र आवश्यकता अनुसार स्थानीय विकासका लक्ष्यमा समावेश गरिनेछ। यसैगरी दिगो विकास लक्ष्यलाई विद्यमान स्थानीय आवधिक योजनाको मध्यावधि मूल्याङ्कनमा समेत समावेश गरिनेछ। गाउँपालिकाले आवधिक योजनाको तयारी गर्दा समुदायको योगदानको पक्षमा विशेष ध्यान दिनेछ। जस्ले गर्दा आयोजनाको इच्छा वा चाहनाको लामो सूचीभन्दा कार्यान्वयन योग्य र स्थानीय सहभागिता हुने खालका आयोजनाको पहिचान गर्न सहयोग पुग्नेछ।

गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा नै समुदायको सहभागिता तथा तिनका योगदानलाई निम्नअनुसार व्यवस्थित गरिनेछ।

(१) समुदायले आवधिक योजनामा गरेका मागअनुसारको उदाहरणीय विकास आयोजना तथा पूर्वाधार कार्यक्रमहरूलाई आवधिक योजनामा संलग्न गराइनेछ। यसक्रममा स्थानीय सेवा सुविधा प्रवाह सञ्चालन तथा मर्मत सम्भार जस्ता प्राथमिकताका कार्यमा समुदायको योगदान र सहभागिताबारे स्पष्ट पारिनेछ।

(२) सहभागितात्मक योजना तर्जुमाका सहजकर्ताले समुदायबाट आएका प्रस्तावित आयोजनाहरू, पूर्वाधार योजना तथा सेवा प्रवाहका प्राथमिकताका बिषयलाई कार्य प्रकृति अनुसार पाँच विषयक्षेत्र आधारमा वर्गीकरण गर्नु लगाइनेछ। यसक्रममा प्रस्तावित योजनाका मागलाई गाउँपालिकाको कार्य दायरामा पर्ने दिगो विकासका लक्ष्य सूचकसँग तादात्म्यता गरिनेछ। आवधिक योजना तर्जुमाको क्रममा समुदायबाट प्राथमिकतासहित प्राप्त हुन आएका दीर्घकालीन विकास आयोजना तथा सेवा प्रवाहसम्बन्धी कार्यलाई आवधिक योजना अवधिमा प्राप्त हुन सक्ने मोटामोटी स्रोत प्रक्षेपणका आधारमा कुन हदसम्म योजनामा समावेश गर्न सकिन्छ भन्नेबारे समुदायलाई जानकारी गराइनेछ। शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइ, लैङ्गिक तथा समावेशी विकास आदि सामाजिक विकास क्षेत्रका मानव विकास सूचकसँग जोडिएका महत्वपूर्ण विषय क्षेत्रको अवस्थाबारेमा समेत समुदायलाई विशेष जानकारी गराउने व्यवस्था गरिनेछ। सहभागितात्मक योजना तर्जुमा प्रक्रियामार्फत समुदायको आकांक्षा व्यवस्थापन गर्नु तथा विकासका लक्ष्य हासिल गर्नु लामो प्रक्रिया हो भन्नेबारे समुदायलाई राम्रोसँग बुझाउन प्रयास गरिनेछ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिलाई स्रोत परिचालन गर्न लगाई समुदायवाट बढी प्राथमिकता पाएका योजना छनौट गर्न प्रथामिकता दिइनेछ। यसरी योजना छनौट गर्दा दीर्घकालीन विकासमा प्रभाव पार्ने विषयगत क्षेत्रहरूमा गरिने लगानीसँग सन्तुलन कायम गरिनेछ।जनप्रतिनिधिहरूले सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा सहभागी समुदायलाई उनीहरूका प्राथमिकतालाई गाउँपालिकाले गम्भीरतापूर्वक विचार गर्ने कुरामा विश्वास दिलाउन लगाइनेछ।यसका साथै दिगो विकास लक्ष्य हासिल गर्न तथा विभिन्न मागहरूबीच सन्तुलन गर्नुपर्नेबारे समेत समुदायलाई अभिमुखिकरण गरिनेछ।

**(घ) <u>दिगो विकास लक्ष्यमैत्री योजना तर्जुमामा देहायका सिद्धान्त</u>**

गाउँपालिकाले सहभागितात्मक प्रक्रिया अपनाई विषयगत, नतिजामूलक, तथा यथार्थपरक आवधिक योजना तर्जुमा गरी दिगो विकास लक्ष्य निर्धारण गर्नेछ। दिगो विकास लक्ष्यमैत्री योजना तर्जुमामा देहायका सिद्धान्तहरूको अवलम्बन गरिनेछ।

(१) <u>गाउँ आवधिक योजना विषयगत क्षेत्रका आधारमा तर्जुमा</u>

योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरूले विभिन्न प्रकारका हित तथा स्वार्थ समूहहरूको सामना गर्नुपर्दछ। गाउँपालिकाले खासगरी स–साना धेरै संख्याका सामुदायिक योजना, सडक, भवन आदि जस्ता देख्न सकिने विकास कार्य र पहुँचवाला सीमित समुदायलाई लाभ पुग्ने आयोजनामा लगानीका लागि चर्को दबाबको सामना गरिनेछ। यसले एकातिर स–साना आयोजनामा स्रोतसाधनको ठूलो हिस्सा विनियोजन हुन पुग्दछ भने अर्कोतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि सेवाजस्ता महत्वपूर्ण कार्यहरूका लागि पालिकाले स्रोत परिचालन गर्न बाधा उत्पन्न गर्दछ। स्थानीय आयोजना तर्जुमा गर्दा विकासको अव्यवस्थित पूर्वाधार निर्माण र अति साना तथा इच्छा सूचीका आयोजनामा लगानी केन्द्रित नगरी विषयगत महत्व र प्राथमिकताका आधारमा हरेक क्षेत्रलाई समेटी तयार गरिनेछ। नेपालको संविधानको अनुसूची–८ ले निर्धारण गरेको पालिकाको अधिकारको सूची र अनुसूची–९ ले निर्धारण गरेको साझा अधिकारका कार्यक्षेत्र समेटिने गरी आवधिक योजना तयार हुनेछ। साथै अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्थामा ध्यान दिई कार्यक्रम र आयोजनाको वर्गीकरण गरी योजना बनाइनेछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा निर्धारित विषय–क्षेत्रभित्र रहेर योजना कार्यक्रम तयार हुनेछ।

(२) <u>गाउँपालिकाको आवधिक योजना नतिजामुखी हुने</u>

विकासमा गरिने लगानीलाई परिणाम तथा उपलब्धिसँग जोड्न सकेमात्र नतिजा प्राप्त गर्न सकिन्छ। दिगो विकास कार्यसूची २०३० बमोजिम गाउँपालिकाले विषयगत उपलब्धि हासिल गर्न नतिजामा आधारित लक्ष्य तथा उद्देश्य निर्धारण गर्नेछ। यस्ता विषयगत उपलब्धि भन्नाले गरिएको लगानीले कति वटा विद्यालय भवन वा कक्षाकोठा निर्माण भयो भन्नुभन्दा परिणाम के प्राप्त भयो, स्थानीय जनताको शिक्षा हासिल गर्ने अभिलाषामा के के नतिजा प्राप्त भयो, स्थानीय विद्यालयमा भर्ना हुने उमेरका विद्यार्थीमध्ये कति जनाले गुणस्तरीय शिक्षा हासिल गरे जस्ता असर वा प्रभावका विषयलाई ध्यान दिइनेछ। समग्रमा संख्यात्मक सूचकका साथै गुणात्मक प्रगति देखिने सूचकहरूमा समेत ख्याल गरिनेछ।

<u>(३) गाउँपालिकाको आवधिक योजना यथार्थपरक हुने</u>

गाउँपालिकाको चाहना सन् २०३० सम्ममा शतप्रतिशत स्थानीय बासिन्दालाई उच्चस्तरीय निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने, मातृमृत्यु दर उल्लेख्य रूपमा घटाउने, प्राथमिक तथा माध्यमिक विद्यालय भर्नादर शत प्रतिशत पुऱ्याउने, सबै बालबालिकाका लागि आधा घण्टाको पैदल दूरीमा विद्यालयको पहुंच पुऱ्याउने, सबै घरधुरीमा शुद्ध खानेपानी तथा ढल निकासको सेवा उपलब्ध गराउनु नै हो। गाउँपालिकाले योजना अवधिमा उपलब्ध हुन सक्ने स्रोत साधनले थेग्न सक्छ

सक्दैन भन्ने लेखाजोखा गरी विकासका उद्देश्यलाई प्राथमिकीकरण गरी यथार्थपरक तथा वस्तुगत बनाउन ध्यान दिइनेछ।

### (ङ) आवधिक योजना तर्जुमामा अवलम्बन गर्ने पद्धति

गाउँपालिकाको विकासका आकांक्षा व्यवस्थित र योजनाबद्ध खाकामा तयार गरी विकास प्रयासहरूलाई दिशाबोध गर्न आवधिक योजना एउटा महत्वपूर्ण कदम हो। यसको उपयुक्त प्रक्रिया र संरचनागत व्यवस्थाका लागि योजना तर्जुमा समन्वय गर्न एक निर्देशक समिति र पाँच वटा विषयगत समितिहरू (आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) खडा गरिनेछ। दिगो विकास लक्ष्य अनुरूप गाउँपालिकाका योजना तथा कार्यक्रम समेटी एउटा राम्रो गाउँ आवधिक योजना तर्जुमा गर्दा निम्न विषयमा अवलम्बा गरनेछः

(१) **सहभागितामूलक तवरले विकासका प्राथमिकताको पहिचान**

आवधिक योजना निर्माणमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरिनेछ। यसक्रममा विकासका प्राथमिकताहरू वडा तहदेखि (टोल बस्ती हुँदै) सहभागितात्मक प्रक्रिया अपनाई पहिचान गरिनेछ। स्थानीय सरोकारवालाहरूसँग विस्तृत छलफलबाट तर्जुमा भएको आवधिक योजनामा मात्रै गाउँपालिकाको स्वामित्व रहनछ।

(२) **कार्यान्वयन शाखा/एकाईगत विकासका लक्ष्य तथा उद्देश्यको निर्धारण**

आवधिक योजना तर्जुमाको क्रममा प्रत्येक कार्यक्रममा उपलब्ध प्रक्षेपित स्रोतका आधारमा गाउँपालिकाका विभिन्न कार्यक्रम तथा शाखाहरूका लागि यथार्थपरक विकासका लक्ष्य तथा उद्देश्य निर्धारण गरिनेछ। आवधिक योजना तयारीको क्रममा प्रारम्भिक बजेट प्रक्षेपण तयार देखि पाँचवटा विषयगत समितिहरुलाई (आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) हरेक समितिसँग सम्बन्धित उपक्षेत्रअनुसार विषयगत उद्देश्य तथा लक्ष्य तोक्ने कार्यमा लगाइनेछ। साथै दीर्घकालीन विषयगत लक्ष्य, उद्देश्य तथा सूचक पनि तोकिनेछ। यस कार्यको लागि विषयगत समितिहरूले सम्भव भएसम्म दिगो विकास लक्ष्यसमेतलाई मध्यनजर गरी लक्ष्य तथा सूचकहरू निर्धारण गर्न लगाइनेछ। दिगो विकास लक्ष्यका गाउँपालिकाका लक्ष्य र सूचकहरू अनुसूचीमा राखिएको छ। प्रत्येक विषयगत क्षेत्रको प्रमुख लक्ष्य, उद्देश्य तथा सूचक छनौट गर्दा गाउँपालिकाले आफ्ना क्षेत्रका महत्वपूर्ण मुद्दाहरू सम्बोधन हुने गरी गर्नेछ।

**गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका अवलम्बन गरिने चरणहरू**

१. तयारी बैठक
२. बस्तुगत विवरण तयारीका लागि तथ्यांक र सूचना संकलन
३. स्थानीय तहको बस्तुस्थिति विवरण विश्लेषण र लेखन
४. बिषय क्षेत्रगत समिति गठन र कार्य प्रारम्भ
५. बिषय क्षेत्रगत आवधिक योजना तर्जुमा
६. बिस्तृत एकीकृत योजना तयारी
७. योजना तर्जुमा कार्यशाला गोष्ठी
८. एकीकृत मस्यौदा दस्ताबेज तयारी स्वीकृति र प्रकाशन

यसका अलावा गाउँपालिकाले सञ्चालन गर्ने प्राथमिकता क्षेत्रका विकासका कार्यसँग सम्बन्धित सूचकहरू छनौट गर्नेछ। प्रमुख लक्ष्य, उद्देश्य तथा सूचकहरू छनौट गर्दा स्थानीयस्तरमा उपलब्ध हुनसक्ने खण्डीकृत तथ्यांकलाई विचार गरिनेछ।

आवधिक योजनाको अन्तिम लक्ष्य तय गर्ने सिलसिलामा विषयगत समितिले प्रक्षेपित वार्षिक बजेटमा क्षेत्रगत हिसाबले सापेक्षित रूपमा खर्चहरू बढ्ने सम्भावनालाई ध्यान राखिनेछ। प्रत्येक कार्य क्षेत्रको सम्भाव्य प्रगति अनुमान गर्दा समितिहरूले विषयगत उपलब्धि सूचक, कार्यरत कर्मचारीको आकार र संख्या, चालु पारिश्रमिक ज्याला खर्च तथा विषयगत क्षेत्रमा उपलब्ध हुने पुँजीगत खर्च अनुपातको उचित ख्याल राखिनेछ। राष्ट्रिय प्राथमिकताले वित्तीय हस्तान्तरणलाई निर्देशित गर्ने भएकाले गाउँपालिकाले योजना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक आकांक्षा, लक्ष्य, उद्देश्यसँग सामान्जस्यता कायम गर्नेतर्फ समेत ध्यान दिइनेछ।

**(३) स्रोतको पूर्वानुमान**

योजना तर्जुमा गर्दाको सबैभन्दा महत्वपूर्ण पक्ष वित्तिय स्रोतको सुनिश्चितता हो। वित्तिय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कुनै औचित्य हुँदैन। तसर्थ, योजनाको वित्तिय स्रोत साधनको विश्लेषण यथार्थपरक र भरपर्दो हुनुपर्छ। गाउँपालिकाले योजनाको वित्तिय विश्लेषण गर्दा योजना अवधिमा संविधानतः प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटमा प्राप्त हुने रकम, विभिन्न अनुदानहरु, ऋण र अन्य आयको प्रक्षेपण र समग्र स्रोतको आंकलन गरी गरिनेछ। यसका अलावा गाउँपालिकाले आन्तरिक राजस्व संकलनको समेत अनुमान गरी स्रोतको प्रक्षेपण गर्नेछ।पूर्वअनुमान प्राप्त हुन नसकेमा राष्ट्रिय राजस्वको वृद्धि दरको अनुपातमा स्रोतको वृद्धि अनुमान गरिनेछ। यथार्थ मूल्यमा प्रक्षेपण गर्नका लागि राष्ट्रिय रुपमा उपलब्ध मूल्य वृद्धिदर

(मुद्रास्फीति) को तथ्याङ्कलाई उपयोग गरिनेछ। यस्तो अवस्थामा योजना कार्यान्वयन अवधिभर गरिने खर्च अपेक्षित स्रोत उपलब्धताको सीमाभित्र राखिनेछ।

(४) **आयोजनाको खर्चलाई चालु र पुँजीगत खर्चमा विभाजन**

योजना तथा बजेट तर्जुमा गर्दा हाल उपलब्ध वार्षिक बजेटको स्रोतलाई दीर्घकालीन योजनाको प्राथमिकता र लक्ष्यअनुरूप धान्न सकिने र प्राप्त गर्न सकिने मुख्य मुख्य कामहरूमा विभाजन गरी तयार गरिनेछ। आवधिक विकास योजनाको अंगको रूपमा नतिजामुखी खर्च प्रक्षेपण गर्दा शुरुमा चालु खर्चको विश्लेषण गरी अनुमान गरिनेछ। चालु खर्च छुट्याएपछि उपलब्ध बाँकी रकमलाई विकासका प्रतिफल सबैभन्दा धेरै प्राप्त गर्न सकिने भनी पहिचान भएका प्राथमिकताका आयोजना/कार्यक्रमका आधारमा आवश्यक रकमको अनुमान गरी प्रक्षेपित स्रोतसँग मिलान गरिनेछ।

यसका अलावा नयाँ पुँजीगत पूर्वाधार आयोजनाहरूमा रकम लगानी गर्ने वा विद्यमान पुँजीगत पूर्वाधारहरूको स्तरोन्नति वा मर्मतसम्भार गर्ने भन्नेबारेमा पनि ध्यान राखिनेछ। यसैगरी जनसंख्याको उच्च चाप तथा बसाईसराइबाट परिवर्तित अवस्थाको विश्लेषण गरी सेवा र विकासको लागत घटाई प्रतिफलपूर्ण लगानीमा जोड दिइनेछ। चालु र पुँजीगत खर्च कसरी निर्धारण गर्ने भन्नेबारेमा सम्बन्धित विषयगत समितिबाट सुझाव लिइनेछ। प्राप्त तथा धान्न सकिने गाउँ विकासका लक्ष्यहरू तय गर्ने क्रममा वर्तमानमा उपलब्ध स्रोतलाई गाउँपालिकाको विभिन्न मुख्य मुख्य विषयगत शीर्षक अन्तर्गत विभाजन गरेर गाउँपालिकाको बजेट प्रक्षेपण गरिनेछ।

## २. दिगो विकास लक्ष्य कार्यान्वयनमा मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा

### (क) मध्यमकालीन खर्च संरचना

स्रोतभित्र रहेर गाउँपालिकाले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गरिन्छ। गाउँपालिकाले व्यापक छलफल गरेपछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिनेछ। यसमा पहिलो वर्ष बजेट अनुमान जुन वार्षिक बजेटसँग तादात्म्यता रहन्छ र बाँकी दुई वर्षको प्रक्षेपण गरिनेछ। पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन हुन्छ। त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण

भूमिका खेल्नेछ। गाउँपालिकाले तीन वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रत्येक आर्थिक वर्षमा आ— कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरिनेछ। यस्तो अनुमान आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत हुन्छ।

**(ख) मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू निम्नानुसार छन्**

१. सावर्जनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी अर्थतन्त्रमा समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने।

२. गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकताप्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने।

३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

४. सम्बन्धित निकायहरूको बजेट अनुमान वास्तविक वा अनुमानयोग्य बनाउने र आर्थिक अनुशासन कायम गर्ने।

**(ग) आवश्यकता तथा औचित्यता**

नेपालको संविधानको कार्यान्वयन, वर्तमान आवधिक योजनाको लक्ष्य "समृद्ध नेपाल र सुखी नेपाली" एवम् सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनु पर्दछ। सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रुपमा रहेको मध्यमकालीन खर्च संरचनाले उपर्युक्त लक्ष्यहरु पूरा गर्न सहयोग पुर्‍याउँदछ। यसलाई मुर्तरुप दिन अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। यस ऐन अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याईंलाई समेटिनु पर्ने, प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि समेत राखिनुपर्ने व्यवस्था छ। यसका अलावा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति ब्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ। यसै प्रावधानलाई ध्यानमा राखी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्दछ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधारहरु परिमार्जन गरी वस्तुगत रुपमा चालु योजना तथा दिगो विकास लक्ष्य, गाउँपालिकाको मध्यमकालीन योजना हासिल गर्ने दिशामा कार्यक्रम/आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको एउटा निश्चित मापदण्ड पालना गर्नुपर्छ।

(घ) मध्यमकालीन खर्च संरचना तर्जुमा प्रकृया तथा संस्थागत व्यवस्था

१. कार्यतालिका र जिम्मेवारी निर्धारण

मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि सर्वप्रथम यस खर्च संरचनाको लागि गरिनुपर्ने विभिन्न क्रियाकलापहरूको कार्यतालिका र सो काम सम्पन्न गर्न क—कसले र कुन संस्थाले जिम्मेवारी लिने हो सो स्पष्ट हुने गरी आर्थिक वर्षको शुरुदेखि गाउँपालिकाको सभामा मध्यमकालीन खर्च संरचना पेश गर्नेसम्मको कार्यतालिका र जिम्मेवारी निर्धारण गरिनेछ।

२. संस्थागत संयन्त्र गठन

मध्यमकालीन खर्च संरचना, आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता अपनाउने साधन भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसको लागि संस्थागत व्यवस्थाका रुपमा देहाय बमोजिमका विभिन्न स्तरका समितिहरुको रहने छन्।

(१) निर्देशक समिति

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि गाउँपालिकाको प्रमुखको संयोजकत्वमा एक निर्देशक समिति रहनेछ। सो समितिमा निम्नलिखित सदस्यहरू तथा सदस्य सचिव रहने छन्।

(१) अध्यक्ष संयोजक

(२) उपाध्यक्ष सदस्य

(३) कार्यपालिकाका सदस्यहरू सबै सदस्य

(४) गाउँपालिकाका विषय क्षेत्रका शाखा /इकाई /सेवा केन्द्र प्रमुख सदस्य

(५) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

(२) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा आगामी तीन वर्षको बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहनेछ।

(१) अध्यक्ष संयोजक

(२) उपाध्यक्ष सदस्य

(३) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको चार जना सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृत सदस्य—सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

**(३) मध्यमकालीन खर्च संरचना सम्बन्धी विषय क्षेत्रगत समिति**

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विषयगत समितिहरू गठन गरिनेछ।

(क) आर्थिक विकासः कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र

(ख) सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण

(ग) पूर्वाधार विकासः सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा र संचार

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भू—संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन

(ङ) संस्थागत विकासः सेवा प्रवाह तथा सुशासन, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखा व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट

यस समितिले मध्यमकालीन खर्च संरचना सम्बन्धी निम्न लिखित कार्यहरु गर्नेछः

१. निर्देशिका, मार्गदर्शन र संरचना बनाउने, आधार तथ्यांक ब्यबस्थापन गर्ने, नेटवर्किंग गर्ने।

२. बिषयगत निकायसंग समन्वय गर्ने।

३. आबश्यक तालिम, गोष्ठी, अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

४. खर्च संरचना तयारी सम्बन्धी अन्य आबश्यक सबै कार्यहरु गर्ने।

**(४) एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति**

वडाहरूबाट प्राप्त योजनाहरूलाई बजेट सीमा, दिगो विकास लक्ष्य, मार्गदर्शन तथा आयोजना प्राथमिकता निर्धारणका आधारमा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवश्यक परिमार्जन सहित कार्यपालिकामा पठाउनुपर्छ। यस प्रयोजनका लागि देहाय अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछः

क) उपाध्यक्ष संयोजक

ख) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरू सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य

घ) योजना शाखा प्रमुख सदस्य सचिव

**(ङ) त्रि–वर्षिय प्रक्षेपण सहित कुल बजेटको आकार निर्धारण र बजेट सीमा तथा मार्गदर्शन तयारी**

गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था र मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत शाखा, योजना तथा प्राविधिक शाखा आर्थिक प्रशासन शाखा र कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन तयार गरिनेछ। यो कार्य गर्दा योजना र आर्थिक प्रशासन शाखाले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरिनेछ। स्रोत समितिले गाउँपालिकाको वर्तमान स्थिति, चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वित्तीय स्थिति, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको कुल बजेटको आकार निर्धारण गरिनेछ।

स्रोत समितिले तयार गरेको आगामी ३ वर्षको बजेटको सीमाभित्र योजना शाखाले विषयगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गर्नेछ। बजेट सीमा ३ बर्षको लागि तयार गर्नु हुनेछ। बजेट सीमा स्रोतको आंकलन र क्षेत्रगत बिषयको आबश्यकतालाई ध्यानमा राखी तयार गरिनेछ। तयार भएको विषयगत बजेट सीमा र मार्गदर्शन सम्बन्धित शाखा।इकाई र सेवा केन्द्रहरूमा पठाइनेछ।

**(च) आयोजना बैंक, आयोजनाको छनौट र खर्च प्रक्षेपण**

गाउँपालिकाको आवश्यकता, समस्या र सम्भाव्यता अनुसार कार्यान्वयनयोग्य र बढी प्रतिफल प्राप्त हुने आयोजनाहरू छनोट गरी उक्त गाउँपालिकामा सञ्चालन गर्ने विभिन्न विषयगत क्षेत्रहरूको आयोजनाहरूको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र तत् पश्चात छनौट गरी प्राथमिकताको आधारमा प्राथमिकता क्रममा आयोजनाहरू समावेश गरी आयोजना बैंक बनाइनेछ। आयोजना बैंकमा समावेश भएका आयोजनाहरूको प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा आयोजना छनौट गरी समावेश गरिनछ। यसरी छनौट भएको आयोजनाको लागि त्रि–वर्षिय खर्च प्रक्षेपण सहित आगामी आर्थिक बर्ष र थप २ आर्थिक वर्षको लागि बजेट विनियोजन गरिनेछ।

**(छ) मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव र विषयगत समितिमा छलफल**

योजना शाखाले तयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित शाखा।इकाई।सेवा केन्द्रले आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना, कार्यक्रमहरूको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक बर्षको बजेट तयार गरी सम्बन्धित विषयगत

समितिमा प्रस्ताव गरिनेछ। आयोजना, कार्यक्रमहरूको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट माथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल हुनेछ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीतिहरू र गाउँपालिकाको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, गाउँपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य, गाउँपालिकाको आवश्यकता, समस्या र सम्भावना र आयोजना बैंकबाट छनौट गरिएका आयोजनाहरूको प्राथमिकीकरणलाई आधार बनाइनेछ।

## ३. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा

(क) पृष्ठभूमि

आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने माध्यम वार्षिक कार्यक्रम हो। यसकारण वार्षिक कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण छ। वार्षिक कार्यक्रम तयार गर्दा चालू मध्यमकालीन खर्च संरचनालाई विशेष ध्यान दिनु पर्दछ। कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, अनुसूची र अन्य सम्बन्धित प्रावधान, गाउँपालिकाको आवधिक योजना, प्रदेश तथा राष्ट्रिय योजनामा उल्लेखित उद्देश्य, रणनीति तथा प्राथमिकता, गाउँपालिकाको आवश्यकता, समस्या तथा सम्भावना साथै नेपाल सरकारको नीति कार्यक्रम तथा प्राथमिकता, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र र अतिकम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति गर्ने लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु जस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने हुन्छ।
संविधानको धारा ६० ले राजस्व स्रोतको बाँडफाँटको व्यवस्था गरेको छ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले यससम्बन्धी प्रक्रियागत व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय योजना तथा बजेट तर्जुमासम्बन्धी व्यवस्था गरेका छन्।

संविधानको धारा ६० ले अन्तर तह राजस्व स्रोतको बाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ। यस धारामा संघीय सरकारबाट गाउँपालिकामा र प्रदेश सरकारले गाउँपालिकामा वित्तीय समानीकरण अनुदान, सःशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान उपलब्ध गराउनुपर्ने र राजस्वको बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४, १५ र १६ ले प्राकृतिक स्रोतको परिचालन राजस्व बाँडफाँट तथा अनुदान निर्धारणका आधार र ढाँचाहरु व्यवस्था गरेको छ। यसैगरी संघीय सरकारबाट समपूरक अनुदान र विशेष अनुदान प्राप्त गर्न समपूरक अनुदान कार्यविधि, २०७५ र विशेष अनुदान कार्यविधि, २०७५ समेतका प्रावधानहरू पूरा गरिनेछ। प्रदेश सरकारले समेत गाउँपालिकालाई कानून अनुसार समपुरक र विशेष अनुदान उपलब्ध गराउँदछ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले स्थानीय तहहरूले आफ्ना वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा अपनाउनुपर्ने बजेट तर्जुमा चक्र र प्रक्रियाको बारेमा विभिन्न दश चरणको व्यवस्था गरेको छ । यस दिग्दर्शनले बजेट तर्जुमा प्रक्रियालाई प्रष्ट पार्नुका साथै नतिजामूलक योजना चक्रमा आवद्ध गरेको छ। यसले वार्षिक कार्यक्रम तथा बजेट आवधिक योजनासँग र मध्यमकालीन खर्च संरचनासँग आवद्ध हुनुपर्ने व्यवस्था गरेको छ भने Sub-national Treasury Regulatory Arrangement (SuTRA_ले स्थानीय बजेट तथा कार्यक्रमलाई स्रोत अनुमानको सीमाभित्र विषय क्षेत्रगत तथा लाइन आइटमअनुसार बजेट तयार गर्न सहजीकरण गर्दछ।

**(ख). <u>गाउँपालिकाको बजेट चक्र र समय सीमा</u>**

| क.सं | चरण | समय सीमा |
|---|---|---|
| १. | आय व्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण नेपाल सरकारमा पेश गर्ने | पुस मसान्तभित्र |
| २. | **संघ तथा प्रदेशबाट वित्त हस्तान्तरणको सीमा तथा निर्देशिका प्रासि**<br>क) संघबाट<br>ख) प्रदेशबाट | फागुन मसान्त भित्र<br>चैत्र मसान्तभित्र |
| ३. | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण**<br>स्थानीय राजस्व परामर्श समितिले राजस्व यकिन गर्ने र त्यसलाई कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेश गर्ने<br>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | पुस १५ सम्म<br>वैशाख १० सम्म |
| ४. | आगामी आर्थिक वर्षको बजेटको सीमा गाउँपालिकाको विषयगत शाखा तथा वडा समितिलाई पठाउने। | वैशाख १५ सम्म |
| ५. | वडास्तरीय योजना तर्जुमा तथा प्राथमिकता निर्धारण | ५ जेष्ठ १५ सम्म |
| ६. | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | जेष्ठ मसान्तसम्म |
| ७. | कार्यपालिकाबाट स्वीकृत | असार ५ सम्म |
| ८. | गाउँ सभामा पेश | असार १० सम्म |
| ९. | सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत | असार मसान्तसम्म |
| १०. | सर्वसाधारणको जानकारीको लागि बजेट तथा कार्यक्रम प्रकाशन | साउन १५ सम्म |

स्रोतः स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना)

नोटः मध्यमकालीन खर्च संरचना तर्जुमामा पनि यहि कार्यतालिकालाई उपयोग गर्ने।

योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन बाह्य र आन्तरिक दुवै किसिमका सहयोग, समन्वय र क्रियाशीलता आवश्यक पर्दछ। व्यवस्थित र यथार्थपरक बजेट तर्जुमाका लागि संघ र प्रदेश सरकारबाट बजेट तथा सिलिङ, सःशर्त अनुदानतर्फको विषयगत सिलिङ र मार्गदर्शन समयमा नै उपलब्ध हुन आवश्यक हुन्छ भने समयमा नै स्रोतको अनुमान गर्ने, कार्यपालिकाले आन्तरिक तयारी गर्ने, सहभागितामूलक प्रणालीबाट योजना तर्जुमा प्रकृयाको अवलम्बन गर्ने, कार्यान्वयन निकाय सुदृढ गर्ने जस्ता आन्तरिक विषयहरू पनि उत्तिकै महत्वपूर्ण छन्।

**(ग). वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाको उद्देश्य**

वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाको मुख्य उद्देश्य मध्यमकालीन स्थानीय योजनाको उद्देश्य एवम् लक्ष्यको प्राप्तीको लागि गाउँपालिकामा संचालन गरिने विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता कायम गर्नु हो। तसर्थ, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता कायम गर्नु अनिवार्य हुन्छ। यसका साथै यसको उद्देश्य विकास कार्यक्रममा पारदर्शिता, स्थानीय स्रोत साधनहरुको न्यायोचित वितरण र विनियोजित बजेटबाट अपेक्षित उपलब्धि हासिल गर्नु पनि हो।स्थानीय योजना तथा बजेट दिगो विकास लक्ष्य अनुरूप तयार पार्न गाउँपालिकाको वार्षिक योजना तथा बजेटमा निम्न विषयलाई समेट्नु पर्दछ।

**(१)वार्षिक कार्यक्रम तथा बजेट विस्तृत रूपमा तयार गर्न**

गाउँपालिकाले वार्षिक बजेट निर्माण गर्दा पूर्वाधार विकासले विशेष प्राथमिकता पाउने गरेको छ। बजेटको प्रमुख हिस्सा पूर्वाधार तथा पुँजीगत क्षेत्रमा विनियोजन हुने गर्दछ। दिगो विकासको लक्ष्यले समग्र विकासको अवधारणालाई समेटेकाले यस अनुरूप वार्षिक बजेट तयार गर्दा नागरिक सेवाका सबै पक्षहरूलाई सम्बोधन गरिनेछ। अर्थात् वार्षिक बजेट तथा कार्यक्रमले आर्थिक, सामाजिक तथा वातावरणीय पक्षलाई सन्तुलित रूपमा समेट्नुपर्दछ। यसका अलावा चालु तथा पुँजीगत खर्चको उचित संयोजन गर्दै औचित्यता तथा आवश्यकताका आधारमा व्यवस्थापन गरिनेछ । गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटले समेटेका सबै कार्यक्रमहरू उल्लेख गरी विस्तृत रूपमा तयार गरिनेछ। वार्षिक कार्यक्रम तथा बजेटमा गाउँपालिकालाई प्राप्त हुने वा संकलन गरिने सम्पूर्ण वित्तीय स्रोतहरू समिटिनेछ।

**(२)वार्षिक कार्यक्रम तथा बजेट नतिजामूलक बनाउन,**

गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नतिजामूलक बजेट प्रणालीलाई कार्यान्वयनमा ल्याउनेछ। गाउँ योजना तथा बजेट नतिजामूलक हुन प्रस्तावित बजेटको कुनै खास

कार्यमा हुने योजनाबद्ध खर्च तथा हासिल गर्ने लक्ष्य तथा उद्देश्य बीच बलियो सम्बन्ध भएको हुनुपर्दछ। कार्यगत तरिकाबाट खर्च गर्ने गरी बजेटको बनौट भएमा यस्तो सम्बन्ध कायम गर्न सहज हुन्छ।

(३)<u>वार्षिक कार्यक्रम तथा बजेटमा सहभागितात्मक पद्धति अवलम्बन गर्न,</u>

सहभागितामूलक वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा समुदायको प्राथमिकता सँगसँगै रहने गरी गाउँपालिकाको दीर्घकालीन लक्ष्यहरू सुनिश्चित हुनुपर्दछ। तर यस प्रक्रियामा आवधिक र वार्षिक योजनाबीच सम्बन्ध टुट्नु हुँदैन। नतिजामूलक आवधिक योजनाको आधारमा बजेटको प्राथमिकता र आयोजना थपघट गरेमा मात्र बजेटको स्वेच्छाचारी विनियोजन रोकिन सक्दछ।

(४)<u>वार्षिक कार्यक्रम तथा बजेट मध्यमकालीन खर्च संरचनासँग एकीकृत गर्न,</u>

विकास प्राथमिकताहरूलाई विरलै एकै वर्षमा सम्पन्न गर्न सकिन्छ। वार्षिक कार्यक्रम तथा बजेट र आवधिक योजनाबीच बलियो सम्बन्ध सुनिश्चित गर्न वार्षिक बजेट सँगसँगै मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यमकालीन खर्च संरचनासँग वार्षिक बजेटको दस्तावेजलाई एकीकृत गरेपछि वार्षिक बजेट दस्तावेजले योजना अवधिपछिका दुई वर्षसम्मको अनुमानित रकम (Indicative) र खर्च योजना प्रस्तुत गर्न मद्दत गर्दछ।

(५)<u>बजेट समयमै तयारी गरी सूत्र (SuTRA) बमोजिम प्रतिवेदन तयार गर्न,</u>

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य सम्बन्धित निर्देशिकाहरू अनुसार, सबै गाउँपालिकाका वार्षिक बजेट समयमै तयारी तथा स्वीकृत भएको हुनेछ। अन्तर सरकारी समन्वय सुनिश्चित गर्न गाउँपालिकाले आफ्ना कार्यक्रम तथा बजेट कार्यान्वयनको सूत्र (SuTRA) ढाँचामा प्रतिवेदन गरिनेछ।

(६)<u>संघीय वित्तीय नीतिको पालना गर्न</u>

गाउँपालिकाले योजना तथा बजेट तर्जुमा गर्दा संघीय वित्तीय नीतिको अनुसरण तथा वित्तीय हस्तान्तरणका साथ प्राप्त सर्त तथा मार्गदर्शनहरूको पालना गरी वार्षिक योजना तथा बजेट तयार गरिनेछ। सःशर्त अनुदान सम्बन्धमा संघीय तथा प्रादेशिक शर्त तथा मापदण्डको पालना गरिनेछ।

## (घ) <u>गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटको तयारीमा अवलम्वन गरिने सिद्धान्त</u>

**(१)क्षमता र संस्थागत संरचना तथा चालु र पुँजीगत बजेट बीच सन्तुलन**

गाउँपालिकामा प्रभावकारी तथा समतामूलक स्थानीय सार्वजनिक सेवा प्रवाह र दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाको संगठन, बजेट संरचनाका साथसाथै सार्वजनिक खर्च व्यवस्थापनको आवश्यकता पर्दछ। यस अभ्यासले वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयनको प्रक्रियालाई नतिजामूलक बनाउन मद्दत गर्दछ। कर्मचारीमा हुने खर्च, सञ्चालन खर्च, मर्मतसम्भार तथा खरिद

जस्ता चालु खर्च तथा पुँजी निर्माणका लागि हुने पुँजीगत खर्चबाट आउने नतिजामार्फत दिगो विकास लक्ष्यका नतिजा प्राप्त हुन्छन्। गाउँपालिकाबाट सम्पादन गरिने प्रत्येक कार्यहरू नतिजामुखी बनाउन, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया सँगसँगै चालु तथा पुँजीगत खर्चको प्रभावकारी परिचालन गरिनेछ। चालु र पुँजीगतका लागि बेग्लाबेग्लै दुईवटा बजेट तर्जुमा प्रक्रिया अवलम्बन गर्नु हुँदैन। दिगो विकासको लक्ष्य हासिल गर्न गाउँपालिकाले बजेट तर्जुमा गर्दा वडाका आधारमा भन्दा पनि विषयगत क्षेत्रका आधारमा बजेट विनियोजन गरिनेछ। कुन वडालाई कति बजेट दिनेभन्दा पनि शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, खानेपानी आदि कुन विषय क्षेत्रलाई के कति बजेट दिने भनी आधार तय गरिनेछ। यसरी बजेट तर्जुमा गर्दा हरेक विषय– क्षेत्रको लक्ष्य निर्धारण गरी नतिजामा आधारित बनाइनेछ। गाउँपालिकाले नतिजामूलक बजेटका लागि संगठन संरचनासमेत विषयगत आधारमा निर्माण गरिनेछ। यसले कर्मचारीको खटनपटन, बजेटको कार्यान्वयन र नतिजामूलक बजेट तर्जुमालाई सहयोग गर्दछ। गाउँपालिकाको बजेटलाई नतिजामुखी तुल्याउन, बजेटमा संलग्न पूर्वाधार खर्च सम्बन्धित कार्यक्रम शाखागत रूपमा उल्लेख गरिनेछ।

(२)<u>**वार्षिक योजना तथा बजेटलाई मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता कायम**</u>

गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाले आवधिक विकास योजनाका क्षेत्रगत नीति तथा रणनीतिलाई बजेटमा ढाल्दै उपलब्ध स्रोतसाधनलाई सेवा प्रवाह र विकासका विभिन्न क्षेत्रहरूमा बाँडफाँट गरी त्रि–वर्षीय चक्रीय योजनाको रूपमा कार्य गर्दछ। यो एक प्रकारले आवधिक योजना र वार्षिक योजना बीचको पुल पनि हो। गाउँपालिकाले मध्यमकालीन खर्च संरचना प्रत्येक वर्ष तयार गरिनेछ। गाउँपालिकाहरूले यसलाई वार्षिक बजेट तर्जुमाको समयमा तयार गर्नेछ। यसरी मध्यमकालीन खर्च संरचना तयार गर्दा आगामी आर्थिक वर्षको लागि मात्र नभई त्यसपछिको आगामी दुई आर्थिक वर्षको लागि समेत खर्च अनुमान (प्रक्षेपण) गरी एकीकृत गरिनेछ। सभाले आगामी आर्थिक वर्षका लागि मात्र बजेट स्वीकृत गर्ने भए तापनि यसरी बहुवर्षहरूका लागि गरिने अनुमानले मध्यमकालीन अवधिको वित्तीय योजनालाई सहजीकरण गर्दछ र आगामी वर्षहरूमा निरन्तरताका लागि प्रोत्साहन गर्दछ। वार्षिक बजेटलाई चक्रीय योजनाको (Rolling Plan) बहुवर्षीय बजेट दस्तावेजको रूपमा परिवर्तन गर्न आवधिक योजनाअनुसार आगामी वर्षको खर्च अनुमान गरिन्छ । यसक्रममा राजस्व तथा अनुदान प्रक्षेपणमा आएको परिवर्तनका आधारमा आगामी वर्षको बजेटको परिमार्जन गर्न सकिन्छ। मध्यमकालीन खर्च संरचनाले प्रत्येक कार्यको वा शाखाको आगामी वर्षहरूको कुल लागत अनुमानका अलावा प्रत्येक विषयको आगामी वर्षहरूमा हुने खर्च (चालु, पुँजीगत र वित्तीय व्यवस्था) को अनुमान पनि तयार गरिनेछ।

(३)<u>**स्थानीय संगठनहरूको क्षमता सुदृढीकरण तथा वार्षिक बजेट तर्जुमा सम्बन्धी प्रक्रियाको अवलम्बन**</u>

गाउँपालिका स्थानीय जनताका नजिकको सरकार भएकाले वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न सक्नुपर्दछ। यसको निमित्त आवधिक विकास योजनाको प्राथमिकताअनुसार सहभागितामूलक योजना प्रणालीबाट पारदर्शी र समावेशी तवरले आयोजना तथा कार्यक्रमहरूको छनौट गरिनेछ। सहभागितामूलक प्रक्रिया अपनाउँदा नै जनप्रतिनिधिहरूलाई आवधिक योजनाका लक्ष्यहरू र प्राथमिकता तथा दिगो विकास लक्ष्यका बारेमा जानकारी प्रवाह गरिनेछ।

## ४. दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन

### (क) पृष्ठभूमिः

दिगो विकासको अवधारणाले विकासका सामाजिक, आर्थिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकास जस्ता क्षेत्रलाई महत्व प्रदान गरेको छ। दिगो विकासका सुशासन तथा साझेदारी र सामाजिक क्षेत्रसम्बन्धी अधिकांश लक्ष्य तथा परिमाणात्मक सूचकहरू चालु बजेटसँग नै सम्बन्धित रहेका छन्। नेपालको संविधानको धारा २३० मा स्थानीय तहहरूले संविधानको अधीनमा रही हरेक वर्ष स्थानीय कानूनबमोजिम आय व्ययको अनुमान सभामा पेश गरी पास गर्नुपर्ने व्यवस्था रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ ले स्थानीय तहले प्रत्येक वर्षको आषाढ १० गतेभित्र आगामी आर्थिक वर्षका लागि राजस्व र व्ययको अनुमान आ— सभामा पेश गर्नुपर्ने व्यवस्था गरेको छ।

गाउँपालिकाले आगामी आर्थिक बर्षको व्ययको अनुमान पेश गर्दा आवधिक विकास योजनाले तोकेको लक्ष्य तथा नतिजाका लागि मध्यमकालीन खर्च संरचनामा आधारित रही आगामी २ वर्षको आय र व्ययको अनुमानसमेत पेश गर्नुपर्ने व्यवस्था छ। यसरी व्यय अनुमान पेश गर्दा महालेखा परीक्षकबाट स्वीकृत एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ ले निर्धारण गरेको खर्च संकेत अनुसार बजेट विनियोजन गरिनेछ। यस वर्गीकरणले चालु तथा पुँजीगत खर्चका लागि विभिन्न खर्च संकेतहरू निर्धारण गरेको छ।

### (ख) बजेटमा चालु तथा पुँजीगत खर्चको महत्व

दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत दुवैतर्फको खर्चको उत्तिकै महत्व रहने गर्दछ। सार्वजनिक सेवा प्रवाहमा गाउँपालिकामा संलग्न जनशक्तिहरूको ठूलो भूमिका हुने गर्दछ। जनशक्तिको अभावमा दिगो विकासका लक्ष्य प्राप्त गर्न सकिँदैन। यसैले सबै प्रकारका प्रशासनिक खर्चहरू अनुत्पादक हुँदैनन्। तालिम, क्षमता विकास, सशक्तिकरण, शिक्षा तथा स्वास्थ्यका जनशक्तिको व्यवस्थापन तथा सेवा प्रवाह जस्ता महत्वपूर्ण विषयहरू चालु खर्चमा नै समेटिएका हुन्छन्। सार्वजनिक सेवा प्रवाह र विकास आयोजनाहरुसँग प्रत्यक्षरूपमा जोडिएका खर्चहरू अनुत्पादक मानिदैनन्।

पुँजीगत कार्य सम्पादन गर्न आवश्यक कर्मचारीको तलब, सुविधा तथा व्यवस्थापन खर्चसमेत चालु शीर्षकमा नै रहन्छ। गाउँपालिकाका पदाधिकारीको क्षमतामा विभिन्न विषयगत समितिको क्रियाशीलता, कार्यपालिका तथा सभाको सक्रीयता तथा कार्यव्यवहार जस्ता विषयले ठूलो भूमिका खेल्ने गर्दछ। यस सम्बन्धी बजेट समेत चालु शीर्षकमा नै पर्दछन्। चालु बजेट शीर्षकमा आवश्यक रकम विनियोजन हुन नसक्दा पुँजीगत खर्च र पुँजीगत लगानीका कार्यसमेत प्रभावित हुने हुन्छ। यसैले चालु खर्चलाई विकास व्यवस्थापनका दृष्टिले समेत हेर्नु आवश्यक हुन्छ।

चालु खर्चमा मानव पुँजी निर्माण र पुँजीगत खर्चलाई सहयोग पुग्ने प्रकृतिका खर्चहरू पनि पर्ने भएकाले बजेट प्रस्ताव गर्दा यसको नतिजाको सुनिश्चतता पनि हेर्नुपर्दछ। चालु खर्चलाई जति नतिजामुखी बनाउन सक्यो उति यसको प्रभावकारिता बढ्ने गर्दछ। यसैले बजेट तयारीका चरणमा पुँजीगत बजेट निर्माण सँगसँगै चालु खर्चतर्फको बजेट पनि निर्माण गरिनेछ। बजेट निर्माणका क्रममा योजनाले लिएका लक्ष्यअनुरूपका कार्यसम्पादन तथा नियमित सेवा प्रवाहसमेतलाई ध्यानमा राखी चालु खर्चतर्फको बजेट निर्माण गरिनेछ। तर यसलाई वाञ्छित सीमाभित्र राख्न भने पर्याप्त ध्यान पुऱ्याउनु आवश्यक हुन्छ।

जनताको विकासको चाहना सम्बोधन गर्न बजेटको सफल कार्यान्वयन आवश्यक पर्छ। बजेट अन्तर्गत पुँजीगत खर्च देशको आर्थिक बृद्धिमा सहयोग पुऱ्याउने महत्वपूर्ण माध्यम हो। यसर्थ पुँजीगत खर्च गर्नसक्ने क्षमता बृद्धि गर्नु विकास प्राप्तिको आधारशिला हो। पुँजीगत खर्च सार्वजनिक खरिद प्रक्रियासँग सम्बन्धित छ, यसैले सार्वजनिक खरिदको प्रतिस्पर्धी, प्रभावकारी, पारदर्शी र परिणाममुखी कार्यान्वयनको लागि विभिन्न नीतिगत, कानुनी र प्रक्रियागत पक्षहरुको आवश्यकता पर्दछ। स्थिर सम्पत्तिहरू जस्तै, फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेसिनरी औजार उपकरण आदि प्राप्त गर्न भएको खर्च, रणनीतिक महत्व वा आपतकालीन समयका लागि व्यवस्था गरिएको मौज्दात, जग्गा खरिद, भवन खरिद, सार्वजनिक उपभोगको सम्पत्तिहरु जस्तैः सडक, नहर, पुल, विद्युतगृह आदिको निर्माण, पुँजीगत कार्यको लागि गरिने अध्ययन, अनुसन्धान तथा प्राविधिक परामर्श सेवा, आयोजना निर्माण चरणमा गरिने ब्याज, बीमा, भाडा, भरौट, भन्सार कर आदि खर्च, पुँजीगत खर्चको क्षति बापत दिइने मुआब्जा जस्ता खर्चहरु पुँजीगत खर्च अन्तर्गत पर्दछन्। पुँजीगत खर्चले सरकारलाई थप पूँजी निर्माण गरी आर्थिक बृद्धि गर्नमा सहयोग पुऱ्याउँछ।

पुँजीगत खर्चले विकासलाई सोझै मद्दत पुऱ्याउँदछ। जस्तो सडक र सोसँग सम्बन्धित पूर्वाधारका लगानीले पहुँचमा सुधार भई घर बस्ती तथा बन्द व्यापारको विकास हुन मद्दत गर्दछ। बिद्यालय, स्वास्थ्य चौकीमा हुने पुँजीगत खर्चले राम्रो सेवा प्रवाह गर्न मद्दत गर्दछ। खासगरी गाउँपालिकामा गरिने विकास कार्य र सेवा प्रवाहमा गरिने लगानीले दिगो विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ। स्थानीयस्तरका दिगो विकासका नतिजाहरू हासिल गर्न सीमित स्रोत साधनहरूलाई गाउँपालिकाले कुशल

पुँजीगत खर्च योजनाका साथै यसको प्रभावकारी व्यवस्थापन गर्न सक्नुपर्दछ। गाउँपालिकाका आवधिक योजनाले विकासका मुख्य लक्ष्य र परिमाणात्मक लक्ष्यको पहिचान र प्राथमिकीकरण पश्चात् योजना कार्यान्वयनको लागि नीतिगत सुधार, पुँजीगत खर्च र जनशक्ति आवश्यक हुन्छ।

त्यसैले गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा पुँजीगत खर्च (विकास पूर्वाधार) तथा चालु खर्चका बीच बलियो सम्बन्ध कायम हुनुपर्दछ। खासगरी पुँजीगत खर्चलाई कार्यान्वयन गर्ने कार्यमूलक संरचना अनुसार (शाखा एकाई) तयार गरिनेछ। उदाहरणका लागि वडागत बजेटबाट विद्यालय भवनको निर्माण गरिन्छ तर विद्यालय व्यवस्थापन योजना तर्जुमा र सो अनुसार शिक्षकको आवश्यकता पहिचान र प्रबन्ध नहुँदा उक्त पूर्वाधारले अपेक्षित लाभ दिने अवस्था रहँदैन। त्यसैगरी सडक बनाउँदा उक्त सडक गाउँपालिकाको सम्पत्तिको रूपमा दर्ता नगरिने, भविष्यमा नयाँ सडकको मर्मत सम्भारको बजेट नछुट्याउने आदि कारणले सिर्जित पूर्वाधारबाट अपेक्षित प्रतिफल हासिल हुन सक्दैन।

**(ग) <u>चालु खर्चको विनियोजनका प्रमुख आधरः</u>**

गाउँपालिकाले चालु खर्चको बजेट बाँडफाँट र विनियोजन गर्दा सावधानीपूर्वक गरिनेछ। सबै प्रकारका चालु खर्चहरूले दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउँदैन। उदाहरणका लागि निजी तथा गैरसरकारी संस्थाबाट दक्षतापूर्वक सम्पादन हुने कामका लागि गाउँपालिकाले अनावश्यक दरबन्दी बनाई कर्मचारी भर्ना गरेमा सार्वजनिक बजेट अनुत्पादनशील क्षेत्रमा खर्च भई दिगो विकासका क्षेत्रमा सीमित बजेट रहन्छ। यसैले चालु खर्चको विनियोजन गर्दा सो खर्चले नतिजा ल्याउन सक्छ वा सक्दैन भनी सूक्ष्म रूपमा विश्लेषण गरिनेछ। सामान्यतया चालु खर्चको बजेट बाँडफाँट गर्दा देहायका विषयलाई आत्मसात् गर्नु उपयुक्त हुन्छ।

(१) <u>नतिजासँग आवद्धता</u>

चालु खर्चको विनियोजन गर्दा नतिजामूलक तवरले विषयगत क्षेत्रलाई समेटी विनियोजन गरिनेछ। संविधानको अनुसूची ८ ले गाउँपालिकालाई थुप्रै अधिकार प्रदान गरेको छ। संघीय तथा प्रदेश सरकारले सःशर्त अनुदान पठाउँदा सर्त र मापदण्ड तोकेर पठाउने गर्दछन्। यसलाई बढी प्रतिफलदायी बनाउने गरी स्थानीय परिवेश समेतलाई विचार गरी चालु र पुँजीगत बजेट सहितको वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरिनेछ। गाउँपालिकाले चालु खर्चमा बजेट विनियोजन गर्दा नतिजामूलक खाकाको आधारमा हरेक चालु खर्चले ल्याउने प्रतिफल र तत्कालीन लाभ र दीर्घकालीन प्रतिफललाई दृष्टिगत गरिनेछ। कुन क्रियाकलापले के कस्तो नतिजा दिन्छ सोको समेत लेखाजोखा गरिनेछ। बजेटले स्थानीय सेवा प्रवाहको प्राविधिक मापदण्ड विकास र गाउँपालिकाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु पर्दछ।

(२) <u>कार्यात्मक संरचनागत रूपमा बजेट तर्जुमा</u>

गाउँपालिकाको कार्य जिम्मेवारी अन्तर्गत पर्ने अधिकांश सेवा वडा समिति, विद्यालय, स्वास्थ्य चौकी, कृषि एकाई लगायतका अग्रपङ्तिका सेवा प्रदायक संरचनामार्फत उपलब्ध गराइन्छ। यी खर्चहरू चालु शीर्षकमा पर्दछन्। यसैले चालु खर्चको बजेट बाँडफाँट गर्दा आफू मातहतका हरेक निकायले आधारभूत कार्य गर्न सक्ने गरी बजेटको व्यवस्था गरिनेछ। यस्तो चालु बजेटलाई सम्बन्धित क्षेत्रको संरचनागत रूपमा राख्न सकिएमा कुन सेवा वा उपलब्धिमा के कस्तो विनियोजन भयो र प्रतिफल कस्तो रह्यो आँकलन गर्न सहज हुन्छ। यसरी विस्तृत रूपमा तयार गरेको बजेटले पारदर्शिता तथा आर्थिक स्रोतलाई प्रभावकारी एवम् समतामूलक ढंगले प्रयोग गर्न सुनिश्चितता समेत प्रदान गर्दछ। यसरी संस्थागत संरचना अनुसार बजेट विनियोजन गर्दा नेपाल सरकारले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या बमोजिम चालु खर्च संकेत वर्गीकरण र व्याख्याअनुसार गरिनेछ।

(३) <u>वडागत बजेट तर्जुमा</u>

वडाहरू मूलतः सार्वजनिक सेवा प्रवाह गर्ने गाउँपालिकाका विस्तारित एकाईहरू हुन्। वडामा सार्वजनिक सेवा प्रवाह गर्न कर्मचारीको व्यवस्था गरिएको हुँदा यसका लागि आवश्यक पर्ने चालु खर्चसमेत विनियोजन गरिनेछ। यस्तो चालु खर्च विनियोजन गर्दा क्षेत्रफल, सेवाग्राही र कार्यबोझ समेतलाई विचार गरिनेछ।

(४) <u>दीर्घकालीन दायित्व</u>

चालु खर्चमा बजेट विनियोजन गर्दा सम्भव भएसम्म दीर्घकालीन दायित्व सृजना गर्नु हुँदैन। चालु आर्थिक वर्षमा गरिएको विनियोजनले आगामी आर्थिक वर्षमा स्वतः दायित्व सृजना हुने अवस्था आउन दिनु हुँदैन। यस प्रकारको दीर्घकालीन दायित्वले भविष्यमा आउने नयाँ जनप्रतिनिधिलाई नीतिगत छनौट र निर्णयको दायरा सीमित बनाइदिन्छ।

**(घ) <u>पुँजीगत खर्च विनियोजनका प्रमुख आधार</u>**

दिगो विकास लक्ष्यका कतिपय क्षेत्रहरूले पुँजीगत खर्चको माग गर्ने गर्दछ। उदाहरणका लागि गरिबीको अन्त्यका लागि आर्थिक वृद्धि आवश्यक पर्दछ भने आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी आवश्यक पर्दछ। मूलतः गाउँपालिकाको वार्षिक पुँजीगत खर्च योजनालाई दिगो विकास लक्ष्य अनुकूल तयार गर्दा निम्न सिद्धान्तको आधारमा विनियोजनको पद्धति अवलम्वन गरिनेछ।

(१) <u>नतिजामूलक तरिकाबाट लगानी प्राथमिकताको छनौट</u>

विकासका प्रतिफलप्रति स्पष्ट रूपमा केन्द्रित नभई सहभागितामूलक योजना तर्जुमाको अभ्यास गर्दा गाउँपालिकाको स्रोत छरिएर खर्च हुने जोखिम रहन्छ। फलतः गाउँपालिकाले समुदायको मागअनुसार धेरै संख्यामा स—साना पूर्वाधार विकास आयोजना पहिचान र सञ्चालन गरे तापनि

त्यसले दिगो विकासमा न्यून प्रभाव पार्ने हुन्छ। कतिपय अवस्थामा नकारात्मक असर समेत पर्न जाने हुन्छ। अतः वार्षिक कार्यक्रममा अति साना विकास आयोजना समावेश गर्नुभन्दा विषयक्षेत्रगत रूपमा रणनीतिक लगानीको पहिचान गरी प्रत्येक कार्यान्वयन सम्बद्ध शाखाले स्थानीय आवधिक योजना तथा गाउँपालिकाको विकासका लक्ष्यअनुसार विषय क्षेत्रगत नतिजामा आधारित वार्षिक पुँजीगत खर्च योजना तयार गरिनेछ। यस्तो पुँजीगत खर्चलाई आवधिक योजना तथा समुदायले पहिचान गरेका प्राथमिकताका आयोजनाहरूले निर्देशित गरेको हुनुपर्दछ। सहभागितामूलक योजना र नतिजामूलक योजनाबीच तालमेल कायम गरिनेछ।

(२) **<u>लागत—प्रतिफल विश्लेषण</u>**

दिगो विकासका प्रतिफल प्राप्त गर्न र लगानीबाट उच्च प्रतिफल हासिल हुने गरी स्थानीय लगानीका प्राथमिकता सुनिश्चित हुनुपर्दछ। पुँजीगत खर्च खासगरी आर्थिक पूर्वाधार विकासका आयोजना लगानी—प्रतिफल विश्लेषणका आधारमा तय हुनुपर्दछ। यसो गर्दा लगानीमार्फत प्राप्त हुने वित्तीय प्रतिफल मात्र नहेरी स्थानीय जनतालाई प्राप्त हुने अन्य आर्थिक प्रतिफल पनि विचार गरिनेछ। सामाजिक क्षेत्रमा लगानी गर्दा यथासम्भव सामाजिक विकासमा सर्वाधिक प्रतिफल प्राप्त हुने गरी योजना, कार्यक्रमहरू छनौट गरिनेछ। लगानीको निर्णय गर्दा गाउँपालिकाले आर्थिक तथा लगानी प्रतिफलको हिसाब गर्नुको अलावा निर्मित आयोजनाबाट हुने अन्य सामाजिक लाभ जस्तै स्थानीय बासिन्दाको हिँड्ने समयको बचत, सवारी साधन टिकाउपन, सडक सुरक्षा र वातावरण प्रदूषणमा कमी लगायतका पक्षबाट समेत बिश्लेषण गरिनेछ।

(३) **<u>सम्पत्ति व्यवस्थापन योजना</u>**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ले गाउँपालिकाले क्षेत्रभित्रको सम्पत्तिको संरक्षण गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ। गाउँपालिकाको सबै सम्पत्तिहरूको (सडक, भवन, खानेपानी आयोजना लगायतका सबै पुँजीगत लगानीबाट सृजित सम्पत्ति) अभिलेखीकरण गर्नुका साथै सम्पत्ति व्यवस्थापन योजनासमेत बनाउनुपर्दछ। सम्पत्ति अभिलेख व्यवस्थित हुँदा गाउँपालिकाको लगानीले सिर्जित पुँजीगत सम्पत्तिको हिसाब निस्कनका साथै समयमा मर्मतसम्भार लगायत सम्पत्ति व्यवस्थापनमा लगानी गरी सार्वजनिक ढुकुटीको उचित प्रयोग र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न सहयोग पुग्दछ। यस्ता सम्पत्तिको संरक्षण, स्तरोन्नति र मर्मत सम्भारका लागि गर्नुपर्ने पुँजीगत खर्च आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनामा समावेश गरिनेछ। यस्तो लगानीबाट सिर्जित संरचनाको सञ्चालन एवम् मर्मतसम्भार तथा अनुगमन योजना समेत तयार गरिनेछ।

**(ङ) बजेट विनियोजन र खर्चमा देहायका विषयमा ध्यान पुऱ्याइनेछः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्रोत अनुमान तथा योजना तथा बजेट तर्जुमा सम्बन्धी व्यवस्था गरेको छ। गाउँपालिकामा अति साना तथा पटके आयोजनाको बाहुल्यता रहने अवस्थालाई सुधार गरी नतिजामूलक प्रणालीमा रूपान्तरण गर्न निम्न विषयमा ध्यान पुऱ्याइनेछ।

(१) **विषयगत मार्गदर्शनको पालना एवम् नतिजामूलक तवरले कार्यक्रम तथा बजेट तर्जुमा**

दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाका संगठनात्मक अंगहरू क्रियाशील हुनुपर्दछ। गाउँपालिकाले बजेट निर्माण गर्दा प्रभावकारी र नतिजामूलक बनाउन स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले सीमा उपलब्ध गराउँदा आवधिक विकास योजनामा तोकिएको प्राथमिकताका आधारमा गाउँपालिकाका विभिन्न कार्यगत शाखाहरूमा बजेट सीमा तथा स्रोतहरू निर्धारण गरिनेछ। बजेट तर्जुमा गर्दा समष्टिगत स्रोतलाई आगामी आर्थिक वर्षका लागि मात्र अनुमान नगरी आवधिक विकास योजनाका लक्ष्य अनुरूप त्रिवर्षीय प्रक्षेपण गरिनेछ।

(२) **सेवा प्रदायक तहसम्मको क्रमागत आयोजना तथा बजेटमा समावेश**

गाउँपालिकाले उपलब्ध गराएको बजेट सीमामा आधारित रही यी विषयगत शाखा एकाईबाट नतिजामूलक योजना र बजेटको खाका तर्जुमा गरिनेछ। गाउँपालिकाको संगठन संरचना जस्तै शिक्षा, स्वास्थ्य, पूर्वाधार, वातावरण, प्रशासन र न्यायिक समिति आदि संरचना अनुसार समग्र बजेटको विषयगत विभाजन गर्ने प्रणाली अवलम्बन गरिनेछ। वडामा कार्यान्वयनमा आउने र वडागत बजेट विवरणबाट वडामा के कति विनियोजन छ थाहा हुने भएकाले वडालाई सुपरिवेक्षण र कार्यान्वयनमा समेत सहयोग पुग्दछ।बजेट विनियोजन गर्दा पारदर्शी तथा नतिजामूलक तवरले विनियोजन गरिनेछ। चालु खर्चतर्फको विनियोजन र खर्च गर्दा विनियोजन दक्षता र प्राविधिक दक्षता प्राप्त हुने गरी व्यवस्थापन गरिनेछ।

(३) **संघीय कानून र मार्गदर्शनको अवलम्बन**

चालुखर्चको विनियोजन र खर्च गर्दा सःशर्त अनुदानको हकमा माथिल्लो तहका सरकारबाट प्राप्त बजेट तथा मार्गदर्शनलाई अवलम्बन गरिनेछ। अन्य क्षेत्रको आयको हकमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा अन्य कानूनको पालना गरिनेछ। संघ वा प्रदेश तहबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँटको सन्दर्भमा संघ वा प्रदेशका मार्गदर्शनका साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझावलाई समेत पालना गरिनेछ।

(४)**<u>आन्तरिक राजस्वका स्रोतमा बृद्धि</u>**

संविधान र कानूनले गाउँपालिकालाई निश्चित राजस्व अधिकार प्रदान गरेको छ। यसमा कर, शुल्क, बिक्रीबाट प्राप्त आम्दानी, दण्ड जरिवाना, रोयल्टी आदि पर्दछन्। स्थानीयस्तरमा उठ्ने राजस्वले स्थानीय सेवा प्रवाह तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ। स्थानीय कर तथा शुल्क प्रभावकारी तथा समानताका आधारमा संकलन गरिनुपर्दछ। यसरी राजस्व संकलन गर्दा स्थानीय करदाताहरूलाई प्रशासनिक झन्झटबाट मुक्त गरिनेछ। यसैगरी करलाई स्थानीय सेवासँग आबद्ध गर्दै आफूले तिरेको कर सदुपयोग भएकोमा समेत आश्वस्त बनाउन सकेमा थप कर प्राप्त गर्ने वातावरणको निर्माण हुन सक्दछ।

## ५. दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

### (क) पृष्ठभूमि

विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन र मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको प्रभाव आँकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहेको छ। गाउँपालिकाको योजनाको नतिजा खाका अनुरूप विकास तथा सेवा प्रवाहका कार्यबाट अपेक्षित नतिजा प्राप्त भए नभएको सुनिश्चितताको लागि प्रभावकारी अनुगमन प्रणाली स्थापना गरिनेछ। यसैगरी संविधान प्रदत्त कार्य जिम्मेवारीको व्यवस्थापन हुन सके नसकेको सम्बन्धमा समेत ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। यसका लागि नतिजामा आधारित अनुगमन प्रणाली र क्षमता विकास गरिनेछ।

### (ख) अनुगमन तथा मूल्याङ्कन

"अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानून बमोजम अख्तियार प्राप्त निकायले तोकेको व्यक्ति वा संस्थाबाट निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्यलाई बुझिन्छ।

"मूल्याङ्कन" भन्नाले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना तथा प्रभावहरूका सम्बन्धमा आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिएको कार्यलाई जनाउँछ।

योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा भएका सबल तथा दुर्बल पक्षहरूबाट पाठ सिकी भावी योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सुधार गर्नु

तथा सम्बन्धित निकाय/पदाधिकारीलाई त्यस्ता योजना, नीति, कार्यक्रम, आयोजनाहरूको कार्यान्वयन र नतिजाप्रति जवाफदेही बनाउनु मूल्याङ्कनको उद्देश्य हो।

**(ग) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन**

योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट हासिल भएको उपलब्धिलाई अपेक्षित नतिजासँग तुलना गरी तिनको सान्दर्भिकता, दक्षता, प्रभावकारिता, प्रभाव र दिगोपनाको लेखाजोखा गर्ने कार्य नतिजामूलक मूल्याङ्कन हो।

नतिजामूलक अनुगमनलाई प्रभावकारी गराउन नतिजामूलक व्यवस्थापनलाई संस्थागत गरिनुपर्दछ। यस्तो व्यवस्थापनले प्रतिफल र असरलाई लगानी र क्रियाकलापसँग आबद्ध गरी लगानीको प्रभावकारिता अभिवृद्धि गर्न जोड दिन्छ। यसले विकास नतिजालाई केन्द्रबिन्दुमा राखी रणनीतिक योजना, जोखिम व्यवस्थापन तथा उपलब्धिको मापन गर्दछ र व्यवस्थापकीय निर्णय प्रक्रियालाई वस्तुगत र सबल बनाउन सहयोग पुऱ्याउँदछ। यसअन्तर्गत विकास प्रक्रियाका सबै चरणमा नतिजा सुनिश्चित गर्ने, कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्याङ्कनलाई नतिजासँग आबद्ध गर्ने, नतिजा मापनका लागि सरल सूचकहरू एवम् फारामको प्रयोग गर्ने, लगानी तथा क्रियाकलापलाई नतिजासँग आबद्ध गर्ने र हासिल भएका नतिजाबाट शिक्षा लिई निर्णय गर्ने विषय पर्दछन्।

परम्परागत संगठनमा परिवर्तन गर्नुपरेमा नतिजा शृङ्खलाको विकास, व्यवस्थापकीय क्षमता, संगठनको उद्देश्यसँग सबै कार्यहरूको अन्तरसम्बन्ध स्थापना र जनशक्तिलाई उत्पेरित गर्ने गरी व्यावसायिक योजनाको विकास तथा कार्यान्वयन एवम् सोको मूल्याङ्कन गर्ने विषय समेट्नु पर्दछ। दिगो विकासको लक्ष्यको नतिजामूलक अनुगमन र तथ्यमा आधारित निर्णयका लागि हरेक तहमा खण्डीकृत तथ्यांकको आवश्यकता पर्दछ। तथ्यांक उत्पादन र विश्लेषणका क्षेत्रमा विश्वव्यापीरुपमा धैरै परिवर्तन भएतापनि नेपालमा भने स्थानीय खण्डीकृत तथ्यांकको अभाव रहने गरेको छ।

**(घ) अनुगमन तथा मूल्याङ्कनको विद्यमान व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कार्यालयबाट सम्पादन भएका विकास आयोजना तथा परियोजनाको अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा १६(४—ख) ले उपाध्यक्षलाई योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी बैठकमा प्रतिबेदन पेश गर्ने कार्य जिम्मेवारी तोकेको छ। संविधानको धारा २२० ले जिल्लाभित्रका गाउँपालिका र गाउँपालिकाबीच समन्वय गर्न एवम् विकास निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न अनुगमनको जिम्मेवारी जिल्ला समन्वय समितिलाई प्रदान गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाको क्षमता विकासमा समेत जिल्ला समन्वय समितिलाई जिम्मेवारी दिएको छ।

गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यबस्था अनुसार गाउँपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन उपाध्यक्षको नेतृत्वमा ५ सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रावधान राखेको छ। सो दिग्दर्शनले वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन समिति रहने व्यवस्था समेत गरेको छ। दिग्दर्शनमा कार्य प्रकृतिअनुसार नियमित, मासिक, चौमासिक र आवधिक रूपमा अनुगमनको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत गरिएको छ।

दिगो विकास लक्ष्यको नियमित अनुगमन पनि उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिबाट गर्नु उपयुक्त हुन्छ। दिगो विकास लक्ष्यको प्रगति समिक्षा चौमासिक तथा वार्षिक रूपमा गरिनेछ। गाउँपालिकामा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन अवस्थाको समग्र प्रगति अनुगमनका लागि देहायबमोजिम दिगो विकास लक्ष्य कार्यान्वयन समितिको संरचना निर्माण गरिनेछ।

१ अध्यक्ष संयोजक
२ उपाध्यक्ष उप संयोजक
३ प्रमुख प्रशासकीय अधिकृत सदस्य
४ अध्यक्षले मनोनीत गरेको निजी क्षेत्र र नागरिक समाजका ३ जना प्रतिनिधि (कम्तिमा १ जना महिला अनिवार्य) सदस्य
५ योजना हेर्ने शाखा प्रमुख सदस्य सचिव

स्थानीय विकास निर्माणका योजना, कार्यक्रम र आयोजनाको प्रगति समीक्षा तथा समस्याको समाधानको लागि गाउँपालिकामा निम्न बमोजिम स्थानीय विकास समस्या समाधान समिति गठन गरिनेछ।

१ अध्यक्ष
२ उपाध्यक्ष
३ कार्यपालिका सदस्यहरू सदस्य
४ प्रमुख प्रशासकीय अधिकृत सदस्य
५ बिषय क्षेत्रगत शाखा प्रमुख सदस्य
६ योजना हेर्ने शाखा प्रमुख सदस्य सचिव

सो समितिले योजना, कार्यक्रम र आयोजनाहरुको प्रगतिको चौमासिक तथा वार्षिक समीक्षा गरी समस्याको समाधान गर्ने, अन्तर तह समन्वय गर्ने र समाधान हुन नसक्ने विषयलाई प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पठाउने कार्य गरिनेछ।

(ङ) <u>दिगो विकास लक्ष्य सम्बन्धी अनुगमन तथा मूल्याङ्कन</u>

स्थानीय संगठनको नतिजामुखी व्यवस्थापन र कार्य सम्पादन नतिजाको अनुगमन गर्न देहाय बमोजिमका विषयमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। नतिजामूलक अनुगमनलाई प्रभावकारी बनाउन नतिजामूलक व्यवस्थापनलाई संस्थागत गरिनेछ। यस्तो व्यवस्थापनले प्रतिफल र असरलाई लगानी र क्रियाकलापसँग आबद्ध गरी लगानीको प्रभावकारिता अभिवृद्धि गर्न मद्दत गर्दछ।

गाउँपालिकाले विकासको समष्टिगत दूरदृष्टि हासिल गर्न र निर्धारित लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका प्रत्येक शाखा वा उपशाखाको कार्यसम्पादन नतिजामुखी बनाइनेछ। दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न गाउँपालिकाले आधुनिक सार्वजनिक क्षेत्र व्यवस्थापन प्रविधि अपनाउनुका साथै विकास लक्ष्य हासिल भएका छन् छैनन् भन्ने बिषय नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीबाट सुनिश्चित गरिनेछ। दिगो विकास लक्ष्यको प्रगति अनुगमन गर्नका लागि पनि गाउँपालिकाले गुणस्तरीय खण्डीकृत तथ्याङ्कको उत्पादन र व्यवस्थापन गर्नेछ।

(१) <u>विकासमा सबै सरोकारवालाको संलग्नता</u>

विकासका उद्देश्य हासिल गर्न सबैको संलग्नता आवश्यक हुन्छ। निजी क्षेत्र, सहकारी संस्था तथा सामुदायिक संस्था स्थानीय विकासका उद्देश्य हासिल गर्ने साझेदार हुन्। गाउँपालिकाले सहकार्य तथा समन्वयका अलावा विकासका उद्देश्य हासिल गर्न सबैलाई समेट्नुपर्दछ र निजी क्षेत्र र सामुदायिक संगठन सबैलाई प्रमुख साझेदारका रूपमा संलग्न गराउनुपर्दछ। गाउँपालिकाकाको एकल प्रयासबाट मात्र विकास सम्भव नभई सहकारी र निजी क्षेत्र, गैरसरकारी संस्था, सामुदायिक संस्था लगायत सम्पूर्ण विकास साझेदारबीचमा साझेदारी आवश्यक हुन्छ। गाउँपालिकाले, स्थानीय लगानीका लागि स्थानीय बासिन्दा र व्यापारिक क्षेत्रलाई परिचालन गर्न उत्प्रेरकको भूमिका खेल्नुपर्दछ।

दिगो विकासका अधिकांश लक्ष्य हासिल गर्न गाउँपालिकाले रकम नै खर्च गरिनु पर्छ भन्ने छैन। दिगो विकासका लक्ष्य नीति निर्देशन वा सार्वजनिक निजी व्यवस्थापन मार्फत पनि हासिल गर्न सकिन्छ। गाउँपालिकाको योजना तथा निर्णय प्रक्रिया प्रायः लगानी वृद्धिमा केन्द्रित हुने गर्दछ। गाउँपालिकाले नीति, योजना र बजेटबाट संघीय तथा प्रादेशिक स्रोत परिचालन गर्न अथवा निजी र सामुदायिक क्षेत्रको योगदान वृद्धि गर्ने अभ्यास अबलम्बन गरी आंशिक वा आर्थिक दायित्व सिर्जना नहुने गरी पनि कतिपय लक्ष्यमा काम गर्ने वातावरण सिर्जना गर्न सकिन्छ।

(२) <u>पारदर्शिता</u>

सहभागिता तथा उत्तरदायित्व सुनिश्चित गर्न पारदर्शिताको अत्यन्तै आवश्यकता पर्दछ। गाउँपालिकाको कार्यको प्रत्येक पाइला चाहे त्यो योजना तर्जुमा होस्, कार्यान्वयन वा अनुगमन वा आर्थिक लगानीका विषय हुन् समुदायको सहभागिता सुनिश्चित गर्न पारदर्शिता तथा उत्तरदायित्व अति महत्वपूर्ण हुन्छ। व्यवहारिक रूपमा कतिपय अवस्थामा पारदर्शिताले अप्ठ्यारो पनि पार्न सक्दछ। तर पनि गाउँपालिकाले सेवा प्रवाहको उद्देश्य हासिल गर्न अग्रपङ्तिका सेवा प्रदायक संस्थाहरूले पुर्याएका सेवाहरू लगायत आफूले गरेको प्रगति पारदर्शी बनाउन प्रयत्न गरिनेछ।

(३)<u>तथ्यमा आधारित निर्णयका लागि नतिजाको अनुगमन</u>

गाउँपालिकामा उपयुक्त निर्णय गर्न तथा संघ एवम् प्रदेशसँग समन्वय गर्न अनुगमनका नतिजाहरू महत्वपूर्ण हुन्छन्। अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुचनाहरू नीति तथा निर्णयलाई तथ्यमा आधारित गराउनको लागि उपयुक्त आधार हुन्। अनुगमनका क्रममा प्राप्त तथ्यांकलाई विश्लेषण गरेर मात्र आगामी कार्यदिशाको बारे निर्णय गर्न सकिन्छ। त्यसैले नतिजाको अनुगमन तथा मूल्याङ्कन गर्नु महत्वपूर्ण हुन्छ। गाउँपालिकाका कतिपय कार्य साझा अधिकार क्षेत्रमा पर्दछन् जहाँ संघीय तथा प्रादेशिक सरकारको पनि नीतिगत चासो रहेको हुन्छ त्यस्ता क्षेत्रमा संघ तथा प्रदेशलाई समेत संयुक्त अनुगमनमा सहभागी गराई गाउँपालिकाले गरेका कामहरूका बारेमा विश्वस्त गराउन तथा गाउँपालिकामा भएका कामलाई सहयोग पुऱ्याउन समेत प्रगतिको अनुगमन आवश्यक पर्दछ।

(४)<u>स्थानीय सेवा प्रवाह तथा विकासका लागि सक्षम एवम् पारदर्शी र उत्तरदायी संयन्त्र निर्माण</u>

गाउँपालिकाले प्रशासनिक तथा राजनैतिक एकाईको रूपमा तोकिएका विकासका जिम्मेवारी प्रभावकारी रूपले निर्वाह गर्न सहकार्य, सुशासन र स्थानीय असल नागरिक प्रशासन विधिको अनुसरण गरिनेछ। गाउँपालिकाले समष्टिगत रूपमा उद्देश्यमुखी, नतिजामूलक, उत्तरदायी संगठनको हैसियतले दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षको नेतृत्वमा र सभाबीच साझा दृष्टिकोण तथा प्रभावकारी समन्वय र सहयोग कायम गरिनेछ। त्यसैगरी स्थानीय प्रशासनिक एकाई (प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरू) तथा निर्वाचित जनप्रतिनिधिहरूबीच प्रभावकारी समन्वय, सम्पर्क तथा निरन्तर सञ्चार कायम राख्न ध्यान दिइनेछ। गाउँपालिकाको संगठन संरचना अनुसारका विभिन्न शाखाहरू बीच प्रभावकारी समन्वय, सम्पर्क तथा निरन्तर सञ्चार सुनिश्चित गर्दै विकासको उद्देश्य हासिल गर्न निजी क्षेत्र एवम् समुदायसँगको सहकार्य अभिवृद्धि गर्न गाउँपालिकाका विषयगत शाखा, एकाईहरु, निजी क्षेत्र

तथा समुदायसँग नियमित रूपमा अन्तरक्रिया गरी सहकार्यमूलक शासन व्यवस्थाको प्रोत्साहन गरिनेछ। कार्यस्थलमा कसरी काम भइरहेको छ भन्नेबारे निर्वाचित प्रतिनिधि र नेतृत्वले कर्मचारीबाट बुझेर, उनीहरूले कामलाई नियमित कामभन्दा विशेष रूपले ठानेका छन् छैनन् भन्ने समीक्षा गरी कार्यक्रम कार्यान्वयनको स्तर वृद्धि गरनेछ। कार्य तथा नतिजाको अनुगमन गर्ने संयन्त्रका साथै कार्य गर्ने वातावरण र यसको परिवर्तनका लागि नयाँ योजना तथा रणनीति अवलम्बन गर्ने प्रणाली विकास गरिनेछ। गाउँपालिकाको संगठनलाई परिवर्तनको व्यवस्थापन गर्दै समय र वातावरण अनुकूल नवीकरण गर्ने, निरन्तर सुधार गर्ने "सिक्ने संगठन" को रूपमा विकास गरिनेछ।

(५) <u>नतिजामूलक स्थानीय व्यवस्थापन</u>

दिगो विकास लक्ष्य सम्बन्धी नेपालको राष्ट्रिय मार्गचित्रले मुलुकले हासिल गर्न सक्ने सम्भाव्य लक्ष्य, गन्तव्य तथा सूचकहरुको विस्तृत सूची प्रस्तुत छ।दिगो विकासका सम्पूर्ण राष्ट्रिय लक्ष्य, गन्तव्य वा सूचक गाउँपालिकामा सान्दर्भिक नहुन पनि सक्छ, त्यसैले यस भित्रका खास खास लक्ष्य, गन्तव्य वा सूचकलाई गाउँपालिकाले आन्तरिकीकरण गरिनेछ। राष्ट्रियस्तरमा दिगो विकास लक्ष्यको प्रगति अनुगमन गर्न प्रयोग हुने केही सूचकलाई गाउँपालिकामा खण्डीकृत रूपमा प्रयोग गरिनेछ। सम्भव भएसम्म यी सूचकलाई खण्डीकृत रूपमा उल्लेख गरिनेछ। यसो गर्दा गाउँपालिकाले स्थानीय शिक्षा सेवाको समष्टिगत प्रगतिको अलावा कुन वडा वा कुन विद्यालयले राम्रो गरेका छन् भन्ने थाहा पाउन सकिन्छ।नतिजा सूचकको नियमित रूपमा तथ्याङ्क संकलन गर्नुको अलावा प्रतिफल सूचकलाई नाप्ने तथा लगानी, कार्यक्रम तथा उपलब्धिका सूचकहरूसँग मिलान गरिनेछ। स्थानीयस्तरमा दिगो विकासका लक्ष्यको परिमाणात्मक सूचकसम्बन्धी आधारभूत तथ्याङ्कको अभाव छ। सार्वजनिक सेवाका विषयमा नागरिकका धारणा सम्बन्धी गुणात्मक प्रकृतिका तथ्याङ्क पनि संकलन गरिनेछ। स्थानीयस्तरमा कार्यरत गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग रहेका कतिपय सूचना तथा तथ्याङ्क पनि गाउँपालिकाको जानकारीमा आइनसकेको अवस्था पनि रहेको छ। तथ्याङ्कको सिमित उपलब्धता हटाउन गाउँपालिकाले विशेष ध्यान दिनेछ। शुरुमा स्थानीय अनुगमन ढाँचा लगायत प्रयोग गरिने प्रस्तावित तथ्याङ्क, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन भएको वर्ष, खण्डीकृत तथ्याङ्कको उपलब्धता, आवृत्ति, तथ्याङ्क संकलन तथा तयार पार्ने निकाय आदिबारे जानकारी लिइनेछ। सम्भव भएसम्म गाउँपालिकाले प्रदेशका सम्बद्ध निकायका पदाधिकारीहरूसँग समन्वयात्मक रुपमा काम गरिनेछ। र सूचक मापनका लागि उनीहरुले प्रयोग गर्ने राष्ट्रिय सूचकलाई अङ्गाल्नु पर्दछ।

## ६. दिगो विकास र समन्वय, सहकार्य र साझेदारी

### (क) पृष्ठभूमि

संघीय प्रणालीमा तहगत सरकारबीच आपसी सहयोग र असल सम्बन्धको आवश्यकता पर्दछ। नेपालको संविधानको भाग २० को धारा २३१ देखि २३६ सम्म संघीय एकाईहरूबीचको सम्बन्धका विषयलाई व्यवस्थित गरिएको छ। धारा २३२ ले संघ, प्रदेश र पालिकाको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी स्पष्ट गरेको छ। संविधानले सरकारका तहहरूबीचको अधिकार क्षेत्र र त्यसको प्रयोग सम्बन्धी व्यवस्था गरेको छ। विकाससँग सम्बन्धित विषय, सार्वजनिक सेवा प्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयमा समन्वयको झनै बढी महत्व रहन्छ। "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोंचसहित दिगो विकास लक्ष्यलाई नेपालका सन्दर्भमा आन्तरिकीकरण गरिएको पन्ध्रौं योजनाको सफल कार्यान्वयन गर्न समेत संघ, प्रदेश र पालिकाका बीचको सम्बन्धलाई सुदृढ, सबल र सक्षम बनाउनु आवश्यक छ।

दिगो विकास लक्ष्य प्राप्तिमा राष्ट्रिय र विश्व समुदायको प्रतिबद्धताको विषयसमेत रहेकाले यी लक्ष्यको प्राप्तिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र सहकार्य अपरिहार्य छ। १७ वटा लक्ष्यमार्फत् दिगो विस हासिल गर्न विश्वव्यापी सहकार्यका साथसाथै तीनै तहका सरकार बीचमा र बृहद् रूपमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य र समन्वय आवश्यक पर्दछ।

### (ख) समन्वय, सहकार्य र साझेदारीको आवश्यकता

कार्य जिम्मेवारीको व्यवस्थित सम्पादन मुलुकले अंगीकार गरेको सङ्घीय प्रणालीमा संघ, प्रदेश र गाउँपालिकाबीचको सम्बन्ध परस्पर सहयोगमा आधारित रहेको छ (संविधानको धारा ५०)। संविधानका अनुसूचीहरूले तहगत सरकारका एकल अधिकारका सूची (अनुसूची ८) का साथै साझा अधिकारको सूचीसमेत (अनुसूची ९) निर्धारण गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले साझा सूचीबाट केही अधिकार पालिकालाई निक्षेपण समेत गरेको छ। दिगो विकासका लक्ष्य प्राप्तिमा समन्वय र सहकार्यका आवश्यकता देहायका विषयले देखाउछ।

#### (१) साझा सूची र विषयमा समन्वय

संविधानका कार्यसूचीलाई नेपाल सरकारले कार्य विस्तृतीकरण गरेको छ तथापि साझा विषय र साझा सूचीका विषयमा संघीय एकाईहरूबीच समन्वय, सहयोग र सहकार्य जरुरी हुन्छ। वित्तीय अन्तरसम्बन्ध र समन्वय संघीय एकाईबीचको वित्तीय अन्तरसम्बन्ध तहगत सरकारको सञ्चालन र आर्थिक कार्यसँग सम्बन्धित छ। यसमा मूलतः राजस्व संकलन, संघीय एकाईहरूबीच राजस्वको न्यायोचित वितरण तथा समतामूलक वित्तीय हस्तान्तरणका पक्ष पर्दछन्। संविधानमा वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, राष्ट्रिय

मापदण्ड, वैदेशिक सहकार्यताको प्रयोग, आन्तरिक ऋणको परिचालन आदि विविध पक्षमा गाउँपालिकाले संघ तथा प्रदेश सरकार र ती सरकारहरूले गाउँपालिकासँग सहकार्य र समन्वय गर्नुपर्ने संवैधानिक तथा कानूनी प्रावधान रहेका छन्। यसैगरी गाउँपालिकामा उठाउने कर तथा शुल्कका विषयमा समेत तहगत सरकारबीच समन्वय गरी संकलन गर्न सकेमा लागत र प्रभावकारिताका दृष्टिले समेत सहज हुन्छ।

**(२) <u>कार्यक्रममा दोहोरोपनाको अन्त्य</u>**

नयाँ संवैधानिक व्यवस्था गाउँपालिका सञ्चालनमा आएको तीन बर्ष व्यतीत भएको भए तापनि कतिपय विषय क्षेत्रमा कसले के काम गर्ने हो भन्नेबारेमा अन्यौलता बाँकी नै छ भने कतिपय बिषयमा दोहोरोपना कायमै छ। साझा अधिकारका विषयमा माथिल्लो तहबाट कानून नबनेसम्म तल्लो तहले के गर्ने भन्ने कुरा स्पष्ट हुन सक्ने अवस्था छैन। तीनै तहका सरकारको खर्च विश्लेषण गर्दा कतिपय कार्यहरूमा आउने दोहोरोपना हटाउनसमेत सहयोग, समन्वय, साझेदारी र सहकार्य आवश्यक पर्दछ।

**(३) <u>विकास र समृद्धिका लागि सहकार्य</u>**

संघीय एकाईहरू बीच आर्थिक उन्नति र प्रगतिमा सहकार्य आवश्यक पर्दछ। संघ, प्रदेश तथा गाउँपालिका र निजी क्षेत्रबीच विकास निर्माण तथा साझा कार्यक्रम सञ्चालनका लागि समेत विकासात्मक अन्तरसम्बन्ध, साझेदारी, सहकार्य र समन्वय आवश्यक हुन्छ।

**(४) <u>आर्थिक विकास तथा वाणिज्य</u>**

संविधान अनुसार अन्तर प्रदेश तथा अन्तर स्थानीय तह पारवहन वा कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानीमा वा विस्तारमा कुनै भेदभाव गर्न नपाउने गरी मुलुकको आर्थिक, औद्योगिक तथा वाणिज्य क्षेत्र प्रवर्द्धनका लागि समेत अन्तर तह र निजी क्षेत्रसँग सहयोग, समन्वय, सहकार्य र साझेदारी आवश्यक पर्दछ।

**(५) <u>प्राकृतिक स्रोत साधनको उपयोग र संरक्षण</u>**

संविधानको मौलिक हकमा वातावरण र विकासबीच सन्तुलन कायम गर्ने विषय समाहित भएका छन्। प्राकृतिक साधनको परिचालनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा संघीय एकाईबीच प्राकृतिक स्रोतको बाँडफाँट तथा हिस्सेदारी प्रदान गर्ने व्यवस्था छ। सबै प्रदेश तथा स्थानीय तहमा समान रूपमा प्राकृतिक स्रोत साधन हुन नसक्ने भएकोले एक आपसमा सहयोग र अन्तरसम्बन्ध आवश्यक हुन्छ। यसैले प्राकृतिक स्रोत साधनको संरक्षण, परिचालन र उपयोगमा समेत संघीय एकाईबीच गहन अन्तरसम्बन्ध रहने गर्दछ।

**(६) <u>दिगो विकास लक्ष्य प्राप्ति</u>**

दिगो विकास लक्ष्य प्राप्तिको निमित्त सरकारका तीन तहबीचको स्पष्ट लक्ष्य, सूचकको बाँडफाँट, यी लक्ष्य हासिल गर्न गाउँपालिकालाई वित्तीय स्रोतको व्यवस्था, तदनुरूप संस्थागत क्षमता अभिवृद्धि र प्रगति प्रतिवेदनका विभिन्न क्षेत्रमा तहगत सहयोग, समन्वय, साझेदारी र सहकार्य आवश्यक पर्ने हुन्छ।

**(७) सरकार बाहिरका विकास साझेदारसँगको समन्वय र सहकार्य**

दिगो विकास लक्ष्य सरकारी निकायको मात्र जिम्मेवारीका विषय होइनन्। यी लक्ष्य प्राप्तिका निमित्त सरकारी, निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र सामुदायिक क्षेत्रबीचको रणनीतिक साझेदारी जरुरी हुन्छ। सरकार बाहिरका विकास अभियन्ता स्थानीयस्तरमा गाउँपालिकासँग निकट रहेर काम गर्ने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाले नै यी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ। स्थानीयस्तरको विकास अभियन्तालाई परिचालन गर्ने उपयुक्त संरचना नै गाउँपालिकाका रहेकाले दिगो विकासको स्थानीयकरण गर्दै विकासका सरोकारवालाका योजना र कार्यक्रमलाई स्थानीय योजना तथा बजेट तर्जुमामा आबद्ध गरिनेछ।

**(८) समन्वय, सहकार्य तथा साझेदारी सम्बन्धी मार्ग**

समन्वय, सहकार्य र साझेदारीको माध्यमबाट स्थानीय जनताको हितको प्रवर्द्धन र समुन्नति तथा दिगो विकास हासिल गर्न ध्यान दिनुपर्ने विषयहरू निम्न छन्।संविधानले गाउँपालिकालाई पर्याप्त अधिकारसहित स्वायत्तताको सुनिश्चितता गरे तापनि उनीहरू एक्लैले सम्पूर्ण जिम्मेवारी सम्पादन गर्न सम्भव छैन्।गाउँपालिकाले विकासका उद्देश्य तथा लक्ष्य निर्धारण गर्दा वास्तविकता र प्राथमिकतामा आधारित रहेर गरिनेछ। यसरी लक्ष्य निर्धारण गर्दा सहकारी संघीयताको मर्मअनुसार राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र लक्ष्यसँग तालमेल हुने गरी यथार्थपरक र वस्तुगत ढंगले गरिनेछ।

**(१) संघ तथा प्रदेशको मार्गदर्शनको परिपालन**

गाउँपालिकाले दिगो विकास हासिल गर्न राष्ट्रिय तथा प्रादेशिक नीति र मार्गनिर्देशनको ग्रहण एवम् अवलम्बन गरिनेछ। गाउँपालिकाको कार्यसूचीभित्र परेका कतिपय सार्वजनिक सेवा गाउँपालिकामा मात्र नभई सम्पूर्ण मुलुकका लागि नै महत्वपूर्ण हुन्छन्। कतिपय क्षेत्रमा मुलुकले अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत गरेको हुन्छ। संविधानको धारा ६०(६) ले समानीकरण, सःशर्त, समपूरक र विशेष अनुदान संघीय कानूनले निर्देशित गर्न सक्ने व्यवस्था गरेको छ।

दिगो विकास लक्ष्यका लागि आवश्यक लगानीका निमित्त गाउँपालिकाको आन्तरिक आयमात्र पर्याप्त हुँदैन। यसको निमित्त माथिल्ला तहका सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र अनुदान अत्यावश्यक हुने गर्दछ। यस परिवेशमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रतिपादन गरेका मापदण्ड, जारी गरेका मार्गदर्शन र नीति नियमलाई समेत गाउँपालिकामा अवलम्बन गरिनेछ। स्थानीय सेवाका लागि गाउँपालिकाबाट तर्जुमा गरिएका सेवा तथा खर्चका मापदण्ड ती निकायबाट जारी गरिएका मापदण्डसँग तालमेल हुने गरी मिलाइनेछ।

**(२) संघ र प्रदेशका विषयगत मन्त्रालय/विभागहरूसँग समन्वय**

स्थानीय विकासका लक्ष्य प्राप्तिका निमित्त सबै सरकारी तहमा विषयगत समन्वयको आवश्यकता पर्दछ। गाउँपालिका अग्रपंक्तिका धेरै सेवा प्रदान गर्न तुलनात्मक लाभका अवस्थामा रहेका छ। तर यस्ता सार्वजनिक सेवा पुऱ्याउन गाउँपालिकासँग प्रायः प्राविधिक विज्ञताको छ।विभिन्न तहमा रहेका विषयगत निकायहरूमा समेत गाउँपालिकाले आपसी सहकार्य, समन्वय र साझेदारी गरिनेछ। गाउँपालिकाले विभिन्न संघीय तथा प्रदेश मन्त्रालयद्वारा तयार पारिएका स्थानीय सेवा प्रवाहसम्बन्धी प्राविधिक मार्गदर्शन तथा मापदण्ड र सहयोगमा निर्भर रहनेछ।

**(३) निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजसँग सहकार्य**

स्थानीय विकासका लक्ष्य हासिल गर्न स्थानीय समुदाय तथा निजी क्षेत्रलाई सक्रियताका साथ संलग्न गराउनुपर्दछ। गाउँपालिकाको योजना तथा निर्णय प्रक्रियामा सधैं लगानी बढाउनेतिर मात्रै ध्यान दिने गरिन्छ। स्थानीय योजना तथा बजेट भनेको नवीनतम योजना शुरु गर्ने तथा संघीय एवम् प्रादेशिक कोष वृद्धि गर्ने वा निजी क्षेत्र वा समुदायबाट हुने योगदानलाई न्यूनतम अथवा उनीहरूलाई आर्थिक भार नपारिकन सञ्चालन गर्नेतर्फ कम ध्यान पुगेको पाइन्छ। कतिपय अवस्थामा गाउँपालिकाले गर्ने कार्यहरू यी निकायमार्फत सञ्चालन गर्दा बढी मितव्ययी र प्रभावकारी समेत हुने गर्दछन्। यस्ता कार्यमा सरकार बाहिर रही काम गर्ने निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसँग सहकार्य र साझेदारी बढाइनेछ।

स्थानीय सामर्थ उच्चतम उपयोग गर्न गाउँपालिकाले "सहकार्यमूलक शासन व्यवस्था" मार्फत सार्वजनिक क्षेत्र व्यवस्थापनको काम गरिनेछ। गाउँपालिकाले लक्ष्य हासिल गर्न एकै लक्ष्य भएका विभिन्न निजी क्षेत्रका सरोकारवाला तथा समुदायसँग सहकार्य गर्नेछ। सार्वजनिक स्रोत खर्च गर्नु नपर्ने कार्यक्रम जस्तै युवा खेलकुद कार्यक्रम वा वातावरणीय कार्यक्रम विद्यालयमा आयोजना गरेर लक्षित समुदायलाई उत्प्रेरित गरिनेछ।

**(४) प्रतिवेदनका लागि राष्ट्रिय प्रणालीको अवलम्बन**

सबै तहमा दिगो विकास लक्ष्य हासिल गर्न राष्ट्रिय प्रणालीमा प्रतिवेदन (Report) गर्नु आवश्यक हुन्छ। गाउँपालिकलाई सहकार्य मार्फत् दिगो विकास लक्ष्य हासिल गर्न राष्ट्रिय प्रणाली आवद्ध गरिनेछ।

# परिच्छेद-५

## दिगो विकासका लक्ष्य र स्रोतको उपयोग तथा गाउँपालिकाको शासकीय पद्धतिको कार्यढाँचा

### (क) दिगो विकासका लक्ष र वित्तीय हस्तान्तरण उपयोगको रणनीतिक कार्यढाँचाः

### १. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी.राजस्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग सम्बन्धमा गाउँपालिकाले लिने नीति तथा रणनीतिहरूः

अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च गाउँपालिकाको आन्तरिक आयबाट अपुग भएमा मात्र मितव्ययी हिसावले राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक खर्चमा उपयोग गरिनेछ। राजस्व बाँडफाँडको बचत रकम गाउँपालिकाले क्षेत्र अन्तर्गतका विकास निर्माणका क्रियाकलापमा नतिजामूलक एवम् प्रभावकारी उपयोग गरिनेछ। संविधानले गाउँपालिकालाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्नका लागि यस्तो रकम उपयोग गर्ने नीति अङ्गिकार गरनिछ। दिगो विकासका लक्ष प्राप्तिका लागि सहयोग गुग्ने गरी राजस्व बाँडफाँडको रकम उपयोगको सन्दर्भमा देहायको नीति रणनीति अवलम्बन गरिनेछः

१. राजस्व बाँडफाँडबाट प्राप्त रकम गाउँपालिकाले उद्देश्यपरक ढंगले तोकिएको कार्यमा खर्च गरिनेछ।
२. राजस्व बाँडफाँडबाट प्राप्त रकम नतिजामूलक एवम् प्रभावकारी ढंगले खर्च गरिनेछ ।
३. राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम संविधानले गाउँपालिकालाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्नका लागि उपयोग गरिनेछ ।
४. राजस्व बाँडफाँडबाट प्राप्त रकम सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गरिनेछ।
५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१(४) बमोजिम हुने गरी राजस्व बाँडफाँडबाट प्राप्त रकम खर्च गरिनेछ ।
६. अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर गाउँपालिकाको आन्तरिक राजस्व संकलनको रकम (आन्तरिक आय) र राजस्व बाँडफाँडको रकमबाट नै मितव्ययी रुपमा व्यवस्थापन गरिनेछ, सोले नपुगेमा मात्रै संघबाट प्राप्त राजस्व बाँडफाँडको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गरिनेछ।
७. राजस्व बाँडफाँडबाट प्राप्त रकम गाउँपालिकाभित्र न्यायोचित, सन्तुलित र पारदर्शी रुपमा खर्च गरिनेछ।
८. राजस्व बाँडफाँडबाट प्राप्त रकम गाउँपालिकाले जनतालाई पुच्याउनुपर्ने सेवा, विकास निर्माणका कार्य, वडागत असन्तुलन, गरिबी एवम् आर्थिक सामाजिक असमानताको न्यूनीकरण,

बञ्चितीकरणको अन्त्य, अपाङ्गता भएकाहरूको संरक्षण, मानवीय जीवनस्तरको अभिवृद्धि, आकस्मिक कार्य र कुनै अस्थायी आवश्यकता पूरा गर्न समेत उपयोग गरिनेछ ।

९. समष्टिगत रुपमा राजस्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग प्रशासनिक खर्च, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास लगायतका गाउँपालिकाको सन्तुलित र समतामूलक विकास गर्ने उद्देश्यले खर्च गरनेछ।

१०. संविधानले गाउँपालिकालाई प्रत्याभूत गरेको क्षेत्राधिकार भित्रको स्वायत्तता र प्राथमिकतालाई समेत ध्यानमा राखी राजस्व बाँडफाँडबाट प्राप्त रकम खर्च गरिनेछ ।

११. गाउँपालिकाले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम गाउँपालिका तर्फबाट जम्मा गरिने कर विभाज्य कोषमा जम्मा गरी एक अर्कोलाई प्रदान गरि हिस्सा उपलब्ध गराइनेछ।

१२. गाउँपालिकाले संविधान र ऐनले तोकेको परिधिभित्र रही कर तथा गैरकर राजस्व संकलन गर्नुका साथै उपयुक्त क्षेत्रमा राजस्वको दायरा विस्तार गरिनेछ। यसरी दायरा विस्तार गर्दा तीनै तहबीच करमा दोहोरोपना नहुनेतर्फ ध्यान दिइनेछ।

१३. गाउँपालिकाले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनको कानूनी प्रावधान बमोजिम तोकिएको समयावधि भित्रै राजस्व लगायतको बिवरण तोकिएका निकाय समक्ष पेश गरिनेछ ।

१४. गाउँपालिकाले राजस्व र खर्चको अभिलेख व्यवस्थित रुपमा राखिनेछ।

१५. गाउँपालिकाका जनप्रतिनिधि एवम् संवद्ध कर्मचारीले आफूले गरेको खर्चको पारदर्शिता एवम् जवाफदेहिता निर्वाह हुने व्यवस्था मिलाइनेछ।

१६. गाउँपालिकाका दोहोरो राजस्व अधिकार क्षेत्रभित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करको सहज कार्यान्वयनका लागि नेपाल सरकार समक्ष समन्वय गरिनेछ।

१७. गाउँपालिकाले संवैधानिक जिम्मेवारी निर्वाह गर्न आफूले परिचालन गर्ने राजस्व र प्राप्त गर्ने राजस्व पूर्वानुमानयोग्य बनाइनेछ ।

१८. गाउँपालिकाले आफूलाई संविधान र कानूनले दिएको परिधिभित्र रही क्षेत्रभित्र राजस्व उठाउन सक्ने कुल सम्भाव्यता पहिचान गर्दै राजस्व संकलनको प्रयास गरिनेछ।

## २. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको उपयोग र यस सम्बन्धी नीति तथा रणनीतिहरू

नेपाल सरकारले स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्दछ । वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य खर्चको आवश्यकता र

राजस्वको क्षमताको अन्तरबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम गाउँपालिकालाई प्रदान गरिएको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण हुने भएकाले संवैधानिक जिम्मेवारी पूरा गर्न यसको उपयोग गरिनेछ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन र प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने व्यवस्था रहेकोले गरिएकोले वित्तीय समानीकरण अनुदानको प्रयोग गाउँपालिकाले नेपालको संविधान अनुसार आफूलाई प्राप्त अधिकार अनुरुपको कार्य-जिम्मेवारी पूरा गर्नका लागि खर्च गरिनेछ। नेपालको संविधानमा उल्लेख भएको गाउँपालिकाको अधिकार सूची बमोजिम आफूले उठाएको राजस्व र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमले सम्वोधन गर्नु पर्ने कार्यहरू बाहेकका सबै विषयगत कार्यहरू सम्पादन गर्नका लागि वित्तीय समानीकरण अनुदानको उपयोग गर्नु पर्ने हुन्छ। यसरी अनुदानको उपयोग गर्दा माथि अनुदान सिफारिस गर्दा लिइएका आधार तथा सूचकहरूमा सुधार तथा गुणस्तर कायम गर्ने गरी सबै विषयगत क्षेत्रहरूका कार्यहरू सम्पादन गर्नका लागि उपयोग गर्नु पर्नेछ। यस क्रममा गाउँपालिकाको सन्तुलन व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। त्यसरी अनुदानको उपयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक विनियोजन नै नहुने अवस्था आउन दिनु हुदैन। तसर्थ गाउँपालिकाले वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने रकमको उपयोग देहायका नीति तथा रणनीति बमोजिम उपयोग गरिनेछ।

(१) बित्तीय समानीकरण अनुदान रकमको प्रयोग जुन उद्देश्यका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गरिनेछ। अर्थात यस्तो अनुदान रकमको प्रयोग उद्देश्यपरक ढंगले तोकिएको कार्यमा नतिजामूलक एवम् प्रभावकारी रुपमा खर्च गरिनेछ।

(२) गाउँपालिकाको खर्चको आवश्यकता र राजस्वको क्षमता बीचको बित्तीय अन्तर का आधारमा देखिएको अन्तर परिपूर्ति गर्नमा वित्तीय समानीकरण अनुदान रकम प्रयोग गरिनेछ।

(३) संविधानको अनुसूची अनुसार गाउँपालिकालाई प्राप्त एकल र साझा सूची बमोजिमका कार्य जिम्मेवारी अनुसारको कार्यमा वित्तीय समानीकरण अनुदान उपयोग गरिनेछ।

(४) संविधानको मर्म र भावना बमोजिम विशेष अनुदान, समपुरक अनुदान र सशर्त अनुदानलाई न्यूनीकरण गर्दै त्यस्ता अनुदानबाट परिपूर्ति हुन नसकेको अन्तर (Gap) र राजस्व बाँडफाँडबाट प्राप्त रकमबाट समेत परिपूर्ति गर्न नसकिएको वित्तीय अन्तर (Fiscal Gap) लाई परिपूर्ति गर्न समानीकरण अनुदान रकम उपयोग गरिनेछ।

(५) गाउँपालिकाको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन र स्थानीय तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न तथा गाउँपालिकामा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक,सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा

संविधानले प्रत्याभूत गरेको खर्च जिम्मेवारी पूरा गर्न समानीकरण अनुदान रकमको उपयोग गरिनेछ।

(६) गाउँपालिकाहरूलाई सरकारी सेवाहरू न्यूनतम र समतामूलक रुपमा नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम उपयोग गरिनेछ।

(७) पछाडि परेका गाउँपालिकालाई राष्ट्रिय औसत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको उपयोग गरिनेछ ।

(८) गाउँपालिकाले राष्ट्रिय मापदण्ड ( National Standard) र राष्ट्रिय लक्ष्य बमोजिम काम कारबाहीहरू सम्पादन गर्नका लागि पनि वित्तीय समानीकरण अनुदानको रकम उपयोग गरिनेछ।

(९) गाउँपालिकाको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर घटाई राष्ट्रिय मापदण्ड अनुरुप नागरिकलाई न्यूनतम सेवा दिन सक्ने सामर्थ्य प्रदान गर्न समानीकरण अनुदान उपयोग गरिनेछ।

(१०) संविधानले निर्देश गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त बमोजिम गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याउन पनि समानीकरण अनुदानको उपयोग गरिनेछ ।

(११) समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको शक्तीकरण गर्न र गाउँपालिकालाई विकासको मूलप्रवाहमा ल्याउन समानीकरण अनुदानको उपयोग गरिनेछ।

(१२) संविधानले गाउँपालिकालाई दिएको संवैधानिक जिम्मेवारी अनुरुप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि समेत समानीकरण अनुदान उपयोग गरिनेछ।

(१३) अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा गाउँपालिकाले वित्तीय समानीकरण अनुदानबाट सकेसम्म खर्च नगर्न नीति अवलम्बन गरिनेछ।

### ३. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी प्रदेश सरकारबाट गाउँपालिकामा प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको उपयोग सम्बन्धी नीतिः

१. अनुदान रकमको प्रयोग जुन उद्देश्यका लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गरिनेछ।

२. खर्चको आवश्यकता र राजस्वको क्षमता बीचको वित्तीय अन्तरका आधारमा देखिएको अन्तर परिपूर्ति गर्नमा उपयोग गरिनेछ।

३. संविधानको अनुसूची अनुसार गाउँपालिकालाई प्राप्त एकल र साझा सूची बमोजिमका जिम्मेवारी अनुसारको कार्यमा उपयोग गरिनेछ।

४. गाउँपालिकाको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य स्थानीय तहसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, गाउँपालिकामा रहेको सडक, सिँचाइ,

विद्युत,सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्च जिम्मेवारी पूरा गर्न उपयोग गरिनेछ।

५. पछाडि परेका वडालाई विकासको औसतस्तरमा ल्याउन उपयोग गरिनेछ।

६. नजिकको सरकारको हैसियतले जनतालाई स्थानीय सरकारको अनुभूति हुने गरी दैनिक अत्यावश्यक वस्तु तथा सेवा सरल, सहज र सर्वसुलभ ढंगले गाउँ टोलमै उपलब्ध गराउन सघाउ पुर्याउने गरी उपयोग गरिनेछ।

७. संविधानले निर्देश गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त बमोजिम गाउँपालिकाको आर्थिक विकासमा योगदान पुच्याउन उपयोग गरिनेछ।

८. समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तीकरण गर्न र गाउँपालिकालाई विकासको मूलप्रवाहमा ल्याउन उपयोग गरिनेछ।

९. गाउँपालिकाका वडाको अवस्थितिलाई विश्लेषण गर्दा ती वडाको अलग अलग बिषमता रहेको अवस्थामा वडागत असन्तुलन कम गर्न, गरिबीको अवस्थालाई न्यूनीकरण गर्न, आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, बञ्चितीकरणको अन्त्य गर्दै सबै क्षेत्र, वर्ग, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहाय लगायतको सशक्तीकरण गरी गाउँपालिकालाई विकासको मूल प्रवाहमा ल्याउने प्रयोजनार्थ वित्तीय समानीकरण उपयोग गरिनेछ।

१०. अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा गाउँपालिकाले प्रदेश वित्तीय समानीकरण अनुदानबाट खर्च गर्न गरिने छैन।

## ४. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी सशर्त अनुदान उपयोग सम्बन्धी नीति तथा रणनीतिहरूः

राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक तथा कानुनी प्रावधान रहेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) मा राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार गाउँपालिकालाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) मा प्रदेश कानून वमोजिम प्रदेशले गाउँपालिकालाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ। उल्लिखित व्यवस्था वमोजिम नेपाल सरकारबाट स्थानीय तहलाई सिफारिस गर्दछ।

नेपाल सरकारले मुलुकमा आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै बि.सं. २०७९ सम्ममा विकासशील मुलुकमा र वि.सं. २०८७ सम्ममा दीगो विकासका लक्ष्यहरू हासिल

गर्दै मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुदै वि.सं. २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रुपान्तरण गरी "समृद्ध नेपाल, सुखी नेपाली" को साझा राष्ट्रिय आकांक्षा पुरा गर्ने दीर्घकालीन सोच लिएकाले स-साना आयोजना र कार्यक्रममा स्रोत छर्नुभन्दा ठूला रणनीतिक योजना कार्यान्वयनमा प्राथमिकता दिनुपर्ने हुन्छ। तसर्थ नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदान प्रदान गर्दा दिगो, फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला योजनाको कार्यान्वयनमा जोड दिनुपर्ने पर्दछ। स्थानीय सरकारले आफ्ना लक्ष्यहरू तय गर्दा साझा राष्ट्रिय लक्ष्य हासिल गर्न मद्दत पुग्ने गरी तय गरिनेछ ।

नेपाल सरकारले उपलब्ध गराउने सशर्त अनुदानको देहाय वमोजिमका आधार हुने गर्दछः

(क) संविधानको अनुसूची ५ मा सूचीकृत कामहरू गाउँपालिकाकाबाट कार्यान्वयन गराउँदा पूर्वाधार समेतका योजना तथा कार्यक्रमहरू।

(ख) प्रदेश सरकारबाट कार्यान्वयन गराउने संविधानको अनुसूची ७ मा भएका कार्यहरू।

(ग) प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गराउने संविधानको अनुसूची ९ मा दिईएका कार्यहरू।

(घ) नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय सरकारबाट सञ्चालन गरिनुपर्ने कुनै राष्ट्रिय नीति, योजना तथा कार्यक्रम वा मानक स्थानीय सरकार मार्फत लागु गराउने कार्यक्रमहरू।

(ङ) संविधानका अनुसूचीहरू बमोजिम पालिकाको क्षेत्राधिकारमा पर्ने, तर संघीयता कार्यान्वयन हुनुभन्दा अगाडीदेखि नेपाल सरकारबाट शुरुवात भई सञ्चालनमा रहेका, साथै आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिनुपर्ने कार्यक्रम र आयोजनाहरू ।

(च) नेपाल सरकारबाट बहुवर्षीय ठेक्का स्वीकृत भई नेपाल सरकारको दायित्व सिर्जना भैसकेका स्थानीयस्तरका योजना तथा कार्यक्रमहरू।

(छ) वैदेशिक सहायता अन्तर्गत स्थानीयस्तरमा सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरू।

(ज) नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि स्थानीयस्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरू

(झ) कुनै स्तानीय तहको कामबाट अन्य स्थानीय तहलाई प्रभाव पर्ने योजना तथा कार्यक्रमहरू।

(ञ) विशेषतः स्वास्थ्य सेवाको क्षेत्र, पूर्वाधार विकासको क्षेत्र, शिक्षा विकासको क्षेत्र र कृषि उत्पादनको क्षेत्र विशेषका योजना तथा कार्यक्रमहरू।

(ट) कोभिड-१९ जस्ता विपद्, महामारीको नकरात्मक प्रभावलाई सम्वोधन गर्न गाउँपालिकाबाट सञ्चालन गरिनुपर्ने तत्काल खास योजना तथा कार्यक्रमहरू।

## ५. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी सशर्त अनुदानको उपयोग र सो सम्बन्धी नीति तथा रणनीतिहरू :

(१) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा भएको व्यवस्था ऐन वा प्रचलित कानून वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सो प्रयोजनको लागि प्रयोग गरिनेछ।

(२) सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने कानूनी व्यवस्था वमोजिम तोकिएका शर्तहरूको पालना गरी कार्यान्वयन गरिनेछ।

(३) तीनै तहका सरकारले आफ्ना लक्ष्य प्राप्ति तथा साझा विकासका लक्ष्यः दिगो विकासका लक्ष्य हासिल गर्न र स्रोतको महत्तम परिचालनको प्रभावकारीता वृद्धि हुने गरी तथा त्यस्ता कार्यक्रममा दोहोरोपन नहुने गरी सर्शत अनुदानका कार्यक्रम कार्यान्वयन गरिनेछ।

(४) सशर्त अनुदान अन्तर्गत हस्तान्तरण हुने कार्यक्रम कार्यान्वयनका शर्तहरू स्पष्ट, मापनयोग्य र कार्यान्वयन योग्य रूपमा निर्देशित गर्न नेपाल सरकारसँग सहकार्य र समन्वय गरिनेछ।

(५) सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरू राष्ट्रिय मापदण्ड र नतिजा सूचकका आधारमा निर्माण गरी कार्यक्रम छनौट गरि कार्यान्वयन गरिनेछ।

(६) सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरू तर्जुमा गर्दा नेपाल सरकारका विषयगत मन्त्रालयसँग समन्वय र सहकार्य हुने गरि सञ्चालनको व्यवस्था गरिनेछ।

(७) नेपाल सरकारले बजेट तर्जुमा गर्दा सर्शत अनुदानका सबै कार्यक्रम वा आयोजना वा क्रियाकलापहरू समावेश गरी शुरूमै एकै पटक विनियोजन गर्न समन्वय र सहकार्य गरिनेछ।

(८) सशर्त अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम वा आयोजना वा क्रियाकलापहरू गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी सञ्चालन गरिनेछ।

(९) सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका योजना तथा कार्यक्रम कार्यन्वयनका लागि नेपाल सरकारसँग प्राविधिक सहयोग, सुझाव माग गरी कार्यान्वयन गरिनेछ।

(१०) अनुदानबाट सञ्चालनका त्यस्तो कार्यक्रमको नेपाल सरकारको सहयोग र साझेदारीमा औचित्यताको परीक्षण गर्ने र त्यस्तो कार्यक्रम थप कति समयसम्मको लागि सञ्चालन हुने हो सो समेत विश्लेषण गरिनेछ।

(११) बहुवर्षीय ठेक्का स्वीकृत भएका कार्यक्रमहरूमा सशर्त अनुदान प्राप्त गर्दा ती कार्यक्रमहरू सम्पन्न गर्नका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता नेपाल सरकारबाट गरिनेछ।

(१२) वैदेशिक सहायताबाट सञ्चालित सशर्त अनुदान प्राप्त योजना तथा कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र दातृ निकाय, संस्थाहरूसँगको समन्वय नेपाल सरकार मार्फत गरिनेछ।

(१३) सशर्त अनुदान प्राप्त योजना, कार्यक्रम तथा आयोजनाको प्रगति विवरण नेपाल सरकारका सम्बन्धित बिषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन गरिनेछ।

(१४) स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका विषयमा प्राप्त हुने सर्शत अनुदान गाउँपालिकाबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने पहल गर्ने।

(१५) समान प्रकृतिका उदेश्य प्राप्तिमा प्राप्त हुने अनुदान दोहोरो नपर्ने गरी एकीकृत रुपमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(१६) लागत प्रभावकारीतालाई प्रोत्साहित गर्ने गरी सशर्त अनुदान रकमको उपयोग गर्दै योजना तथा कार्यक्रम सञ्चालन गर्न गरिनेछ।

(१७) शिक्षाको विकासका लागि आधारभुत शैक्षिक पूर्वाधार निर्माण गर्न र गुणस्तरीय शिक्षाको अभिवृद्धी एवम् आधारभुत शिक्षामा आम गाउँबासीको पहूँच स्थापित गर्नका लागि समेत शिक्षा सम्वन्धी निश्चित योजना वा कार्यक्रम सञ्चालन गर्दा खर्चको दक्षता वृद्धिलाई प्रोत्साहित गर्ने गरी रकम उपयोग गरिनेछ।

## ६. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको उपयोग सम्बन्धी नीति र रणनीतिहरू :

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा भएको व्यवस्था ऐन वा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सो प्रयोजनको लागि प्रयोग गरिनेछ। गाउँपालिकाले प्रदेश तथा लक्ष्य प्राप्तिका लागि स्रोतको महत्तम परिचालनको प्रभावकारीता वृद्धि हुने गरी तथा त्यस्ता कार्यक्रममा नेपाल सरकारबाट प्रदान गरिने सशर्त अनुदानमा दोहोरोपन नहुने गरी उपयोग गरिनेछ। देहाय नीति तथा रणनीति कार्यान्वयन गरिनेछः

१. सशर्त अनुदान अन्तर्गत हस्तान्तरण हुने कार्यक्रम कार्यान्वयनका शर्तहरू स्पष्ट, मापनयोग्य र कार्यान्वयन योग्य बनाउँन प्रदेश सरकारसँग सहयोग र साझेदारी गरिनेछ ।
२. सशर्त अनुदानबाट सञ्चालन गराउने कार्यक्रमहरू राष्ट्रिय तथा प्रादेशिक मापदण्ड र नतिजा सूचकका आधारमा कार्यक्रम छनौट गरिनेछ।
३. सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरू तर्जुमा गर्दा प्रदेश सरकारका विषयगत मन्त्रालयसँग समन्वय गरेर मात्र गरिनेछ।
४. प्रदेश सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजना वा क्रियाकलापहरू समावेश गरी शुरूमै एकै पटक विनियोजन पठाउन सहकार्य गरिनेछ।
५. सशर्त अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम वा आयोजना वा क्रियाकलापहरू गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश तथा स्वीकृत गरी सञ्चालन गरिनेछ।

६. सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका योजना तथा कार्यक्रम कार्यन्वयनका लागि गाउँपालिकाले प्रदेश सरकारसँग प्राविधिक सहयोग लिई कार्यान्वयन गर्न प्राथामिकता दिइनेछ।
७. स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका विषयमा प्राप्त हुने सर्शत अनुदान गाउँपालिकाबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने पहल गरिनेछ।
८. समान प्रकृतिका उदेश्य प्राप्तिमा प्राप्त हुने अनुदान दोहोरो नपर्ने गरी एकीकृत रुपमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
९. लागत प्रभावकारीतालाई प्रोत्साहित गर्ने गरी सशर्त अनुदान रकमको उपयोग गर्दै योजना तथा कार्यक्रम सञ्चालन गर्न गरिनेछ।
१०. शिक्षाको विकासका लागि आधारभुत शैक्षिक पूर्वाधार निर्माण गर्न र गुणस्तरीय शिक्षाको अभिवृद्धी एवम् आधारभुत शिक्षामा आम गाउँबासीको पहूँच स्थापित गर्नका लागि समेत शिक्षा सम्वन्धी निश्चित योजना वा कार्यक्रम सञ्चालन गर्दा खर्चको दक्षता वृद्धिलाई प्रोत्साहित गर्ने गरी रकम उपयोग गरिनेछ।

## ७. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी आन्तरिक ऋणको सीमा र उपयोग सम्बन्धी नीति तथा रणनीतिहरूः

राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएसँगै संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग हुने प्रणाली स्थापित भएको छ। नेपालको संविधानमा तीनै तहका सरकारले कानून बमोजिम ऋण लिन सक्ने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २३ ले तीनै तहका सरकारले आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्ने र बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था गरेको छ। बजेट घाटा पूर्ति गर्ने स्रोतको रूपमा तीनै तहका सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्दछन्। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ। दिगो विकासका लक्ष प्राप्तिमा स्रोतको सुनिश्चिता हुने गरी गाउँपालिकाबाट संघीय कानून बमोजिम देहायको नीति तथा रणनीतिमा आन्तरिक ऋण उठाउने तथा परिचालन गरिनेछः

(क) आन्तरिक ऋणको उपयोग पुँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने तथा दिगो विकासका लक्ष प्राप्तिमा सहयोग हुने क्षेत्रमा गरिनेछ।

(ख) ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ वा आम्दानीबाट सो परियोजनामा लगानी गरिएको ऋणको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र आन्तरिक ऋण उपयोग गरिनेछ।

(ग) "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन राष्ट्रिय लक्ष्य हासिल गर्न संघ, गाउँपालिकाले समन्वयात्मक रुपमा आर्थिक तथा भौतिक पूर्वाधार निर्माण गर्ने कार्यका लागि आन्तरिक ऋणको उपयोग गरिनेछ।

(घ) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग गरिने छैन।

(ङ) अनुत्पादक क्षेत्रमा आन्तरिक ऋणको उपयोग गरिने छैन ।

(च) स्थानीयस्तरमा दिगो विकास लक्षका सूचक प्राप्ति गर्ने गरी ऋण उपयोग गरिनेछ।

## ८. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी प्रदेश सरकारबाट गाउँपालिकामा प्रदान गरिने सवारी साधन करको उपयोग सम्बन्धी नीति तथा रणनीतिहरू:

केही करहरू गाउँपालिकाको एकल अधिकारको सूचीमा रहेका छन भने केही करहरू गाउँपालिकाको दोहोरो अधिकारको सूचीमा रहेका छन्। संविधानको अनुसूचीमा स्थानीय तह तथा प्रदेश दुवैको अधिकार क्षेत्रमा सवारी साधन कर लगायतका करहरूको व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम स्थानीय तह र प्रदेशको दोहोरो अधिकारमा रहेको सवारी साधन करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने व्यवस्था रहेको छ।सोही ऐनको दफा ६क बमोजिम सङ्कलित रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत हिस्सा प्रदेश सञ्चित कोषमा रहने र ४० प्रतिशत हिस्सा प्रदेश विभाज्य कोषमार्फत स्थानीय तहलाई बाँडफाँड गरिनेछ। करको उपयोग सम्बन्धी नीति तथा रणनीतिहरू देहाय बमोजिम रहेका छन:

(१) नेपालको प्रचलित संघीय कानूनमा प्रदेश तथा स्थानीय तहको दोहोरो क्षेत्राधिकारमा रहेका करको एकल प्रशासन कायम गरी त्यस्ता करबाट उठ्ने राजस्व दुई तहबीच बाँडफाँड गरी सो रकमको उपयोग गर्न प्रदेशसँग समन्वय र सहकार्य गरनेछ।

(२) सवारी साधन कर मुलतः सडक निर्माण तथा मर्मत एवम् वातावरणीय प्रदुषण कम गर्नका लागि उठाइने भएकाले सवारी साधन करको हिस्सा सडक निर्माण तथा मर्मत र वन तथा वातावरण संरक्षण एवम् संवर्द्धन गर्नमा प्रयोग गरिनेछ ।

(३) दोहोरो अधिकार क्षेत्रभित्र रहेका सवारी साधन कर लगाउँदा दोहोरो प्रशासनिक व्यवस्थालाई सहजीकरण गर्न, कर संकलन लागत घटाउन र आम जनतालाई बढी बोझिलो तथा झन्झटिलो कर प्रणालीबाट मुक्ति दिन पनि मौजुदा विधीको अवलम्बनबाटै सवारी साधन कर बाँडफाँड गरी सो रकमको उपयोग गर्न प्रदेशसँग समन्वय र सहकार्य गरनेछ।

(४) गाउँपालिकाको दोहोरो राजस्व अधिकारक्षेत्रभित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करको सहज कार्यान्वयनका लागि संघीय सरकार तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ।

## ९. दिगो विकास लक्ष प्राप्तिलाई सहयोग पुग्ने गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी उपयोग सम्बन्धी नीति तथा रणनीतिहरू:

(१) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सा गाउँपालिकाले प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन सम्बन्धी दिगो विकासको सिद्धान्त, पूर्व सावधानीको सिद्धान्त, सार्वजनिक न्यायको सिद्धान्त, प्रदुषकले क्षतिपूर्ति बहन गर्ने सिद्धान्त, प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त, लाभको समन्यायिक बाँडफाँडको सिद्धान्त र प्रवराधिकारको सिद्धान्त समेतमा आधारित रहि उपयोग गरिनेछ।

(२) प्राकृतिक स्रोतको रोयल्टीबाट प्राप्त रकमको उपयोग प्रभावित क्षेत्रका जनतालाई प्रभावका आधारमा समन्यायिक उपयोग गरिनेछ।

(३) प्राकृतिक स्रोत जुन स्थानमा रहेको छ सो स्थानलाई विशेष लाभसहित यसबाट प्रभावित हुने वडा तथा समुदायालाई समेत परिलक्षित गर्दै परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र, मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्यालाई प्रमुख आधार मानी रोयल्टी बाँडफाँड रकमको उपयोग गरिनेछ।

(४) त्यसैगरी विद्युतबाट प्राप्त रोयल्टी रकम गाउँपालिकाले उपयोग गर्दा विद्युतका मूख्य संरचनाहरू रहेको स्थान, विद्युत आयोजनाबाट प्रभावित स्थान, आयोजनाको वरिपरिको उपल्लो र तल्लो तटीय प्रभावित क्षेत्र एवम् सो आयोजनाबाट ती स्थानहरूमा रहने स्थानीय जनता (जनसङ्ख्या) को हित समेतलाई ध्यान दिई विद्युतसम्बन्धी रोयल्टी रकमको उपयोग गरिनेछ।

(५) राष्ट्रिय वनको अवस्थिति रहेको स्थान, सो वनले ओगटेको ठाउँ, सो वनमा निर्भर तथा आश्रित जनसङ्ख्या, त्यस्ता वनबाट प्रभावित हुने जनसङ्ख्या, सो वनको संरक्षण र दिगो व्यवस्थापन लगायत वातावरण संरक्षण गरी हरियाली प्रवर्धन गर्ने विषयलाई समेत मध्यनजर गर्दै गाउँपालिकाले वन सम्बन्धी रोयल्टी उपयोग गरिनेछ। हुन्छ।

(६) संरक्षित क्षेत्रबाट प्राप्त गर्ने रोयल्टीको उपयोग गर्दा संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रहरूको व्यवस्थापन तथा संरक्षणमा समेत सो हिस्साबाट उपयोग गर्ने गरी मध्यवर्ती क्षेत्रको वातावरण संरक्षण र हरियाली प्रवर्धनमा जोड दिइनेछ।

(७) खानी तथा खनिज पदार्थको उत्खनन् गरिरहेको ठाउँ, त्यस्तो खनिज पदार्थको उत्खनन् र परिचालन गर्नका लागि तोकिएको क्षेत्र, त्यस्तो खानी तथा खनिजबाट प्रभावित स्थान र सो स्थानमा रहने प्रभावित स्थानीय जनताको हित तथा सो क्षेत्रको प्रदुषण नियन्त्रण र वातावरण

संरक्षण एवम् प्रवर्धन गर्नका लागि पालिकाले खानी एवम् खनिज पदार्थबाट प्राप्त रोयल्टी रकमको उपयोग गर्नेछ।

(८) राष्ट्रिय प्राकृतिक स्रोतको परिचालन, बाँडफाँड, वितरण, यसको उपयोग, लगानी, प्रतिफलको हिस्सा र लाभको वितरण सम्बन्धमा प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकार तथा प्रदेशसँग सहयोग साझेदारी र समन्वय गरिनेछ।

(९) वनको प्रकार अनुसार वनबाट प्राप्त हुने रोयल्टीको तथ्याङ्क र अभिलेख व्यवस्थित एवम् बैज्ञानिक ढंगले स्थानीय तहगत रुपमा राख्नु पर्ने देखिन्छ। साथै प्रचलित वन कानूनमा रोयल्टीको परिभाषा नभएकोले वन रोयल्टी परिभाषित गरी ऐनमा समावेश गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

(१०) खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टीको उपयोग गर्दा खानी तथा खनिज उत्खनन् कार्यले सामाजिक तथा भौतिक वातारवरणमा परेको र पर्न सक्ने सम्भावित जोखिम तथा असरहरूलाई न्यूनीकरण गर्ने कार्यका लागि प्राथमिकता दिइनेछ।

(११) ढुंगा, गिटी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन, अनुगमन, नियन्त्रण, निर्देशन एवम् नियमन तथा उपयोग सम्बन्धमा संघ तथा प्रदेशसँग सहकार्य गरी कानून निर्माण तथा दिगो उपयोगलाई ध्यान दिइनेछ।

(१२) उपलब्ध प्राकृतिक स्रोतमाथिको सार्वभौम अधिकार राज्यमा निहित हुने हुँदा त्यस्ता स्रोतहरूबाट प्राप्त प्रतिफलको हिस्सा सार्वजनिक हितको लागि उपयोग गरिनेछ। सन्दर्भमा प्राकृतिक स्रोत र साधनमा स्थानीय समुदायको जिवनयापन आश्रित हुने, स्रोतको संरक्षण र सम्बर्धनमा स्थानीय समुदायको योगदान हुने र स्रोतको परिचालन गर्दा स्थानीय समुदाय प्रभावित हुनसक्ने हुँदा त्यस्ता स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्साबाट उनीहरूको संरक्षण, संबर्धन लगायतका प्राथमिकताका क्षेत्रका समेत उपयोग गर्ने रणनीति लिइनेछ।

(१३) विकासका कृयाकलापबाट मानव स्वास्थ्य, प्राकृतिक स्रोत र समग्र वातावरणमा पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न, दिगो विकास र वातावरण संरक्षण सम्बन्धी विश्वव्यापी अवधारणाको अनुसरण गर्न, प्राकृतिक स्रोतको संरक्षणमा आम सर्वसाधारण जनताको पहुँच र अपनत्व स्थापित गर्न, वातावरण संरक्षण र आर्थिक विकासबीच संतुलन कायम गर्न, प्राकृतिक स्रोतको संरक्षण, उपयोग र व्यवस्थापनमा सम्बद्ध जनता, समुदाय तथा क्षेत्र विशेषलाई प्राकृतिक स्रोतको प्रतिफलबाट प्राप्त लाभमा समन्यायिक संलग्नता गर्न समेत रोयल्टी रकमको उपयोग गरिनेछ।

## १०. दिगो विकासको लक्ष र समपूरक अनुदान उपयोगको क्षेत्र र नीति तथा रणनीति देहाय बमोजिम हुनेछन:

### (क) उपयोगको क्षेत्र

(क) कृषि उपजको भण्डारण गृह सम्बन्धी आयोजना, कार्यक्रम,

(ख) खानेपानी सम्बन्धी आयोजना, कार्यक्रम,

(ग)ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकासका लागि कार्यान्वयन गरिने आयोजना, कार्यक्रम

(घ)नवीनतम प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने सिंचाई तथा नदी नियन्त्रण आयोजना, कार्यक्रम,

(ङ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने आयोजना, कार्यक्रम,

(च) विद्यालय भवन निर्माण जस्ता शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना, कार्यक्रम,

(छ) पर्यटन पूर्वाधार निर्माण आयोजना, कार्यक्रम,

(ज) मझौला पुल निर्माण सम्बन्धी आयोजना, कार्यक्रम,

(झ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार निर्माण आयोजना, कार्यक्रम,

(ञ) स्थानीय, ग्रामीण वा कृषि सडक, जल मार्ग, शहरी सडक सम्बन्धित सडक योजना,

(ट)स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित अन्य आवश्यक पूर्वाधार निर्माण आयोजना, कार्यक्रम,

(ठ) गाउँपालिकाको कार्यालय र वडा कार्यालय रहने भवन निर्माण आयोजना, कार्यक्रम,

(ड)वन, वातावरण तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी आयोजना, कार्यक्रम,

(ढ)जोखिमयुक्त वस्ती स्थानान्तरण सम्बन्धी आयोजना, कार्यक्रम,

(ण) विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना, कार्यक्रम,

(त)नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना, कार्यक्रम ।

## (ख) नीति तथा रणनीति

(१) आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई नगरी योजान माग गरिने छैन।

(२) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन आधारमा प्रदेश तथा संघमा माग गरिनेछ।

(३) आयोजना/कार्यक्रमको कुल लागत र प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपनाको मूल्याङ्कन गरी आयोजना माग गरिनेछ।

(४) आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति तयार पारिनेछ।

(५) आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन तयार गरेरमात्र कार्यान्वयन गरिनेछ।

(६) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको बिवरण सुनिश्चिता गरी कार्यान्वयन गरिनेछ।

(७) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने नीति अबलम्वनलाई गरी त्यस्तो सहकार्य दिगो र भरपर्दो बनाउने रणनीति कार्यान्यवन गरिनेछ।

(८) जनताको आयस्तर वृद्धि गरी गरिवी निवारणमा योगदान पुग्ने योजना छनोट गरी माग गरिने,

(९) स्थानीय रोजगारी वृद्धि गर्ने योजनालाई प्रथामिकता दिइनेछ।

(१०) स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने योजना माग गरिननेछ।

(११) आवधिक योजनाले लिएका स्थानीय प्राथमिकता र उद्देश्यसँग मेल खाने र स्थानीय सन्तुलन कायम गर्न सहयोग पुग्ने योजनाको सूचि तयार गरिनेछ।

११. विशेष अनुदान परिचालनका क्षेत्र तथा दिगो विकासको लक्ष प्राप्ति हुने गरी विशेष अनुदान परिचालन गर्ने नीति तथा रणनीतिहरू:

(क) अनुदान माग गरिने क्षेत्र:

(१) न्यून साक्षरता भएका वडा तथा वर्गको शैक्षिक विकासको लागि सो क्षेत्रमा सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम,

(२) बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएका वडा तथा समुदायमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम,

(३) विवन्न तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदायलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम,

(४) अल्पसंख्यक, सिमान्तकृत विपन्न वर्ग एवं पिछडिएको वडा तथा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकासका लागि लक्षित गरी सञ्चालन गरिने कुनै आयोजना/कार्यक्रम,

(५) गाउँपालिकाको वडाबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम,

(६) खाद्यान्नको उत्पादनमा न्यूनता भएका वडामा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजन/कार्यक्रम,

(७) आधुनिक प्रविधिको उपयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रम,

(८) जोखिम विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजना/कार्यक्रम

(ख) नीति तथा रणनीति:

(१) आयोजना/कार्यक्रमको संभाव्यता, लागत अनुमान, आयोजना/कार्यक्रम कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभको अवस्था, विश्लेषण गरी माग प्रदेश तथा नेपाल सरकारमा माग गरिनेछ।

(२) आयोजना/कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई नगरी योजान माग गरिने छैन।

(३) आयोजना/कार्यक्रमको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन आधारमा प्रदेश तथा संघमा माग गरिनेछ।

(४) आयोजना/कार्यक्रमको कुल लागत र प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा दिगोपनाको मूल्याङ्कन गरी आयोजना माग गरिनेछ।

(५) आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति तयार पारिनेछ।

(६) आयोजना/कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन तयार गरेरमात्र कार्यान्वयन गरिनेछ।

(७) एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको बिवरण सुनिश्चिता गरी कार्यान्वयन गरिनेछ।

(८) जनताको आयस्तर वृद्धि गरी गरिवी निवारणमा योगदान पुग्ने योजना छनोट गरी माग गरिने,

(९) स्थानीय रोजगारी वृद्धि गर्ने योजनालाई प्रथामिकता दिइनेछ।

(१०) स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने योजना माग गरिननेछ।

(११) आवधिक योजनाले लिएका स्थानीय प्राथमिकता र उद्देश्यसँग मेल खाने र स्थानीय सन्तुलन कायम गर्न सहयोग पुग्ने योजनाको सूचि तयार गरिनेछ।

## १२. बालमैत्री स्थानीय शासन र दिगो विकासका लक्ष्य

गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो। राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संबैधानिक जिम्मेवारी र नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको अभियान पुरा गर्न पन्ध्रौं योजनामा राखिएको दूरदृष्टि तथा दीगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी भई कार्यान्वयनमा आएको छ।
दिगो विकास लक्ष्य मध्ये देहायका लक्ष्य प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बालमैत्री स्थानीय शासनको कार्यान्वयनबाट हासिल गर्न सकिन्छ। नेपाल सरकारबाट जारी भएको निर्देशिकाले सन् २०३० सम्म सबै

स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य सहित दिगो विकासका लक्ष्य प्राप्तिमा स्थानीय शासकीय पद्धति सहयोगी हुने अपेक्षा लिएको छ।

**(क) <u>प्रत्यक्ष रुपमा हासिल गर्न सकिने लक्ष्य</u>**

(१) लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने भोकमरीको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने

(२) लक्ष्य ३: सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

(३) लक्ष्य ४: सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने

(४) लक्ष्य ५: लैङ्गिक समानता हासिलगर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

(५) लक्ष्य ६: सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

**(ख) <u>अप्रत्यक्ष रुपमा हासिल गर्न सकिने</u>** लक्ष्य

(१) लक्ष्य १०: मुलुक भित्र तथा मुलुकहरुबीचको असमानता घटाउने

(२) लक्ष्य ११: शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

(३) लक्ष्य १६: दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

**(१) <u>बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त</u>**

(१) गैरविभेदीकरण

(२) बालबालिकाको सर्वोत्तम हित

(३) बालबालिकाको सर्वाङ्गीण विकास

(४) बालबालिकाको सहभागिता र विचारको सम्मान

(५) सन्निकटताको सिद्धान्त

(६) समावेशीकरणको सिद्धान्त

(७) समुदायमा आधारित विकासको सिद्धान्त

**(२) <u>बालमैत्री स्थानीय शासनको उद्देश्य</u>**

(१) स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालअधिकारका सवालहरूलाई प्राथमिकता दिनु,

(२) बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,

(३) स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जूमा गर्दा बालबालिकाको सहभागिता गराउनु,

(४) स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु,

(५) बालबालिकाको हित बिरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु।

**(३) बालमैत्री स्थानीय शासन कार्यान्वयनका रणनीति**

(१)मूलप्रवाहीकरण
(२)नीतिगत वकालत पैरवी र सचेतना
(३)संस्थागत विकास
(४)क्षमता विकास
(५)सहकार्य र साझेदारी प्रवर्द्धन
(६)समुदाय परिचालन
(७)सामाजिक जवाफदेहीता र पारदर्शिता
(८)समतामूलक कार्यक्रम
(९)सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन
(१०) अनुगमन तथा मूल्याङ्कन

(४) उपलब्धि मापनका न्यूनतम् सूचकहरू

बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था मापनका लागि ५१ वटा सूचकहरु रहेका छन्। यसका अतिरिक्त स्थानीय तहले स्थानीय आवश्यकता र सवालहरुलाई सम्बोधन गर्ने गरी थप सूचक समावेश गर्न सक्छन। यस पद्धति अवलम्बन गर्ने स्थानीय तहहरूले देहाय बमोजिमका सूचकहरुमा नतिजा प्राप्त गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गरेको हुनुपर्नेछ। सूचकहरुमा प्राप्त नतिजाको आधारमा वडा तथा स्थानीय तहलाई बालमैत्री वडा /स्थानीय तह घोषणा गर्न सकिन्छ।

| क्र.स. | सूचक |
|---|---|
| **क** | बाल बचाऊ |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन्। |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ। |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषण भएको हुनेछ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyaixis पाएका हुनेछन्। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरूको संख्यामा कमी आएको हुनेछ। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ। |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। |

| क्र.स. | सूचक |
|---|---|
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। |
| ख | बाल संरक्षण |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। |
| १६ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनरुथापना भएको हुनेछ। |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ। |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, बेवास्ता र दुव्र्यवहारमा कमी आएको हुनेछ। |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ। |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। |
| २१ | स्थानीय तह÷समुदायले १४ बर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन्। |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने)। |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्। |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन्। |
| ग | बाल विकास |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन्। |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन्। |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन्। |
| घ | बाल सहभागिता |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। |

| क्र.स. | सूचक |
|---|---|
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ। |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ। |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। |
| ङ | संस्थागत विकास |
| ३७ | वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेका हुनेछन्। |
| ३८ | स्थानीय तहहरुले लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। |
| ३९ | गाउँपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र पालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन्। |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ। |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन्। |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ। |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। |

| क.स. | सूचक |
|---|---|
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्ता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ। |

## १३. पोषणमैत्री स्थानीय शासन र दिगो विकासका लक्ष्य

सबै व्यक्तिको शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासको लागि आवश्यक पर्ने सबै प्रकारका पोषक तत्वहरु उपलब्धताको सुनिश्चिता हुने गरी मानव पुँजीको विकास गर्न सञ्चालित शासकीय पद्धति नै पोषणमैत्री शासनको रुपमा बुझ्न सकिन्छ। त्यसैगरी स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्य प्रक्रियामा पोषण केन्द्रित तथा पोषण संवेदनशील कार्यक्रम समावेश गरी सबै व्यक्तिमा पोषण सेवा प्राप्तीको सुनिश्चिता गर्न समर्थ बनाउने वातावरण सिर्जना हुने गरी कार्यान्वयन गरिने बहुक्षेत्रीय प्रयास नै पोषणमैत्री स्थानीय शासन हो। यो शासकीय पद्धति अवलम्बन गर्न नेपाल सरकारबाट जारी भएको ***पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८*** ले तोकेका सूचक प्राप्तिको सुनिश्चिता भएको स्थानीय तह पोषणमैत्री स्थानीय तह रुपमा लिन सकिन्छ। एक वा धेरै पोषकतत्वको न्यूनता वा अधिकताबाट शरीरमा देखिने असामान्य अवस्था नै कुपोषण हो । सामान्यतय कुपोषणलाई न्यूनपोषण तथा अधिक पोषणमा विभाजन गर्ने गरिन्छ।

दिगो विकास लक्ष्य तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी स्थानीय तहबाट उपलब्ध हुने सेवा सुविधाको गुणस्तर वृद्धि गरी सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुलाई प्राथमिकतामा राखी कुपोषण न्यूनीकरण गर्नेतर्फ सबै स्थानीय तहलाई अग्रसर गराउन नेपाल सरकारबाट ***पोषणमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८*** जारी भएको छ। निर्देशिकाले स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजीको निर्माणको सोच र वि.स. २०८७ भित्र सबै स्थानीय तहहरुलाई पोषणमैत्री बनाउने लक्ष्य लिएको छ। निर्देशिकाका मूख्य उद्देश्यः महिला, बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार गर्नु, हुक्षेत्रीय अभ्यासलाई संस्थागत गर्नु, स्थानीय तहको नीति, योजना, कार्यक्रम र सेवा प्रवाहमा सुधार गरी षणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन रहेका छन्।

संयुक्त राष्ट्रसङ्घको अगुवाईमा विश्वव्यापी लक्ष्यको रुपमा दिगो विकास लक्ष्य मार्फत सन् २०३० सम्ममा भोकमरीको र सबै प्रकारका कुपोषणसम्बन्धी समस्याहरू अन्त्य गर्न सबै देशहरू प्रतिबद्ध रहेका छन् । १७ वटा लक्ष्यहरु मध्ये १२ वटा लक्ष्यहरुमा पोषणसँग सम्बन्धित सूचकहरू समावेश भएको देखिन्छ। “भोकमरीको अन्त्यगर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्थामा सुधार गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने” विषयहरू दिगो विकास लक्ष्य नं. २ मा समावेश गरिएको छ ।यी मध्ये लक्ष्य नं. १, २, ३ र ६ पोषणसँग बढी सम्बन्धित छन् । पोषणको अवस्था सुधार गर्न उल्लेखनीय योगदान गर्ने कार्यक्रमहरूको बिस्तारले पोषणको क्षेत्रका साथै दिगो विकासका अन्य लक्ष्यहरू दीर्घकालीन रूपमा हासिल गर्न समेत सहयोग पुग्नेछ ।

## (१) पोषणमैत्री स्थानीय शासनकम रणनीति

(क) सचेतना र पैरवी

(ख) मूलप्रवाहीकरण

(ग) संस्थागत विकास

(घ) बहुक्षेत्रीय प्रयासको अवलम्बन

(ङ) सूचना, शिक्षा र सञ्चार (अभिलेख, अभियान, अन्तरक्रिया, छलफल, प्रकाशन, सार्वजनिक सञ्चार माध्यमको उपयोग)

(च) क्षमता विकास

(छ) सामाजिक परिचालन

(ज) लक्षित कार्यक्रम सञ्चालन

(झ) निजी क्षेत्र तथा नागरिक समाजसँगसँग सहकार्य

(ञ) सुशासन

(ट) नतिजामुखी अनुगमन

**(ठ)** मूल्याङ्कन र दिगोपनको सुनिश्चितता

## (२) पोषणमैत्री स्थानीय तह घोषणाः

निर्देशिका बमोजिम पोषणको अवस्थाको आधारमा पोषणमैत्री स्थानीय तह घोषणा गरिन्छ । स्थानीय तहले उल्लिखित सूचकको विद्यमान अवस्था देखिने गरी पोषण पार्श्वचित्र तयार गर्ने र गाउँपालिका तथा गाउँपालिकालाई **पोषणमैत्री स्थानीय तह अवलम्बन गरेको स्थानीय तह** मानिन्छ। सूचकमा तोकिएको उपलब्धि हासिल भएको आधारमा सम्बन्धित गाउँपालिकाले पोषण उन्मुख वा पोषणमैत्री वडा घोषणा गर्न सक्छन्।स्थानीय तहको पाश्वचित्रको आधारमा तोकिएको सूचक पूरा भएको भनी गाउँकार्यपालिकाको निर्णयबाट प्रदेश तहको निर्देशक समितिको निर्णयबाट गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गरिन्छ।

## (३) पोषणमैत्री स्थानीय शासनका लागि क्षेत्रगत सूचकहरु

| क.स | सूचकहरु |
|---|---|
| | **१. स्वास्थ्य क्षेत्र** |
| १. | गर्भवती महिलाको कम्तिमा ४ पटक (गर्भवती भएको ४, ६, ८ र ९ महिनामा) पूर्व प्रसूति जाँच गरिएको |
| २. | सुत्केरी भएपछि कम्तिमा ३ पटक (सुत्केरी भएको ठिक २४ घण्टा, ७२ घण्टा र ७ दिनमा) सुत्केरी महिला र शिशुको उत्तर प्रसूति जाँच गरिएको |
| ३. | गर्भवती महिलाले पूर्ण मात्रामा (पहिलो पटक गर्भवती हुँदा २ पटक दोस्रो पटक गर्भवती हुँदा १) टिडि खोप पाएको |

| क.स | सूचकहरु |
|---|---|
| ४. | गर्भवती महिलाले गर्भवती भएको चौथो महिनादेखि १८० दिनसम्म र सुत्केरी भएपश्चात ४५ दिनसम्म दिनको एक चक्कीका दरले आइरन तथा फोलिक एसिड चक्की खाएको |
| ५. | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको सङ्ख्या |
| ६. | घरमै सुत्केरी गराउने |
| ७. | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट (Skill Birth Attendance सुत्केरी गराएको |
| ८. | ६ महिनादेखि ५९ महिनाका बालबालिकाले भिटामिन-ए पाएको |
| ९. | १२ महिनादेखि ५९ महिनाका बालबालिकाले जुकाको औषधी पाएको |
| १०. | विद्यालय बाहिर रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको |
| ११. | २४ महिनासम्मका बालबालिकाहरुले नियमित वृद्धि अनुगमन गरेको (जन्मिएको पहिलो महिनादेखिनै हरेक महिनामा एकपटक गरी २४ पटक) |
| १२. | शिशु जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको |
| १३. | बच्चा ६ महिना भएपछि स्तनपानका साथै सही समयमा थप खानाको सुरुवात गरेको (मातृशिशु तथा बाल्यकालीन पोषणको मापदण्ड अनुसार) |
| १४. | दुई वर्ष मुनिका बालबालिकामा कम तौल भएकाहरु (Under weight) |
| १५. | मध्यम शीघ्र कुपोषण (MAM Case) पहिचान भएकाहरुमध्ये पोषण परामर्श दिइएको |
| १६. | कडा शीघ्र कुपोषण (SAM Case) पहिचान भएकाहरुमध्ये उपचार पाउने |
| १७. | कम तौलका शिशु जन्मिएका |
| १८. | आयोडिनयुक्त नुन खाने घरधुरी |
| १९. | पूर्ण खोपयुक्त स्थानीय तह (१२ देखि २३ महिनाको बालबालिकाले पूर्ण खोप पाएको हुने) घोषणा भईसकेको |
| २०. | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला तोकिएको मात्रा पुरा गरी जिंक चक्की र पुर्नजलीय झोल खुवाउने गरेको |
| २१. | हरेक स्वास्थ्य संस्था पोषणमैत्री घोषणा भएको |
| २२. | हरेक स्थानीय तहमा कम्तिमा ओटिसी /आईटिसी /एन.आर.एच. भएका |
| | **२ . शिक्षा क्षेत्र** |
| २३. | विद्यालयभित्र रहेका १० देखि १९ वर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको |
| २४. | कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुले अर्धवार्षिक रुपमा जुकाको औषधी खाने गरेको |
| २५. | माध्यमिक तहका विद्यालयले बालविवाह, छाउपडी जस्ता सामाजिक कुप्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ मध्ये कुनै पोषण संवेदनशील अतिरिक्त क्रियाकलाप सञ्चालन गरेका विद्यालयहरु |
| २६. | सबै बालबालिकाको लागि न्यूनतम पूर्वाधारयुक्त प्रारम्भिक बालविकास सञ्चालन भएको |
| २७. | प्रारम्भिक बालविकासमा तालिम प्राप्त सहजकर्ताहरु |
| २८. | आधारभूत विद्यालयको शिक्षा पूरा गर्ने बालबालिकाहरुको प्रतिशत |

| क.स | सूचकहरु |
|---|---|
| २९. | विद्यालयको स्थानीय पाठ्यक्रममा पोषणका विषयबस्तु समाबेश गरेका विद्यालय |
| ३०. | ५ वर्ष देखि १४ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेको बालबालिका |
| ३१. | दिवा खाजा व्यवस्था भएका वाल विकास केन्द्र |
| ३२. | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा कम्तीमा वर्षको एक पटक पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भएको |
| ३३. | विद्यालयहरुले वार्षिक रूपमा कम्तीमा एउटा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरेको (पोषणयुक्त खानाको बारेमा विद्यालयले अभिभावक शिक्षा सञ्चालन गरेको। |
| ३४. | विद्यालयहरुमा पोषण सम्बन्धी सन्देशमुलक सूचना संप्रेशण गरेको |
| | **३. महिला तथा बालबालिका** |
| ३५. | लैङ्गिक हिंसाका घटना दर्ता भएको संख्या (न्यायिक समिति, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्रमा दर्ता भएको) |
| ३६. | छाउपडी हुँदा छुट्टै छाउगोठमा राख्ने घरधुरी |
| ३७. | कमलरी राख्ने घरधुरी |
| ३८. | बालविवाह अन्त्य भएको (प्रहरी प्रतिवेदन, वडा कार्यालय, न्यायिक समिति) |
| ३९. | सुनौलाहजार दिनका घरपरिवारका सदस्यहरु (जस्तै सासुबुहारी, श्रीमान श्रीमती) बीच पोषण व्यवहार सम्बन्धी सवै वडामा अनुशिक्षण भएको |
| ४०. | विद्यालय बाहिरका किशोर किशोरीहरुले पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण हरेक वडामा सञ्चालन भएको |
| ४१. | सडकमा आश्रित वालबालिका नभएको |
| ४२. | कानून विपरित श्रममा संलग्न बालवालिका नभएको |
| ४३. | हरेक स्थानीय तह र सवै वडा तहमा बालसञ्जाल गठन भएको |
| | **४. खानेपानी तथा सरसफाइ** |
| ४४. | आधारभूत तहको खानेपानीको सुविधा भएको घरधुरी |
| ४५. | व्यवस्थित तथा सफा शौचालय भएको घरधुरी |
| ४६. | घरपरिवारमा मुख्य ५ जोखिमपूर्ण समय (चर्पी गएपछि, वालवालिकाको दिशा घोएपछि, खाना खानु अघि, वालवालिकाकालाई दूध खुवाउनु अघि, फोहोर चलाएपछि) सावुनपानीले हातधुने परिपाटीको विकास भएको |
| ४७. | खानेपानीको गुणस्तर परीक्षण भएको (प्रत्येक ६ /६ महिनामा र प्रकोपको घटना घटेको भए सो पछि तत्काल) |
| ४८. | घरायसी खानेपानी पिउन योग्य भए नभएको परीक्षण गरेको |
| ४९. | विद्यालय तथा स्वास्थ्य संस्थामा सररफाइ गर्ने स्थान (वास कर्नर) स्थापना गरिएको |
| ५०. | घरबाट निस्कने फोहोर पानीको उचित व्यवस्थापन गर्ने घरपरिवार संख्या |
| ५१. | खुल्ला दिसामुक्त स्थानीय तह /वडा भएको |

| क.स | सूचकहरु |
|---|---|
| | **५. कृषि विकास** |
| ५२. | करेसाबारी स्थापना भएको घरपरिवार (जमिन नभएका परिवारको लागि स्थानीय बजारमा नियमित रुपमा ताजा तरकारी उपलब्ध हुने अवस्था रहेको हुनुपर्ने) |
| ५३. | पर्याप्त पौष्टिक तत्व भएको अन्न, सागसब्जी, गेडागुडी, फलफूल तथा माछामासु लगायतका खानाको उपभोग सुनिश्चितता भएको |
| ५४. | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रवर्द्धन सम्बन्धी सचेतना /कार्यक्रममा सहभागी घरपरिवार |
| ५५. | प्रत्येक वडामा नमूना जैविक तरकारी फार्म भएको (जमिन नभएका वडामा उपभोगको सुनिश्चितता भएको हुनुपर्ने) |
| ५६. | जैविक विषादी र प्राङ्गरिक मल प्रयोग गर्ने कृषक घरपरिवार |
| ५७. | खाद्य स्वच्छता र गुणस्तरको अनुगमन भएको |
| ५८. | बजारमा तरकारी तथा फलफूलको उपलब्धता र उपयोग गर्ने घरधुरी |
| | **६. पशुपन्क्षी विकास** |
| ५९. | व्यवस्थित पशुपंक्षी पालन गर्ने कृषक घरपरिवार (उपभोगको सुनिश्चिता) |
| ६०. | दूधजन्य पदार्थहरु (दूध, दही, पनीर, चीज), अण्डा र मासुजन्य (माछा, मासु, पन्छी) पदार्थ नियमित उपभोग गर्ने घरपरिवार |
| ६१. | दूघ ९१ लि., मासु १४ के.जी, अण्डा १५० वटा प्रति व्यक्ति वार्षिक रुपमा उपलब्धता |
| | **७. शासकीय प्रबन्ध** |
| ६२. | स्थानीय तहको वार्षिक योजना तर्जुमा पूर्व र कार्यक्रमको समीक्षाको समयपूर्व कम्तीमा १ /१ पटक पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसेको (स्थानीय तह) |
| ६३. | वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति क्रियाशीलता |
| ६४. | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश भएको |
| ६५. | स्थानीय तहको सभावाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित भएको |
| ६६. | स्थानीय तह /वडाको बजेटबाट (वित्तीय समानीकरण अनुदान र आन्तरिक श्रोत) पोषण कार्यक्रमका लागि बजेट छुट्टाइएको |
| ६७. | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि पोषण सम्बन्धी क्षमता अभिवृद्धि भएको |
| ६८. | स्थानीय तहको पोषण पाश्र्वचित्र तयार र अद्यावधिक |
| ६९. | स्थानीय तहमा पोषण कर्नर स्थापना |
| ७०. | स्थानीय तहको कार्यालयमा छुट्टै स्तनपान कक्षको व्यवस्था |
| ७१. | परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्ड जस्ता कुनै एउटा विधि मार्फत सम्प्रेषण भएको |
| ७२. | स्थानीय विपद् व्यवस्थापन योजनामा विपद्को समयमा गरिने पोषण केन्द्रित सवाल समावेश भएको हुनेछ । |

| क.स | सूचकहरु |
|---|---|
| ७३. | महामारी तथा विपदको समयको लागि गाउँपालिका तथा पालिका वा रेडक्रस जस्ता सामाजिक सङ्घसंस्थामा खाद्यान्न, भाँडाकुँडा तथा लत्ताकपडा, उपचारको लागि औषधी र उपकरणको मौज्दात राख्ने व्यवस्था |
| ७४. | घरभित्रको धुँवामुक्त भएको घरपरिवार |
| ७५. | स्वास्थ्य, कृषि, पशुसेवा सँग सम्बन्धित प्राविधिकहरुको सेवा उपलब्धता |
| ७६. | बाल पोषण भत्ता वितरणको समयमा अभिभावकलाई बाल पोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखीकरण भएको |

## १४. लैङ्गिक उत्तरदायी बजेटः

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिबद्धता सहित नागरिकहरुलाई समानताको हकको प्रत्याभूति गरेको छ । नेपाल बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानुनी रूपले स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ । गाउँपालिकाले संविधान एवम् अन्य प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छन् ।

आर्थिक वर्ष २०६४।०६५ देखि नेपाल सरकारले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छ। विकासका एजेन्डा तथा समावेशी दिगो विकासलाई स्थानीयस्तरमा अवलम्बन गर्न लैङ्गिक उत्तरदायी बजेट प्रणाली गाउँपालिकालाई लाभदाही देखिनेछ। दिगो विकासका लक्ष्यलाई हासिल गर्न पालिकामा यस पद्धतिलाई आत्मसाथ गरिनेछ।

### (क) लैङ्गिक उत्तरदायी बजेटका सूचक र अंक भार

| गाणात्मक सूचकहरू | अंक भार |
|---|---|
| योजना तर्जुमा र कार्यन्वयनमा महिला सहभागिता | २० |
| महिलाको क्षमता अभिवृद्धि | २० |
| कार्यक्रममा महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० |
| महिलाहरूको रोजगारी, स्वरोजगार र आय आर्जनमा अभिवृद्धि | २० |
| महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमी | १० |
| जम्मा | १०० |

### (ख) लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण

| क.स. | अंकभारको आधार | वर्गीकरण | बजेट कोड |
|---|---|---|---|
| क) | ५०% वा सो भन्दा बढी लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप। | प्रत्यक्ष लैङ्गिक उत्तरदायी | १ |

| | | | |
|---|---|---|---|
| ख) | २० % वा सोभन्दा बढी र ५० % भन्दा कम लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप | अप्रत्यक्ष लैङ्गिक उत्तरदायी | २ |
| ग) | २०% भन्दा कम लाभ महिला वर्गमा पुग्ने क्रियाकलाप | लैङ्गिक दृष्टिकोणले तटस्थ | ३ |
| | | | |

**(ग) दिगो विकासका लक्ष्यलाई लैङ्गिक उत्तरदायी बजेट मार्फत हासिल गर्ने स्थानीय रणनीति**

दिगो विकासका लक्ष्यलाई हासिल गर्न देहायका रणनीतिमा आधारित भई लैङ्गिक उत्तरदायी बजेट अवलम्बन गरिनेछ ।

१. संस्थागत संरचनाको विकास

२. तथ्याङ्क तथा सूचना व्यवस्थापन

३ मानव संशाधन विकास

४ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यानमा महिलाहरूको अर्थपूर्ण सहभागिताः

५ विकास प्रक्रियामा राजनैतिकदल, नागरिकसमाज, गैरसरकारी संघसंस्था र निजीक्षेत्रको संलग्नता

६ ज्ञानको व्यवस्थापन, विकास र विस्तार

७ शिक्षाको माध्यमबाट लैङ्गिक समानताको प्रवर्द्धन

८ सञ्चार माध्यमबाट लैङ्गिक समानता सम्बन्धी संदेशहरूको प्रचार प्रसार, प्रबर्द्धन र संरक्षण

९ महिलाहरुको क्षमता अभिवृद्धि, आयआर्जन र रोजगारी वृद्धि :

१०. अनुगमन र मूल्याइन

बजेट तर्जुमामा महिला सशक्तिकरण तथा लैङ्गिक समानतासँग निम्न विकास योजना तथा कार्यक्रम समावेश गरी लैङ्गिक बजेटको आकार बढाइनेछ।

**(घ) जीविकोपार्जन सशक्तिकरणसँग सम्बन्धित**

- पूर्वाधार योजनाहरूमा महिलाहरूलाई रोजगारी,
- महिला र पुरुष श्रमिकलाई समान ज्याला,
- उच्च ज्यालाका लागि महिला श्रमिकहरूको सीप अभिवृद्धि सम्बन्धी तालिम,
- महिला श्रमिकका लागि बचत तथा ऋण सम्बन्धी क्रियाकलापहरू,
- खेतीपातीका लागि महिला किसानहरूको भूमिमा पहुँच बढाउने र सुधार ल्याउने निर्दिष्ट प्रावधानहरू,
- बिउ मल तथा बिउका उन्नत जातहरू, आपूर्तिकर्ता तथा मूल्य सम्बन्धी जानकारीमा पहुँच,
- सुधारिएको सिंचाइ तथा खेतीका लागि प्रविधि तथा उपकरणहरूमा पहुँच,
- घरमा गर्नुपर्ने कठिन परिश्रमलाई न्यून गर्न प्रविधि तथा उपकरणहरूमा पहुँच,
- विद्यालयहरूमा राम्रो र गुणस्तरीय शिक्षाको पहुँचमा सुधार,

- बालिका तथा महिला शिक्षकका लागि सुहाउँदो कक्षाकोठा र शौचालय सहितको विद्यालय पूर्वाधारमा सुधार,
- शिक्षण सीप अभिवृद्धिका लागि शिक्षिकाहरूलाई तालिम,
- बालिका तथा माहलाहरूलाई जाीवनचक्र भरि स्वास्थ्य हेरचाहको पहुँचमा सुधार,
- सुरक्षित मातृत्व अभ्यासहरूको चेतनामा सुधार,
- निर्दिष्ट सेवाहरू उपलब्ध गराउन बिभिन्न बस्तीहरूमा स्वास्थ्य शिविर,
- प्राविधिक सीपमा सुधार ल्याउन महिला स्वास्थ्यकर्मीहरूलाई तालिम,
- दुर्गम क्षेत्रका बालिका तथा महिलाहरूको पहुँचमा स्वास्थ्य हेरचाह सुविधाहरूको अभिवृद्धि,
- वञ्चित समूहको उच्च बाहुल्यता रहेको बस्तीहरूमा पानी, सरसफाइ तथा स्वच्छता सुविधाहरू,
- हिंसामा परेका बालिका तथा महिलाका लागि आश्रय स्थल,
- कार्यस्थलमा बाल हेरचाह सुविधा,
- कार्यस्थलमा महिला, पुरुष र तेस्रो लिङ्गीलाई शौचालयको सुविधा ।

**(ङ) आवाज/सामाजिक सशक्तिकरणसँग सम्बन्धित**

- लैङ्गिक हिसा, जातीय विभेद सम्बन्धी कानुनी अधिकारका बारेमा महिलाहरूलाई अभिमुखीकरण,
- विभिन्न समितिहरूमा निर्णय निर्माण तहमा महिलाहरूको प्रतिनिधित्व र क्षमता सुदृढीकरण,
- सहकारी, महिला उपभोक्ता समूह तथा अन्य सङ्घ सङ्गठनका महिलाहरूलाई नेतृत्व विकास तालिम,
- सेवा तथा सेवा प्रवाह संयन्त्रका बारेमा तालिम,
- शासन तथा सामाजिक उत्तरदायी औजारहरू (टुल्स) का बारेमा तालिम,
- विभेदजन्य अभ्यासहरू तिनको न्यूनीकरण सम्बन्धी छलफल गर्न कक्षाहरू
- विकासका विभिन्न लाभहरूको पहुँचमा हुने विभिन्न लैङ्गिक अवरोधहरूका बारेमा 'छलफल तथा संवाद,
- सरकारद्वारा महिला, एकल महिला, अपाङ्ग महिलाहरूलाई उपलब्ध गराइएको विभिन्न सहयोगका बारेमा जानकारी र त्यस्ता सेवाहरूमा पहुँच कसरी कायम गर्ने एवम् न्यून गुणस्तरका सेवा भएको खण्डमा कसलाई जिम्मेवार बनाउने सम्बन्धमा जानकारी ।

**(च) विभेदजन्य औपचारिक तथा अनौपचारिक नीति, मूल्यमान्यता तथा मानसिकताहरूमा परिवर्तन**

- स्थानीय नेताहरू, निर्णयकर्ता र निर्माण व्यवसायीहरूलाई महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण,
- डकर्मी, प्लम्बर तथा दक्ष निर्माण श्रमिकजस्ता परम्परागत रूपमा पुरुषले मात्र गर्दै आएका कामहरू कसरी महिलाले पनि गर्न सक्दछन् भन्ने बारेमा प्रदर्शन,
- पुरुषत्व र यसको महिला हिंसामा प्रभावका बारेमा पुरुषलाई लक्षित गरी जनचेतना,
- महिलाको हिडडुल तथा निर्णय लिने क्षमता सम्बन्धी लैङ्गिक मान्यताहरूमा परिवर्तनका लागि पुरुषहरूसँग पैरवी,
- भूमि तथा अन्य आर्थिक स्रोतहरूमा महिलाहरूको स्वामित्व अभिवृद्धि,
- महिलाहरूलाई विभेद गर्ने नीतिहरूमा परिवर्तन,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई सघाउ पुर्याउने नीतिहरूको विकास ।

## १५. दिगो विकास र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण विधिको अवलम्बनको ढाँचाः

गाउँपालिकाले महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रूपमा पछाडि परेको वर्ग तथा समुदायको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिनेछ। क्षेत्रको विकासका लागि श्रोत र साधनहरूको बाँडफाँड, कार्यान्वयन तथा परिचालन, र त्यसबाट प्राप्त प्रतिफलको उपभोगमा यस परीक्षणले सामाजिक समानता ल्याउने उद्देश्य राखे छ । गाउँपालिकाबाट प्रवाहित कार्यलाई बढी प्रभावकारी बनाउँन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गिक उत्तरदायी विकास प्रक्रियालाई संस्थागत गर्न लैंङ्गिक परीक्षण आवश्यक रहन्छ । लैङ्गिक तथा सामाजिक समावेशिकरण परीक्षण प्रक्रिया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्यक्तिगत तथा संस्थागत क्रियाकलापहरू लाई लैंङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । साथै यस प्रक्रियामा संलग्न पक्षलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ । यस प्रक्रियाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना कायम गर्न पनि सघाउ पुर्याउँदछ । सन् २०३० सम्म नेपालले प्राप्तिको लक्ष्य लिएका महिला तथा समावेशी विकासमा क्षेत्रका दिगो विकासका लक्ष्य स्थानीय तहमा हासिल गर्न सहयोग यस पद्धतिले सहयोग गर्दछ।

**गाउँस्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यः**

(१)गाउँपालिकाको आवधिक र बार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।
(२)समावेशीकरणको लक्ष्यलाई गाउँपालिकाको संरचना र कार्य योजनामा स्थान दिने ।
(३)संस्थागत एवम् कार्यक्रमगत रूपमा गाउँपालिकालाई लैङ्गिक एवं समावेशीकरण मैत्री बनाउने ।

**परीक्षणमा क्षेत्रहरू देहाय बमोजिम रहने छनः**

(१)गाउँपालिकाको सुशासनका क्षेत्रहरू
(२)गाउँपालिकाको सेवा प्रवाह र संस्थागत संस्कृतिका क्षेत्रहरू
(३)नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धताका क्षेत्रहरू
(४)गाउँपालिकाको क्षमता विकासका क्षेत्रहरू
(५)गाउँपालिकाको आन्तरिक संरचनाका क्षेत्रहरू
(६)गाउँपालिकाको योजना कार्यान्वयन, अनुगमन÷नियमन र मूल्याङ्कनका क्षेत्रहरू
(७)गाउँपालिकाको लैससास विश्लेषणमा आधारित योजना तर्जुमाका क्षेत्रहरू
(८)गाउँपालिकाको कानून तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रहरू

गाउँपालिकामा दिगो विकासका लक्ष्य हासिल गर्न महिला तथा सामाजिक समावेशिकरणका क्षेत्रमा भएका कार्यको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था परीक्षणको विधिले तय गरेका क्षेत्र गाउँपालिकाको नीति, कानून, योजना, संस्थागत व्यवस्था, जनशक्ति, सूशासन र सेवाप्रवाह जस्ता क्षेत्रका देहायका सूचकहरू प्राप्त हुने गरी कार्य थालनी गरिने छ।

देहायका ५ वटा शिर्षक, २२ वटा उपशिर्षक अन्तर्गतका १०० वटा कार्यसुचक माथीको स्वमूल्याङ्कन गरी प्राप्त नतिजाको आधारमा गाउँपालिकाले नीतिगत रुपमा प्राथमिकताका आधारमा योजना बनाई कार्यविस्तार गरी गाउँको विकास व्यवस्थापन तथा सेवा प्रवह सुनिश्चित गर्दै दिगो विकासको स्थानीय स्तरका लक्ष्य हासिल गरिनेछः

| क्र.स. | शिर्षक | उपशिर्षक | जम्मा सूचक |
|---|---|---|---|
| 1. | निति, कानून, योजना | (१)निति र कार्यमा समावेशिता सहभागिता<br>(२)योजना तर्जुमा तथा कार्यन्वयन<br>(३)बजेट तर्जुमा तथा कार्यन्वयन | २० वटा |
| 2. | संस्थागत व्यवस्था | (४)कर्मचारी पदाधिकारी प्रतिनिधित्व<br>(५)कार्यप्रणाली समावेशि<br>(६)समिति उपसमिति र कार्यदलमा<br>(७)वित्त व्यवस्थापन प्रणालीमा समावेशिता<br>(८)तथ्यङ्क संकलन तथा व्यवस्थापन | २० वटा |
| 3. | मानव संसाधन तथा क्षमता विकास | (९)मानव संशाधन तथा क्षमता विकास<br>(१०)अनौपचारिक मुल्यमान्यता र कुसंस्कार विरुद्द जनचेतना<br>(११)कानुनी साक्षरता<br>(१२)विपद व्यवस्थापनमा समावेशिता | २० वटा |
| 4. | सेवा प्रबाह | (१३)पूर्वाधार विकास<br>(१४)प्रजनन् स्वास्थ्य<br>(१५)शिक्षा कार्यक्रम<br>(१६)खानेपानी तथा सरसफाइ<br>(१७)स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | २० वटा |
| 5. | सुशासन तथा उत्तरदायित्व | (१८)सुशासन<br>(१९)उत्तरदायित्व र जवाफदेहिता<br>(२०)सुचना तथा संचार<br>(२१)अनुगमन तथा मुल्याङ्कन<br>(२२)समन्वय र सम्बन्ध विस्तार | २० वटा |

## १६. वातावरणमैत्री स्थानीय शासन र दिगो विकासका लक्ष्ण

वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन सम्बन्धी विद्यमान संवैधानिक, कानूनी तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको लागी जनसहभागिता अपरिहार्य छ। स्थानीय तह मार्फत वातावरण संरक्षणलाई प्रोत्साहित गर्दै वातावरणमैत्री स्थानीय विकासको अवधारणालाई सार्थक पार्न वातावरण मैत्री स्थानीय शासनको प्रारूप, २०७८ तयार गरिएको छ। वातावरणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बनद्वारा स्वच्छ,सुन्दर र वातावरणमैत्री समाजको सिर्जना गर्नु यस प्रारूपको मुख्य उद्देश्य रहेको छ। स्थानीय विकासमा दिगो विकासका लक्ष्यको प्राप्तिमा वातावरण मैत्री स्थानीय शासनमा निम्न उपलब्धि हुने देखिन्छः

(क) स्थानीय योजना प्रक्रियामा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाई, फोहरमैला व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्न।

(ख) जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मको काम, कर्तव्यर जिम्मेवारी तथा हासिल गर्नुपर्ने नतिजाको सम्बन्धमा स्पष्ट पार्न।

(ग) घरपरिवार, समुदाय र पालिकालाई सकारात्मक प्रतिस्पर्धाको माध्ययमद्वारा वातावरणमैत्री दिगो विकासकालागि जिम्मेवार बनाउन प्रोत्साहित गर्न।

(घ) वातावरण संरक्षण तथा दिगो विकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्न।

### क। वातावरणमैत्री स्थानीय शासन सिद्धान्त

घरपरिवार तहबाट सम्पादन हुने कामको लागि सोही तहलाई आवश्यक कार्यवातावरण सहित जिम्मेवार बनाउनु पर्दछ र सो तहबाट सम्पादन हुन नसक्ने काममा मात्र माथिल्लो तह संलग्न हुनुपर्दछ भन्ने सन्निकटताको सिद्धान्तको आधारमा यो प्रारूप अवलम्वन गरिनेछ। साथै आफूले गरेको प्रदूषणको नैतिक तथा वित्तीय भार प्रदूषक स्वयम्ले व्यहोर्नु पर्छ भन्ने सिद्धान्तलाई यस प्रारूपमा आत्मसात गर्दछ।

दिगो विकासका लक्ष्य मध्ये निम्न ५ वटा लक्ष्य प्रत्यक्ष वातावरण मैत्री स्थानीय शासनका सूचक प्राप्तिमा सम्बन्धित देखिन्छ।

१. लक्ष्य ६ः सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने,
२. लक्ष्य ७ : सबैका लागि किफायती विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने,
३. लक्ष्य ११ : शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने,
४. लक्ष्य १३ : जलवायु परिवर्तन र यसकोप्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने,
५. लक्ष्य १५ : स्थलीय पर्यावरणको संरक्षण,पुनर्स्थापना र दिगो उपयागको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भुक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने,

ख. वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन रणनीति

१. सन्नीकटताको सिद्धान्तको आधारमा स्थानीय तहको नेतृत्वमावातावरण संरक्षण सम्बन्धी कार्यसञ्चालन गर्न प्रोत्साहित गर्ने।
२. सबै तहका लागि निर्धारित सूचकहरुको प्रासिमासकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने।
३. वातावरणमैत्री स्थानीय शासन प्रारुपका विषयहरुलाई स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।
४. सबै तहको संस्थागत क्षमता विकास गरी सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने।
५. सूचना,शिक्षा र सञ्चारको माध्यमबाट सामाजिक व्यवहारमा परिवर्तन गर्ने।
६. सरोकारवालाहरुबीचको समन्वय र सहकार्यमा जोड दिने।
७. अनुगमन, मूल्याङ्कन तथापृष्ठपोषणका आधारमा निरन्तर सुधार गर्ने।

ग. वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया

(क) प्रचार-प्रसार
(ख) आधार तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक
(ग) संस्थागत व्यवस्था
(घ) क्षमता विकास

घ. वातावरणमैत्री स्थानीय शासनका सूचक र वर्गीकरण

(क) आधारभूत सूचकः

घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रूपमा पूरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचकहरू आधारभूत सूचक हुन्।

(ख) परिस्कृत सूचकः

आधारभूत तहभन्दा माथिल्लो स्तरको सूचकहरुलाई परिस्कृत सूचक हुन र वातावरणमैत्री घोषणा हुनको लागि आधारभूत सूचकहरु पूरा गरी परिस्कृत सूचकमा तोकिएको अङ्कभार प्राप्त गर्नुपर्नेछ।

(ग) विशेष सूचकः

कुनै खास वातावरणीय विशेषतायुक्त नमूना गाउँ घोषणा गर्न स्थानीय तहको अनुरोधमा संघीय मामिला मन्त्रालयले विशेष सूचक निर्धारण गर्न सक्छ। वातावरणमैत्री घोषणा हुनका लागि विशेष सूचकहरु प्राप्त गर्न अनिवार्य हुदैन्।

१.घरपरिवार तह

(क) आधारभूत सूचक

**क) सरसफाई र स्वास्थ्य**

१.आधारभुत सरसफाई तथा घर भित्रको फोहरको उचित व्यवस्थापन

**ख) स्वच्छ ऊर्जाको प्रयोग**

१. उर्जाको उपयोग

**ग) हरियाली/शहरी सौन्दर्य**

१. हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन

**घ) खानेपानी**

१. वर्षातको पानीको सङ्कलन तथा भण्डारण

२. पिउने पानी

### (ख) परिस्कृत सूचक

**क) सरसफाई र स्वास्थ्य**

१.ढलको उचित व्यवस्थापन

२.घर-आँगन बाहिर सडकको सरसफाई स्थिति

३.प्लाष्टिक झोलाको नियन्त्रण

ख) स्वच्छ ऊर्जाको प्रयोग

१. स्वच्छ ऊर्जाको उपयोग,

**ग) हरियाली तथा शहरी सौन्दर्य**

१.घर-परिसरमा खुला ठाउँको व्यवस्थापन

२. शहरी सौन्दर्य

**घ) भवन निर्माण संहिताको पालना**

१. सुरक्षित भवन निर्माण

## २. टोल तह

### (क) आधारभूत सूचक

(अ) टोल विकास संस्था/टोल सुधार समिति

**क) संस्थागत व्यवस्था, सरसफाई र सुन्दरता**

१.टोल सुधार/ टोल विकास समिति

२.टोल सरसफाई अभियान

३.टोल सुधार/टोल विकास समितिको वातावरणीय सुशासन प्रवर्द्धनसम्बन्धी कार्यहरु

### (ख) परिस्कृत सूचक

१. सार्वजनिक क्षेत्रको सरसफाई

२. टोलमा हरियाली प्रवर्द्धन

३. ध्वनीप्रदूषण नियन्त्रण

## ३. वडा तह

### (क) आधारभूत सूचकः

**क) खानेपानी तथा सरसफाई**

१. खानेपानीका मुहान तथा स्रोतको संरक्षण

२. फोहरमैलाव्यवस्थापन

३. ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन

**ख) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपत्कालीन सुरक्षित क्षेत्र

**ग) वन तथा भू-संरक्षण**

१. वन संरक्षण तथा दिगो व्यवस्थापन

२. पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन

(ख) परिस्कृत सूचक

**क) सडक नाला व्यवस्थापन**

१. सडक नालाको व्यवस्थापन

**ख) कृषि**

१. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन

२। प्राङ्गारिक खेती प्रणाली प्रवर्द्धन कार्यक्रम

३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन

**ग) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. वडा विपद् तथा जलवायु उत्थानशील समिति गठनर क्षमता विकास

**घ) वन तथा भू-संरक्षण**

१. वन संरक्षण तथा व्यवस्थापन

२. पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन

**ङ) प्रदूषण रोकथाम तथा नियन्त्रण**

१. प्रदूषण गर्नेलाई दण्डको व्यवस्था

## ४. गाउँपालिका तह

(क) आधारभूत सूचक

**क) खानेपानी,सरसफाई तथा फोहरमैला व्यवस्थापन**

१. खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण

२. फोहरमैला केन्द्रको स्थापना

३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था

४. प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध

**ख) जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन**

१. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन

२. भवन संहिताको पालना

**ग) वन तथा भू-संरक्षण, जैविक विविधता र हरियाली**

१. हरियाली प्रबर्द्धन तथा पार्कको सञ्चालन

(ख) परिस्कृत सूचक

**क) फोहरमैला व्यवस्थापन तथा नगर सरसफाई**

१. फोहरमैला सङ्कलन तथा त्यसको उचित व्यवस्थापन

२. ढल प्रशोधन सम्बन्धी व्यवस्था

**ख) कृषि**

१.वाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास

**ग) नविकरणीय उर्जा**

१.नवीकरणीय उर्जा उत्पादन, उपयोग तथाउर्जा किफायती प्रविधिको विकास

२. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग

**घ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन

२. जलवायु परिवर्तन, वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था

३. खोज तथा अनुसन्धान

**ङ) प्लाष्टिक झोला व्यवस्थापन**

१. प्लाष्टिक झोला सङ्कलन तथा व्यवस्थापन

**च) वातावरणीय शिक्षा**

१. समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा

**छ) वन, भू-संरक्षण, जैविक विविधता र हरियाली**

१ वन संरक्षण तथा हरियाली प्रर्वधन

२. जैविक विविधताको संरक्षण

**ज) भू–उपयोग तथा शहरी बसोबास**

१. जोखिम संवेदनशिल भूउपयोग योजना

२. सडक मापदण्ड निर्धारण र कार्यान्वयन

३. शहरी बसोवास

**झ) प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण**

१ प्रदूषणको नियमन

**ञ) ध्वनी तथा वायु प्रदूषण नियन्त्रण**

१. ध्वनी प्रदूषण नियन्त्रण

२.वायु प्रदूषण न्यूनीकरण

३. वातावरणजन्य क्षतिपूर्ति

## ५. वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु

**प्रमुख सूचक**

(१)सरसफाई

(२)कार्यालय भवनको मर्मत सम्भार

(३)कार्यालयको सौन्दर्य तथा हरियाली

(४)फोहरमैला व्यवस्थापन

(५)उर्जाको प्रयोग

(६)सवारी साधनको प्रयोग

(७)सेवाग्रहीको लागि प्रतिक्षालयको व्यवस्था

(८)सेवाग्राहीका लागि शौचालय

(९)कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग

(१०)चमेनागृहको व्यवस्था

## १७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र दिगो विकासका लक्ष्य

(क) **पृष्ठमूमि**

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा गाउँपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा भएको छ। यस कार्यविधि मार्फत पालिकाको सेवा प्रवाह, विकास व्यवस्थापन तथा सामाजिक सुरक्षा र न्यायका माध्यमबाट स्थानीय जनताको अधिक्तम कल्याणको खातिर कार्यसम्पादन गरेका कार्यको स्वमूल्यॉँङ्कन गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर हुन सक्षम र प्रभावकारी बनाउनछ।स्थानीय तहले गरेका राम्रा अभ्यास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै सुशासन प्रवर्द्धन गर्न सुधारात्मक पक्ष तथा चुनौतीको पहिचान गर्नु तथा नीतिगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु नै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको मुख्य उद्देश्य रहेको छ।

यस पद्धतिको सार्थक कार्यान्वयनबाट दिगो विकास लक्ष्यका अधिकांस लक्ष्य प्राप्तिमा सहयोग पुराउने छ।

**(ख) स्वमूल्याङ्कनका विषयक्षेत्रहरु:**

(१)शासकीय प्रबन्ध
(२)सङ्गठन तथा प्रशासन
(३)वार्षिक बजेट तथा योजना व्यवस्थापन
(४)वित्तीय एवं आर्थिक व्यवस्थापन
(५)सार्वजनिक सेवा प्रवाह
(६)न्यायिक कार्यसम्पादन
(७)भौतिक पूर्वाधार
(८)सामाजिक समावेशीकरण
(९)वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
(१०)सहकार्य र समन्वय

**(ग) सूचकहरु:**

(१) समग्र स्थिति : स्थानीय तहको समग्र अवस्था दर्शाउने सूचकहरु, (२१ वटा)
(२) प्रक्रियागत स्थिति : स्थानीय तहको दैनिक प्रशासन र सेवा प्रवाह तथा स्थानीय सरोकारका विषय सम्बोधन हुने खालका प्रक्रिया उन्मुख सूचकहरु,(३४ वटा)
(३) परिमाणात्मक स्थिति : तुलना गर्न, मापन गर्न र संख्यात्मक रूपमा उल्लेख गर्न सकिने प्रकृतिका नतिजामूलक सूचकहरु, (४५ वटा)

| सि.न. | विषय क्षेत्र | सूचक संख्या | | | | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| | | जम्मा | समग्र अवस्था | प्रकृयागत अवस्था | परिमाणात्मक अवस्था | |
| १ | सूचक क्षेत्र १ : शासकीय प्रबन्ध | ९ | ३ | ४ | २ | ९ |
| २ | सूचक क्षेत्र २ : सङ्गठन तथा प्रशासन | ८ | २ | ३ | ३ | ८ |
| ३ | सूचक क्षेत्र ३ : वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | २ | ४ | ५ | ११ |
| ४ | सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | २ | ४ | ५ | ११ |
| ५ | सूचक क्षेत्र ५ : सेवा प्रवाह | १६ | ३ | ४ | ९ | १६ |
| ६ | सूचक क्षेत्र ६ : न्यायिक कार्यसम्पादन | ७ | १ | ३ | ३ | ७ |
| ७ | सूचक क्षेत्र ७ : भौतिक पूर्वाधार | १३ | ३ | ४ | ६ | १३ |
| ८ | सूचक क्षेत्र ८ : सामाजिक समावेशीकरण | १० | २ | ४ | ४ | १० |
| ९ | सूचक क्षेत्र ९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | १ | ३ | ५ | ९ |
| १० | सूचक क्षेत्र १०: सहकार्य र समन्वय | ६ | २ | १ | ३ | ६ |
| | **कूल जम्मा** | **१००** | **२१** | **३४** | **४५** | **१००** |

# परिच्छेद छ

## दिगो विकास लक्ष्यको स्थानीयकरणको औचित्य र आवश्यकता

दिगो विकासका प्रत्येक लक्ष्य पालिकालाई केका लागि अर्थपूर्ण हुन्छ, नेपालमा यसको नीतिगत सन्दर्भ तथा क्षेत्रमा प्रगति वा प्रत्येक लक्ष्य प्राप्तिका लागि गाउँपालिकाले खेल्न सक्ने सम्भाव्य भूमिका वा गर्न सक्ने कार्य राखिएको छ।

**१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने**

**सान्दर्भिकता**

दिगो विकास लक्ष्य १ ले गरिबीलाई बहुआयामिक रूपमा हेर्ने हुनाले यसका लागि समन्वयात्मक तथा विविध कार्यको आवश्यक पर्दछ। पालिका गरिबीको अवस्थामा जीवनयापन गरिरहेका मानिसहरूको पहिचान गर्न तथा यिनीहरू लक्षित आवश्यक स्रोत तथा सेवा पुऱ्याउन उपयुक्त स्थानमा रहेका छ। यसका अलावा गाउँपालिका स्थानीय आधारभूत सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य सेवा एवम् खानेपानी तथा सरसफाईप्रति पनि उत्तरदायी हुने भएकाले दिगो विकास लक्ष्य १ हासिल गर्ने प्रमुख सहयोगी हो। गाउँपालिकाले रोजगारीको सृजना तथा आय वृद्धि सम्बन्धमा स्थानीय आर्थिक विकासको रणनीति तयार पार्ने एवम् स्थानीय समुदायलाई विपद्बाट पुनर्स्थापना गर्ने भूमिका पनि निर्वाह गर्दछ।

**गाउँपालिकाले खेल्नु पर्ने भूमिका**

राष्ट्रिय आर्थिक प्रगति तथा सामाजिक सुरक्षाको प्रवर्द्धन गरेर गाउँपालिकाले गरिबी निवारण गर्न संघीय तथा प्रादेशिक सरकारका प्रयासमा सहयोगी भूमिका खेल्न सक्दछ। नेपालमा दिगो विकासको लक्ष्य—१ अघि बढाउन गाउँपालिकाले गर्ने विशेष काम निम्नअनुसार छन्ः

१. सन् २०३० सम्ममा गरिबी न्यूनीकरण वा निवारण गर्न गाउँपालिकाको लागि लक्ष्य तथा उद्देश्य तोक्ने।
२. सामाजिक सुरक्षासम्बन्धी सूचना संकलन गर्ने, बेरोजगार तथा गरिब घरधुरीको सर्वेक्षण गर्न सहयोग पुऱ्याउने।
३. शिक्षा, स्वास्थ्य, कृषि प्रसार सेवा, खानेपानी तथा सरसफाइलगायतका गरिबी निवारणसम्बन्धी सार्वजनिक सेवाहरूमा समावेशी पहुँच सुनिश्चित गर्ने।
४. रोजगारीका अवसरहरू तथा बजारहरूमा पहुँच सुनिश्चित गर्न शहरी तथा ग्रामीण विकास प्रवर्द्धन गर्ने।
५. साना तथा मझौला उद्योग र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने, सीप विकास तालिममार्फत आयआर्जनका गतिविधि सहजीकरण गर्ने, उद्यमशीलताको विकास, स्वावलम्बी समूह गठन गर्ने र लघु वित्तलगायतका वित्तीय सेवाहरूमा तिनको पहुँच पुऱ्याउने।

६. वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि आर्थिक तथा सामाजिक संयोजन कार्यक्रम सञ्चालन गर्ने।

## २. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

### सान्दर्भिकता

कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने प्रमुख आधार हो। उच्च र समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएकोले यसको बैज्ञानिका ढंगले सुधार तथा रुपान्तरण गर्ने विगतका प्रयासलाई सघन बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नु जरुरी छ। कृषि जमीन तथा सार्वजनीक पर्ती जग्गाको उचित व्यवस्थापन, साना सिंचाई आयोजनाको निर्माण तथा सुधार, यातायात पूर्वाधारको सुदृढीकरण तथा स्थानीय खाद्य सञ्जालको प्रवर्द्धन र कृषकहरुलाई कृषि प्रसार सेवा उपलब्ध गराएर गाउँपालिकाले कृषि उत्पादन र स्थानीय आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन सक्नेछ। बाल कुपोषणको पहिचान र निराकरण गर्न गाउँपालिकाले स्वास्थ्य संस्था तथा विद्यालयको उपयोग गर्न सक्नेछ। कृषिको लक्ष्य हासिल हुँदा चरम गरिबी, शिक्षा, स्वास्थ्य, वातावरण तथा असमानतासँग सम्बन्धित अन्य लक्ष्य प्राप्त गर्न पनि सहयोग पुग्दछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

कृषि प्रसार तथा ग्रामीण विकासका साथै जनस्वास्थ्यका क्षेत्रमा समेत गाउँपालिकालाई महत्वपूर्ण अधिकार रहेको छ। त्यसैले खाद्य सुरक्षा हासिल गर्ने, पोषण सुधार गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने कार्यमा गाउँपालिकाको महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा दिगो विकास लक्ष्य २ अघि बढाउन गाउँपालिकाले प्रमुख रूपमा निम्न कार्य गर्नेछः

१. गाउँपालिकामा कृषि तथा पशुपालन सम्बन्धि नीति तर्जुमा तथा कार्यान्वयन।
२. कृषि तथा पशुपालनको बजार विकास, कृषि सडकको विकास र साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार।
३. कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन।
४. कृषि प्रसार कार्यक्रम ।
५. पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु बिमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुस्वास्थ्य सेवाको व्यवस्थापन)।
६. पशु हाटबजार, पशु बधशाला तथा चिस्यान घरको नियमन तथा व्यवस्थापन।
७. गाउँपालिकामा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यससम्बन्धी सूचना तथा तथ्यांक प्रणालीको उपयोग।
८. सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन तथा समन्वय।

## ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने

### सान्दर्भिकता

दिगो विकास लक्ष्य ३ आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धित रहेको छ जुन पालिकाको अधिकार सूचीमा समेत पर्दछ। यससम्बन्धी दिगो विकास लक्ष्यमा मातृ मृत्युदर, नवजात शिशु तथा अन्य सर्ने र नसर्ने रोगहरूको नियन्त्रण लगायतका विषयहरू पर्दछन्। स्वस्थ रूपमा बाँच्ने वातावरणका साथै प्रतिरोधात्मक तथा उपचारात्मक जन स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिकाको भूमिका महत्वपूर्ण छ। सबैका लागि स्वस्थ जीवनको वातावरण सुनिश्चित गर्न फोहरमैला व्यवस्थापनको साथसाथै स्वच्छ खानेपानी एवम् सरसफाइ आवश्यक पर्दछ। वायु प्रदूषण कम गर्न, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न, सडक यातायात दुर्घटना रोक्न पालिकाले यातायात योजना, सडक सुरक्षालगायतका दुर्घटना न्यूनीकरणको व्यवस्थासहित यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सक्दछ। सबैलाई आधारभूत स्वास्थ्य सेवामा पहुँचले (निजी स्वास्थ्य सेवाको नियमनसमेतबाट) जनस्वास्थ्यको अवस्थामा सुधार भई नवजात शिशु, बालबालिका तथा मातृ मृत्युमा कम हुन पुग्दछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

जनस्वास्थको क्षेत्रमा गाउँपालिकालाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व सुम्पिएको छ। यसैले स्वस्थ तथा समृद्ध जीवन प्रवर्द्धन गर्न गाउँपालिकाको भूमिका महत्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्य ३ अघि बढाउन गाउँपालिकाले खास रूपमा निम्न कार्य गर्नेछः

१. आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा गरी लागू गर्ने।
२. गाउँपालिकाको सार्वजनिक सुविधाहरूको स्थापना निर्माण तथा व्यवस्थापन गर्ने, आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरू उपलब्ध गराउने, आवश्यकताअनुसार बिरामीहरूलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरूमा सिफारिस गर्ने।
३. औषधि तथा स्वास्थ्य सामग्रीहरू गाउँपालिकामा खरिद, भण्डारण तथा वितरण गर्ने।
४. निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन गर्ने र गाउँपालिकाका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी कार्यहरू तथा चुरोट रक्सी एवम् लागू पदार्थविरुद्ध जनचेतना प्रवर्द्धन गर्ने।
५. निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा (साधारण अस्पतालहरू नर्सिङ होम, डाइग्नोसिस सेन्टर तथा अन्य स्थानीय स्वास्थ्य संस्थाहरू) दर्ता, नियमन तथा अनुगमन गर्ने।
६. परम्परागत स्वास्थ्य उपचार सेवाहरू जस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी तथा प्राकृतिक उपचार सुविधाहरू उपलब्ध गराउने र रेखदेख गर्ने।

## ४. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

### सान्दर्भिकता

अन्य मुलुकमा जस्तै नेपालमा पनि शिक्षा, खासगरी प्राथमिक तथा माध्यमिक तहका शिक्षा प्रत्यक्ष रूपले गाउँपालिकाको जिम्मेवारीभित्र पर्ने भएकाले दिगो विकास लक्ष्य ४ हासिल गर्न गाउँपालिकाले धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ। स्थानीय अवस्था र समुदायबाट विद्यालय जान बाधा अड्चन तथा समाधानका उपाय स्थानीय प्रतिनिधिले बुझेका हुन्छन्। सन् २०३० सम्ममा झण्डै शत प्रतिशतले प्राथमिक शिक्षामा भर्ना भई प्राथमिक शिक्षा पूरा गरेका हुने, ९५ प्रतिशत विद्यार्थी कक्षा आठसम्म पुग्ने ध्येयले कक्षा एकमा भर्ना भएका हुने र ९० प्रतिशत केटाकटीहरू पूर्व प्राथमिक विद्यालयमा अध्ययनरत हुने दिगो विकास लक्ष्य रहेको छ। गाउँपालिकाले शिक्षाको अवसरबाट वञ्चित सीमान्तकृत व्यक्ति एवम् समुदायसम्म पुग्न सहज हुनाले उनीहरूको आवश्यकताअनुसार तालिम तथा शिक्षामा पहुँच सुनिश्चित गर्न सक्नेछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले प्राथमिक तथा माध्यमिक शिक्षाका क्षेत्रमा गाउँपालिकालाई महत्वपूर्ण अधिकार तथा जवाफदेहिता प्रदान गरेको छ। समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न गाउँपालिकाको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकासको लक्ष्य– ४ अघि बढाउन गाउँपालिकाले निम्न कार्य गर्नेछः

१. पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिकशिक्षा, लामो/निरन्तर सिकाइ तथा विशेष शिक्षाको नीति, कानून, मापदण्ड, योजना तथा नियमन तयार गर्ने तथा लागू गर्ने।

२. राष्ट्रिय तथा प्रादेशिक लक्ष्य तथा स्थानीय अवस्था सुहाउँदो गरी शिक्षामा पहुँच तथा तथा शैक्षिक प्रतिफल प्राप्त गर्नेसम्बन्धी उद्देश्य तथा लक्ष्य तय गर्ने।

३. सार्वजनिक विद्यालयहरूको (आधारभूत तथा माध्यमिक) स्थापना, निर्माण तथा व्यवस्थापन गर्ने। यस अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन, शैक्षिक सामग्री तथा पाठ्यक्रमको खरिद तथा वितरण एवम् शैक्षिक पूर्वाधारहरूको निर्माण एवम् सम्भार कार्यहरू गर्ने।

४. प्राविधिक शिक्षा व्यावसायिक तालिम तथा उच्च शिक्षाका सम्भावनाहरूमा स्थानीय पहुँच प्रवर्द्धन गर्ने।

५. निजी विद्यालयहरू तथा शैक्षिक सुविधाहरू, शैक्षिक परामर्श सेवाका स्वीकृति तथा नियमन सम्बन्धमा दर्ता तथा नियमन एवम् अनुगमन गर्ने।

६. विद्यार्थीहरूको प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने।

७. स्थानीय पुस्तकालय तथा अध्ययन कोठाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने।

## ५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने

### सान्दर्भिकता

सन् २०३० को प्रस्तावित लक्ष्यअनुसार शिक्षा, समान कामको ज्यालामा हुने फरक, शारीरिक एवम् मानसिक हिंसा तथा अन्य सबै प्रकारका घातक व्यवहारहरू र लैङ्गिक असमानता हटाउने तथा संसद्लगायत सार्वजनिक सेवाको निर्णय तहमा महिलाको संख्या बढाउने भन्ने रहेको छ।गाउँपालिकाले कार्यदायराका सबै क्षेत्रहरूमा महिला सशक्तिकरणका बहुआयामिक बाधा अडचनहरू हटाउँदै लैङ्गिक समानतालाई मूलप्रवाहीकरण गर्न सक्दछ। गाउँपालिकाले भेदभावरहित सेवा प्रवाह र निष्पक्ष रोजगारीको अवसर प्रदान गरेर लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि उदाहरणीय काम गर्न सक्दछ। महिलाविरुद्ध हुने हिंसा तथा अन्य घातक व्यवहारहरू पहिचान तथा सामना गर्न गाउँपालिका अग्रपङ्तिमा रहेको छ। हिंसाबाट पीडित महिलालाई सेवा पुऱ्याउने भूमिका पनि गाउँपालिकाले खेल्नुपर्दछ। अधिकार प्राप्तिको लक्ष्य पूरा गर्न तथा स्थानीय राजनीतिबाटै प्रादेशिक तथा राष्ट्रिय तहको राजनीतिमा प्रवेश गर्न महिला सशक्तिकरण गर्दै बढी महिलालाई गाउँपालिकामा प्रतिनिधित्व गर्ने अवसर दिन जरुरी छ। गाउँपालिकाका महिला जनप्रतिनिधिहरूले लैङ्गिक जडवाद्लाई चुनौती दिन सक्नेछ र युवा पुस्ताका लागि उदाहरण बन्न सक्नेछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

संविधानले महिलाको हकलाई मौलिक हकमा राखेका साथै लैङ्गिक समानतालाई निर्देशक सिद्धान्तको रूपमा स्थापित गरेको छ।जनताको नजिकको सरकार भएकोले लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला एवम् किशोरी सशक्तिकरण गर्न गाउँपालिकाको भूमिका अझ महत्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्य ५ अघि बढाउन गाउँपालिकाले निम्न कार्य गर्नेछः

१. महिला हकको संरक्षण तथा प्रगतिसम्बन्धी नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने।

२. गाउँपालिकाको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताका साथ प्रवर्द्धन गर्ने। गाउँपालिकामा लैङ्गिकमैत्री कार्य वातावरणको निर्माण गर्ने।

३. लैंगिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने। सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

४. गाउँपालिकामा उपलब्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ इत्यादि सबै प्रकारका सेवाहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने।
५. गाउँपालिकामा समावेशी सशक्तिकरण तथा महिलाको क्षमता विकास सुनिश्चित गर्ने।
६. लैंगिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धनात्मक साथसाथै सुरक्षात्मक उपायहरू अपनाउने र सुधार गृहहरू (सुरक्षित घरहरू) उपलब्ध गराउने।

## ६. सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने

### सान्दर्भिकता

सन् २०३० सम्मको प्रस्तावित लक्ष्यअनुसार ९५ प्रतिशत घरधुरीमा पाइपद्वारा वितरित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधा पुऱ्याउने र सबै समुदाय खुला दिसामुक्त भएका हुने तथा शहरी क्षेत्रका सबै घर ढल निकाससँग जोड्ने लक्ष्य लिएको छ। खानेपानीको वितरण, मर्मत तथा अनुगमनलाई व्यापक बनाउन ठूलो प्रयत्नको आवश्यक छ। खानेपानी तथा सरसफाइको सुनिश्चितता गाउँपालिकाको उत्तरदायित्व भित्र पर्दछ। यो कार्य स्थानीय शासनको प्रभावकारिता, प्राकृतिक स्रोतको व्यस्थापन तथा स्थानीय योजनामा निर्भर गर्दछ। गाउँपालिका कतै समुदायले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ काममा सहयोगीको रूपमा रहेका छ भने कतै गाउँपालिका आफैं खानेपानी तथा सरसफाइ सेवा प्रदायक भएकोपनि छ। खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध गराउन नसकिने स्थानहरूमा गाउँपालिकाले बसोबास तथा व्यापार विस्तारलाई सीमित पनि गर्न सक्नेछ। दिगो रूपले फोहरमैला व्यवस्थापन गरेर तथा वातावरण संरक्षणका उपायहरू अपनाएर गाउँपालिकाले खानेपानीको गुणस्तरको सुधार गर्नेछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

खानेपानी तथा सरसफाइ आधारभूत रूपमा गाउँपालिकाको जिम्मेवारीमा पर्दछ र खानेपानी तथा सरसफाइ सेवामा सबैको पहुँच सुनिश्चित गर्न गाउँपालिकाको महत्वपूर्ण भूमिका रहन्छ। दिगो विकास लक्ष्य ६ अघि बढाउन गाउँपालिकाले खास रूपमा निम्न कार्य गर्नेछः

१. सफा खानेपानी तथा सरसफाइको पहुँचसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमनहरू लागू तथा कार्यान्वयन गर्ने।
२. स्थानीय सेवा प्रदायक कम्पनीहरूबाट उपयुक्तताअनुसार व्यावसायिक रूपमा पाइपद्वारा वा गैरपाइपद्वारा खानेपानीको प्रावधानसम्बन्धी सेवा ।
३. ढल व्यवस्थापन तथा प्रशोधन केन्द्रको स्थापना तथा फोहर पानीको प्रशोधन व्यवस्थापन तथा पूर्वाधारको निर्माण एवम् व्यवस्थापन।
४. भवन मापदण्डमा खानेपानी तथा ढल निकाससम्बन्धी प्रावधानसमेत समावेश गरी लागू गर्ने।

५. अति गरिब घरधुरीलाई पाइपद्वारा वा गैरपाइपद्वारा खानेपानी तथा सरसफाइ सेवाहरूको लागि उचित अनुदानको व्यवस्था गर्ने।
६. निजी खानेपानी वितरक तथा ढल निकास सञ्चालकहरूका सेवाहरूको नियमन तथा अनुगमन गर्ने।
७. समुदायमा आधारित, गैरनाफामूलक तथा निजी एवम् घरधुरी तहका खानेपानी तथा सरसफाइसम्बन्धी प्रावधानहरूलाई सहयोग र नियमन गर्ने।
८. सरसफाइसम्बन्धी चेतना अभियान तथा कार्यक्रमहरू प्रवर्द्धन गर्ने।

## ७. सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने

### सान्दर्भिकता

सन् २०३० सम्म ९९ प्रतिशत घरधुरीमा बिजुली पुऱ्याउने, खाना पकाउन दाउराको प्रयोग गर्ने घरधुरी संख्या १० प्रतिशत मात्र हुने, दस हजार मेगावाट बिजुली उत्पादन भएको हुने र विद्युतीय चाप प्रतिवर्ष ०.८ प्रतिशतले घटाउने नेपालको लक्ष्य रहेको छ। सार्वजनिक भवनहरूको (सरकारी कार्यालय, विद्यालय आदि) निर्माणमा ऊर्जा अनुकूलन, भवन तथा स्वस्थ ऊर्जा स्रोतहरूमा लगानी गरेर तथा खरिद प्रक्रियामा दिगोपनाको सिद्धान्त अपनाएर गाउँपालिकाले ऊर्जा दक्षतामा सोझै योगदान पुऱ्याउन सक्नेछ। यस्ता प्रयासले ऊर्जामा हुने सार्वजनिक खर्च कम हुन गई थप फाइदा हुन सक्दछ। शहरी क्षेत्रमा स्थानीय यातायात तथा शहरी योजना नीति तथा प्रविधिले ऊर्जा दक्षता तथा कार्वन उत्सर्जनमा उल्लेखनीय असर पार्न सक्दछ। गाउँपालिकाभित्र संवेदनशील समूहमध्ये किफायती ऊर्जामा पहुँचको भिन्नताको अवस्था थाहा पाउन गाउँपालिकाले नै पहिचान गर्न सक्दछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

सबैका लागि धान्न सकिने, विश्वसनीय, दिगो तथा आधुनिक ऊर्जा आपूर्तिको सुनिश्चित गर्न संघीय तथा प्रादेशिक प्रयासमा गाउँपालिकाले सहयोगी भूमिका खेल्न सक्दछ। यसो भए तापनि यस क्षेत्रमा गाउँपालिकाको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकास लक्ष्य ७ अघि बढाउन गाउँपालिकाले गर्न सक्ने विशेष काम निम्न छन्:

१. गाउँपालिकाको लघु जलविद्युत् योजना तथा वैकल्पिक ऊर्जा सम्बन्धमा नीति निर्माण कार्यान्वयन तथा नियमन।
२. स्थानीय विद्युत् वितरण व्यवस्थापन, सेवाहरूको कार्यान्वयन तथा नियमन।

## ८. सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने

### सान्दर्भिकता

नेपालले २०३० सम्म कुल गार्हस्थ्य उत्पादन (GDP) कम्तीमा वार्षिक ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ। यसका निमित्त रोजगारी, सामाजिक सुरक्षा र ज्यालामा लैङ्गिक विभेदको अन्त्य महत्वपूर्ण हुन्छ। पालिकाले अधिकार क्षेत्रभित्र स्थानीय विकास रणनीतिमार्फत स्थान विशेष स्रोत तथा सम्भावनाहरूको उपयोग गरेर समृद्धि र रोजगार सिर्जना गर्न सक्नेछ। गाउँपालिकाले जोखिममा परेका केटाकेटीहरूको पहिचान गर्न र तिनलाई निश्चित रूपले स्कुल पठाउने कार्य पनि गर्न सक्नेछ। यसका साथै पालिकाले स्थानीय व्यापारी समुदाय तथा अनौपचारिक क्षेत्रसँग मिलेर काम गर्ने वातावरण तथा कामदारको सामाजिक सुरक्षामा सुधार गर्न एवम् अनौपचारिक क्षेत्रको रूपमा सञ्चालित उद्यम व्यवसायलाई औपचारिकता दिनसमेत सहकार्य गर्न सक्नेछ। गाउँपालिकाले सुरक्षित कार्य वातावरण निर्माण गर्न तथा समान कामको लागि समान ज्याला सुनिश्चित गर्न उदाहरणको रूपमा काम गर्न सक्नेछ।

**<u>गाउँपालिकाले खेल्नु पर्ने भूमिका</u>**

गाउँपालिकाले संघीय तथा प्रादेशिक तहमा सबैका लागि हुने समावेशी तथा दिगो आर्थिक समुन्नति रोजगारी तथा सम्मानित कामको प्रवर्द्धनमा सहयोगी भूमिका निभाउन सक्दछ। गाउँपालिकाको यस क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकास लक्ष्य ८ लाई अघि बढाउन गाउँपालिकाले गर्नसक्ने विशेष काम निम्नानुसार छन्:

१. सहकारीहरूको गठन, सञ्चालन तथा विघटनसम्बन्धी नीति, कानून तथा योजना निर्माण, कार्यान्वयन तथा नियमन।
२. स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन तथा नियमन एवम् स्थानीय आर्थिक अवस्थाको विश्लेषण गर्ने।
३. व्यापार व्यवसाय तथा आवतजावतको पहुँच विस्तार हुने गरी स्थानीय सडक तथा पूर्वाधारहरूको योजना तर्जुमा तथा निर्माण गर्ने।
४. स्थानीय बजारको निर्माण, सञ्चालन तथा नियमन गर्ने, आर्थिक गतिविधिलाई सहयोगका लागि सार्वजनिक निजी साझेदारीको पक्षमा काम गर्ने।
५. गाउँपालिकामा पर्यटनको प्रवर्द्धन गर्ने।
६. शिक्षा तथा सीप विकास एवम् जीविकोपार्जनको प्रवर्द्धन गर्ने। स्कुलदेखि श्रम बजारमा प्रवेशबीचको अन्तरिम अवस्थाको व्यवस्थापन गर्ने।
७. श्रम बजारमा महिलाहरूको पहुँचलाई प्रवर्द्धन गर्ने।

## ९. उत्थानशील पूर्वाधारको निर्माण, दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

### सान्दर्भिकता

नेपालले सन् २०३० सम्मको लक्ष्य तथा सूचकअनुसार हाल विद्यमान सडक घनत्व ०.५५ कि.मि. प्रतिवर्ग किमिलाई १.५ कि.मि. प्रति वर्ग कि.मि. मा पुऱ्याउने, दूरसञ्चार (दूरसंचार घनत्व) लाई १०० प्रतिशतमा विकास गर्ने तथा उद्योगको उत्पादन कुल उत्पादनको २५ प्रतिशत पुऱ्याउने लगायतका लक्ष्य राखेको छ। शहरी क्षेत्रहरूमा सेवा पुऱ्याउन, वरिपरिका क्षेत्रसँग जोडिन तथा स्थानीय बासिन्दा तथा व्यवसायसँग राम्रो सम्पर्क कायम गर्न आवश्यक पूर्वाधारको विकास तथा मर्मत सम्भार कार्यमा प्रादेशिक सरकार तथा गाउँपालिकाले महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय स्रोत, माग तथा बजारको विचार गरेर गाउँपालिकाले साना उद्योगको प्रवर्द्धन तथा स्थानीय आर्थिक विकास प्रारम्भ गर्न मद्दत गर्नेसम्बन्धी विषय स्थानीय आर्थिक विकास रणनीतिमा समावेश गर्न सक्नेछ। यस अलावा गाउँपालिकाले समुदाय स्तरमा सूचना सञ्चार प्रविधि तथा इन्टरनेटको पहुँचमा विद्यमान खाँचोको पहिचान गरी त्यसको पूर्ति गर्न खासगरी सार्वजनिक स्थानमा पुस्तकालय स्थापना गर्ने जस्ता आवश्यक कदम चाल्न सक्छ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

स्थानीय सडकका साथै बजार तथा स्थानीय विकासका योजनाहरू एवम् कार्यक्रमहरू निर्माण तथा मर्मतसम्बन्धी अधिकार तथा उत्तरदायित्व गाउँपालिकालाई सुम्पिएको छ। औद्योगिकीकरण सम्बन्धी महत्वपूर्ण अधिकार संघीय तथा प्रादेशिक तहमा रहेको छ। यस सन्दर्भमा, गाउँपालिकाले संघीय तथा प्रादेशिक सरकारसँग संयुक्त रूपमा औद्योगिक ग्रामको स्थापना, उत्थानशील पूर्वाधारहरूको व्यवस्था, दिगो औद्योगिकीकरण तथा नवीन कार्यहरूको खोजी र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। दिगो विकास लक्ष्य ९ लाई अघि बढाउन गाउँपालिकाले गर्नसक्ने विशेष कामहरू निम्नानुसार छन्ः

१. भूउपयोग योजनाअनुरूप जमिनको उपयोग, भवन निर्माण इजाजत पत्र तथा स्वीकृति, भूमि कर तथा स्थिर सम्पत्तिसम्बन्धी नीति कानून तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने।

२. यातायात पहुँच वृद्धि तथा बजार, व्यापार प्रवर्द्धन गर्न स्थानीय सडक पूर्वाधारहरू (पुलहरू, कल्भर्ट, फुटपाथ, सडक बत्ती इत्यादि) को निर्माण तथा सम्भार गर्ने। यसका साथै खानेपानी, ढल, बिजुली तथा सूचना सञ्चार प्रविधि जसले उत्पादकत्व तथा जमिनको मूल्य वृद्धिमा सहयोग पुऱ्याउँदछ तिनका निर्माण तथा सम्भार गर्ने।

३. व्यापारिक संस्थाहरूलाई इजाजत पत्र दिने, दर्ता गर्ने, नवीकरण गर्ने, दर्ता खारेज गर्ने, अनुगमन गर्ने तथा नियमन गर्ने। घरेलु उद्योग, पर्यटन तथा अन्य स्थानीय आर्थिक गतिविधिहरूको प्रवर्द्धन गर्ने।

४. एक सय वाट क्षमतासम्मको एफएम रेडियोको लाइसेन्स वितरण गर्ने, नवीकरण गर्ने, नियमन गर्ने एवम् दर्ता खारेज गर्ने।

## १०. मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

**सान्दर्भिकता**

नेपालले सन् २०३० सम्ममा उपभोगमा सम्पत्तिमा आधारित असमानतालाई ०.३३ प्रतिशतबाट ०.१६ प्रतिशतमा झार्ने र निम्न वर्गका ४० प्रतिशतले पाउँदै आएका १२ प्रतिशत आम्दानीको हिस्सालाई बढाएर १८ प्रतिशतमा पुऱ्याउने एवम् सामाजिक तथा आर्थिक सशक्तिकरण सूचकलाई ०.७ मा पुऱ्याउने लक्ष्य लिएको छ। मुलुकभित्रको असमानता हटाउन गाउँपालिकाको भूमिका रहन्छ। गाउँपालिकाले क्षेत्रभित्रका अति पिछडिएको क्षेत्रमा स्रोत परिचालन गर्न सक्दछ। गरिबी तथा बहिष्करणको पहिचान गर्न तथा तिनका लागि काम गर्न गाउँपालिकाको क्षमता विकास गर्नु जरुरी हुन्छ। असमानता न्यूनीकरण तथा समावेशी विकासको प्रवर्द्धन गर्दा आर्थिक असमानतामा मात्र ध्यान नपुर्याई राजनीतिक तथा सामाजिक समावेशितामा समेत विचार गरिनेछ। गाउँपालिकामा राजनीतिक समावेशिता कायम गर्न खेल्नुपर्ने विशेष भूमिका रहेको छ। गाउँपालिकाले अल्पसंख्यक तथा परम्परागत रूपमा कम प्रतिनिधित्व भएका समूहलाई सार्वजनिक छलफलका प्रक्रियाहरूमा भागलिन लगाउने कार्यको प्रवर्द्धन गर्न र निर्वाचित पदहरूमा उठ्न प्रोत्साहन गर्न सक्छ। गाउँपालिकाहरूले आफ्नै संस्थाहरूभित्र तथा आफूले गर्ने कामहरूमा समावेशिता तथा भेदभावरहित उपायहरू अवलम्वन गरी असल अभ्यास प्रदर्शन गर्न सक्छ, साथसाथै सेवा तथा सामानहरूको खरिद प्रक्रिया तयार पार्दासमेत यो सिद्धान्त अपनाउन सक्छ। गाउँपालिकाले भेदभावरहित तरिकाबाट सार्वजनिक सेवाहरू उपलब्ध गराउने उत्तरदायित्व पनि वहन गरिनेछ।

**गाउँपालिकाले खेल्नु पर्ने भूमिका**

संविधानले गरेको राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकारको विकेन्द्रीकरणले गाउँपालिकालाई असमानता न्यूनीकरण गर्न प्रशस्त अवसर प्रदान गरेको छ। जसअनुसार असमानता न्यूनीकरण गर्न गाउँपालिका, संघीय तथा प्रादेशिक तहका सरकारहरू सँगसँगै महत्वपूर्ण भूमिका खेल्न सक्नेछ। दिगो विकासको लक्ष्य १० लाई अघि बढाउन गाउँपालिकाले गर्नसक्ने विशेष कामहरू निम्नानुसार छन्ः

१. महिला, केटाकेटी, गरिब तथा अन्य सुविधाबाट वञ्चित समूहमा विद्यमान असमानता हटाउन तथा सामाजिक सुरक्षाको प्रावधानको ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तयार तथा कार्यान्वयन गर्ने।

२. गाउँपालिकाले सेवा लिने वा खरिद गर्नेलगायत सबै काममा समतामूलक तथा समावेशी तरिका अपनाउनेबारे सुनिश्चित गर्ने।

३. सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, पानी तथा सरसफाइमा पहुँच, फोहरमैला, रोजगारीको कार्यक्रमहरू आदि जस्ता सार्वजनिक सेवाहरूमा समान पहुँचको सुनिश्चित गर्ने।

## ११. सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

**सान्दर्भिकता**

नेपालले सन् २०३० सम्ममा शहरी क्षेत्रमा बहुआयामिक गरिबीहरू घटाउने, सुरक्षित घरमा बस्ने घरधुरीको संख्या दोब्बर गर्ने, सडक घनत्व १.५ किमि प्रतिवर्ग किमि गर्ने, ५० प्रतिशत सडकलाई (गाडी हाँक्नका लागि) अन्तर्राष्ट्रियस्तरको सुरक्षित बनाउने तथा ६० नयाँ सहायक सहरहरू (Satellite city) निर्माण गर्ने लक्ष्य राखेको छ। गाउँपालिकाहरूले झुपड बस्तीमा बस्नेहरूको वृद्धि संख्या रोक्न र उनीहरूको अवस्थामा सुधार गर्ने रणनीतिक शहरी योजना तयार गरिनेछ। र विद्यमान झुपड बस्तीका बासिन्दासँग सहकार्य गरेर उनीहरूको अवस्थामा सुधार गर्दै आधारभूत सेवाहरू पुऱ्याउनुपर्दछ। गाउँपालिकाले आफ्ना अति गरिब बासिन्दाहरूका लागि घरको अधिकार सुनिश्चित गर्न जमिन तथा घरबजार सम्बन्धमा नियमन गर्न सक्नेछ। साथै गाउँपालिकाहरूले सहरको विभिन्न भागमा पहुँच सुनिश्चित गर्नेलगायत सार्वजनिक यातायातको व्यवस्थापनको उत्तरदायित्व पनि बहन गरिनेछ। नागरिकलाई सफा प्रदुषणरहित पार्क, चोक तथा बगैंचाजस्ता हरित सार्वजनिक स्थलहरूको सुविधा पुऱ्याउने काम पनि स्थानीय जनप्रतिनिधिहरूको हो। पुनः प्रयोग तथा पुनः प्रशोधनमा जोड दिएर दिगो फोहरमैला व्यवस्थापनबाट शहरी वातावरणमा पर्ने असर कम गर्न अति आवश्यक पर्दछ। गाउँपालिकाले जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपको असर कम गर्न तथा अति संवेदनशील समुदायलाई संरक्षण गर्न पनि उत्तिकै महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

**गाउँपालिकाले खेल्नु पर्ने भूमिका**

गाउँपालिकालाई शहरी विकास, सेवाहरूको प्रवाह र सार्वजनिक सुव्यवस्थाका क्षेत्रमा महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ। त्यसैले गाउँपालिकाले सहरलाई समावेशी, सुरक्षित, उत्थानशील तथा दिगो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ। गाउँपालिकाले दिगो विकासका लक्ष्य ११ लाई अघि बढाउन निम्न कार्यहरू गर्नेछः

१. स्थानीय सार्वजनिक यातायात व्यवस्थालगायत स्थानीय यातायातसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तर्जुमा तथा कार्यान्वयन गर्ने,
२. स्थानीय बासिन्दाको सुरक्षा तथा दिगो बसाइसम्बन्धी वातावरण सुनिश्चित गर्न शहरी पूर्वाधारहरूको योजनाको कार्यान्वयत तथा व्यवस्थापन गर्ने।
३. शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरू जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरू, सहर बत्ती, फोहरमैला व्यवस्थापन एवम् यातायात सम्बन्धी पूर्वाधारहरूको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

## १२. दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने

**सान्दर्भिकता**

नेपालले सन् २०३० सम्म कुल ऊर्जा खपतको १५ प्रतिशत जैविक ऊर्जामा सीमित गर्ने र माटोको जैविक तत्वहरू २०१५ मा १ प्रतिशत भएकोमा ४ प्रतिशत बनाउने लगायतका लक्ष्य लिएको छ। जनताको सबभन्दा नजिकको सरकार भएको हैसियतले गाउँपालिका दिगो उत्पादन तथा उपभोगको महत्वबारे नागरिक जागरण गर्ने तथा उनीहरूलाई वातावरणीय पदचिन्ह कम गर्न ज्ञान तथा तरिका सिकाउने उपयुक्त माध्यम हो। गाउँपालिकाले आफ्ना कार्य क्षेत्रभित्र पर्यटनबाट उत्पन्न प्रभावहरूको अनुगमन गर्न एवम् पर्यटन विकासमा प्रमुख साझेदारको रूपमा काम गर्नसक्छ। पर्यटन विकास गर्दा न्यून कार्वन उत्सर्जन तथा फोहरमैलामा कमी हुनाका साथै पर्यटनले रोजगार सिर्जना तथा स्थानीय संस्कृतिको प्रवर्द्धन गरिनेछ। गाउँपालिकाले ऊर्जा, पानी तथा अन्य प्राकृतिक स्रोतहरूको खपत तथा उत्पादनको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछ। यस्तो पर्यटन प्रवर्द्धन कार्य गर्दा उनीहरू गाउँ योजनादेखि मूल्य तोक्ने तरिका जस्ता विभिन्न प्रकारका औजारहरू प्रयोग पनि गर्न सक्नेछ। सामान तथा सेवाको खपतकर्ताको हैसियतले स्थानीय तथा प्रादेशिक सरकारले फोहरमैला तथा सम्भाव्य कार्वन उत्सर्जनकर्तालाई मनन गर्दै मापदण्डहरू तोक्न सक्नेछ।

**गाउँपालिकाले खेल्नु पर्ने भूमिका**

गाउँपालिकाले दिगो खपत तथा उत्पादन प्रणाली सुनिश्चित गर्न संघीय तथा प्रादेशिक प्रयासहरूमा महत्वपूर्ण सहयोगी भूमिका खेल्नुपर्ने हुन्छ। दिगो विकास लक्ष्य १२ हासिल गर्न गाउँपालिकाले खास रूपमा निम्न कार्यहरू गर्नेछः

१. संघीय तथा प्रादेशिक वातावरणका मापदण्डहरूसमेतलाई सहयोग पुग्ने गरी दिगो खपत तथा उत्पादनसम्बन्धी ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तर्जुमा तथा कार्यान्वयन गर्ने।
२. दिगो उत्पादन तथा खपतको महत्वबारे जनताको सचेतना वृद्धि गर्ने र उनीहरूले वातावरणमा पारेको प्रभाव कम गर्न ज्ञान तथा तरिकाहरू सिकाउने।
३. न्यून ऊर्जा खपत पद्धतिहरू अपनाएर गाउँपालिकाले गर्ने आफ्ना कार्यहरूमा ऊर्जाको दिगो खपत सुनिश्चित गर्ने।
४. निजी तथा गैरसरकारी क्षेत्रहरूको समन्वय एवम् सहयोगमा ढल निकास तथा फोहरमैलाको मात्रा कम गर्ने। जस्तो अंग्रेजीका तीन आरका सिद्धान्त अपनाउने।

## १३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने

**सान्दर्भिकता**

नेपालले सन् २०३० सम्म कार्वन उत्सर्जनलाई आधा गर्ने, ओजोन कम गर्ने वस्तु तथा कृषि, यातायात, उद्योग तथा व्यापारिक क्षेत्रहरूबाट उत्सर्जन हुने हरितगृह ग्यासलाई पनि आधा गर्ने लक्ष्य लिएको

छ। गाउँपालिकाले वातावरण परिवर्तनका प्रभावबारे प्रायः अग्रपंक्तिमा रहेर काम गर्दै आएको छ। स्थानीय नेताहरूले वायुमण्डलमा हुने परिवर्तनसँग जुझ्ने तथा गाउँपालिकामा चेतना जागरण गर्ने काममा तल्लो तहबाटै नेतृत्व गर्ने इतिहास रहँदै आएको पनि छ। गाउँपालिकाले खासगरी अति संवेदनशील सहरहरूमा वातावरण परिवर्तन अनुकूलन गर्ने तथा यसबाट हुने प्रभाव कम गर्ने, शहरी क्षेत्रमा हुने उत्सर्जन घटाउने र तिनीहरूबाट वातावरणमा पर्ने प्रभाव कम गर्ने कार्यहरू शहरी तथा क्षेत्रगत योजनामा एकीकृत गर्नु आवश्यक पर्दछ। वायुमण्डल सम्बन्धी जोखिम तथा प्राकृतिक विपदसँग सामना गर्दै आफ्ना समुदाय खासगरी अति संवेदनशील समूहलाई सुरक्षा प्रदान गर्नु गाउँपालिकाको जिम्मेवारी हो।

**<u>गाउँपालिकाले खेल्नु पर्ने भूमिका</u>**

गाउँपालिकाले जलवायु परिवर्तनसम्बन्धी कार्यमा संघीय तथा प्रादेशिक प्रयासहरूमा सहयोगी भूमिका खेल्दछन्। दिगो विकास लक्ष्य १३ हासिल गर्न गाउँपालिकाले खास रूपमा निम्न कार्यहरू गर्नेछः

१. सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक बस्तीका ठाउँहरूको पहिचान गरेर वातावरण परिवर्तन कम गर्ने उपाय अपनाउन तथा प्रकोप व्यवस्थापन गर्न कानून, नीति, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने।
२. वातावरणमैत्री स्थानीय योजनाहरू र सम्भाव्य प्राकृतिक प्रकोपबाट उठ्ने जोखिम सहन सक्ने क्षमताको सुनिश्चित गर्ने।
३. प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग सहयोग, समन्वय तथा सहकार्य गर्ने।
४. गाउँपालिकामा जोखिमयुक्त वस्तुहरूबाट हुने प्रदुषण नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्ने।
५. गाउँपालिकामा प्राकृतिक प्रकोपबाट भएका हानि नोक्सानीको क्षतिपूर्तिका लागि प्रकोप व्यवस्थापन कोष खडा गर्ने तथा सञ्चालन गर्ने।
६. गाउँपालिकाले आकस्मिक कार्यको तयारी सुनिश्चित गर्ने।

**<u>१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने</u>**

महासागर तथा तटीय क्षेत्रहरूको संरक्षण गर्नुमा नेपाल भूपरिवेष्ठित मुलुक भएकोले प्रत्यक्ष जिम्मेवार नभए तापनि तटीय क्षेत्र तथा महासागरहरूमा प्रदुषण घटाउन नदीको माथिल्ला भागमा सरसफाइ तथा फोहरमैलाको व्यवस्थापन गर्नु जरुरी पर्दछ। विश्वव्यापी विकास तथा वातावरणीय दिगो विकासका प्रयासहरूबीच ठूलो अन्तरसम्बन्ध भए तापनि भौगोलिक अवस्थितिको कारणले दिगो विकासका चौधौं लक्ष्य, नेपाल तथा खासगरी नेपालका गाउँपालिकासँग कम सम्बन्धित रहेको मानिन्छ। तैपनि स्थानीय नदीनाला, तालतलैया र हिमतालहरू संरक्षण तथा सम्बर्द्धन गर्नु आवश्यक हुन्छ।

## १५. वनको दिगो व्यवस्थापन, मरुभूमीकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने

### सान्दर्भिकता

नेपालमा हाल झाडी तथा घाँसे मैदानसहित ३९ प्रतिशत जमिन वनले ढाकेको छ। मुलुकको जमिन क्षेत्रको २३.२ प्रतिशत संरक्षित क्षेत्र रहेको छ। सन् २०३० सम्मको प्रस्तावित लक्ष्यअनुसार ४२ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको हुने र २३.३ प्रतिशत संरक्षित क्षेत्र रहेको हुनेछ। गाउँपालिकाले शहरी योजना तथा विकासको अभिन्न अंगको रूपमा जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण कार्यलाई समावेश गरिनेछ। एकीकृत जलस्रोत व्यवस्थापन जस्तो जटिल कामदेखि गाउँपालिकामा प्राकृतिक स्रोत व्यवस्थापनको लागि आवश्यक निजी क्षेत्र तथा समुदायबीच हुने सहकार्यको समन्वयको कामसमेत गाउँपालिकाबाट गरिनेछ। गाउँपालिकाको सहजीकरणको साथमा समुदायमा आधारित सहभागिता तथा व्यवस्थापन, जैविक विविधताको क्षय तथा तिनीहरूलाई लोप हुनबाट जोगाउने एउटा शक्तिशाली उपाय हो। सेवा प्रदायकको भूमिका तथा समुदायको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन प्रोत्साहन गर्न सक्ने क्षमताले गाउँपालिकालाई प्राकृतिक स्रोत तथा बासस्थानको संरक्षण गर्ने विशिष्ट अवस्थामा राख्दछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधताको व्यवस्थापन, जलाशय, सिमसार तथा वन्यजन्तुको व्यवस्थापनमा पालिकालाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ। जसअनुसार दिगो वन व्यवस्थापन गर्न, भूक्षयको रोकथाम गर्न तथा जैविक विविधताको हानिनोक्सानी थाम्न गाउँपालिकाको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकासको लक्ष्य १५ लाई अघि बढाउन गाउँपालिकाले निम्न कार्यहरू गर्नेछः

१. प्रभावकारी वातावरणीय व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने।

२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन प्रभावकारी रूपमा गर्ने।

३. गाउँपालिकामा सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कबुलियत वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन गर्ने।

४. नदीले छोडेका ठाउँहरू वा नदी कटानहरू, नहरका किनारहरू तथा सडक किनारहरूमा वृक्षारोपण को व्यवस्थापन गर्ने।

५. गाउँपालिकामा निजी तथा व्यावसायिक वनको प्रवर्द्धन तथा नियमन गर्ने।

६. गाउँपालिकामा सार्वजनिक खुला जमिन तथा खाली ठाउँहरूमा वृक्षारोपण, सम्भार, प्रयोग तथा व्यवस्थापन गर्ने।

७. गाउँपालिकामा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावरको सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन तथा बजार व्यवस्थापन गर्ने।

८. बीउबिजनका बेर्ना तयारीका साथै बगैंचाका स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने।

९. नर्सरी बिरुवा उत्पादन, वितरण, वृक्षारोपण तथा प्रवर्द्धन गर्ने।

१०. मानव तथा वन्यजस्तुबीचको द्वन्द्व व्यवस्थापन गर्ने।

## १६. न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने

### सान्दर्भिकता

दिगो विकास लक्ष्यको कार्यसूचीमा शान्ति, न्याय तथा उत्तरदायी संस्थाहरूको स्थापनाले समावेशी विकासको महत्व दर्शाउँछ। नेपालले सन् २०३० को राष्ट्रिय लक्ष्यअनुसार यस क्षेत्रमा हिंसात्मक द्वन्द्वबाट मृत्यु, महिलाविरुद्धको हिंसा र बालविरुद्धको हिंसा र पारदर्शिता तथा उत्तरदायित्वको अंक सुधारिएर ५ मा पुऱ्याउने तथा सुशासनको अंक २ मा पुऱ्याउने लक्ष्य लिएको छ। यस लक्ष्यले गाउँपालिकालाई आफ्ना नागरिकप्रति बढी प्रभावकारी तथा उत्तरदायी हुन आह्वान गर्दछ। यसका लागि गाउँपालिकाले नगरिकको सूचनाप्रतिको पहुँच वृद्धि गर्न आवश्यकता पर्दछ। गाउँपालिकाहरूले सहभागितामूलक बजेट तथा योजना तर्जुमा गर्ने जस्ता नयाँ नयाँ किसिमका सहभागितात्मक निर्णय गर्ने प्रक्रियाहरूको थालनी गर्दै आएका छन्। यस लक्ष्यले गाउँपालिकालाई कुनै पनि समूहलाई बहिष्कृत नगरी आफ्ना समावेशी प्रयासलाई विस्तार गर्न र समुदायप्रति अझ बढी उत्तरदायी हुन आह्वान गर्दछ।

### गाउँपालिकाले खेल्नु पर्ने भूमिका

गाउँपालिकाहरू न्याय, शान्तिपूर्ण तथा समावेशी समाज प्रवर्द्धन गर्न भूमिका निर्वाह गर्ने स्थानमा छन्। संविधानले गाउँपालिकामा नगर प्रहरी तथा न्यायिक समितिको व्यवस्था गरी उनीहरूको भूमिकालाई स्थापित गरेको छ। यसका अलावा गाउँपालिका आफैले पनि पारदर्शी तथा समावेशी तरिकाले काम गरिनेछ। दिगो विकास लक्ष्य १६ लाई अघि बढाउन गाउँपालिकाले निम्न कार्यहरू गर्नेछः

१. नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने।

२. उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिबाट न्याय सम्पादन छिटो , छरितो र निश्पक्ष गर्ने।

३. मध्यस्थता तथा मेलमिलापमा जोड दिने।

४. समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने।

५. स्थानीय विकासका सूचकहरूलाई विद्युतीय माध्यमद्वारा सार्वजनिक गरेर उत्तरदायित्व प्रवर्द्धन गर्ने।

## **१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने**

**सान्दर्भिकता**

जनताको निकटतम तहको सरकार भएकोले दिगो विकास लक्ष्य हासिल गर्न पालिकाले निर्णायक भूमिका खेल्नुपर्दछ किनकि पालिकामा यसले गरिबी निवारण तथा दिगो विकास लक्ष्यका बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्न उपयुक्त नीतिको विकास गर्दछ। यसकारण गाउँपालिका, सामुदायिक संस्थाहरू, निजी क्षेत्र तथा नागरिक समाजबीच साझेदारी तथा सहजीकरण गर्न प्रोत्साहन गर्ने स्थानमा रहेको छ। सबैलाई समेटेर स्रोत परिचालन गर्न तथा गाउँपालिकामा हुने प्रगतिको भिन्नता अनुगमन गर्न भरपर्दो स्थानीय तथ्यांकको आवश्यकता पर्दछ।

**गाउँपालिकाले खेल्नु पर्ने भूमिका**

दिगो विकास लक्ष्य १७ लाई अघि बढाउन गाउँपालिकाले गर्नसक्ने विशेष कार्यहरू निम्नानुसार छन्ः

१. गाउँपालिकाले अनुकूलताको दिगो विकास लक्ष्यका कार्यसूची (एजेण्डा) बनाउने तथा त्यसको अनुगमन गर्ने।

२. क्षेत्रभित्र राष्ट्रिय विकासका उद्देश्यहरू प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने र यसमा सहभागितात्मक ढंगले काम गर्ने।

३. स्थानीय विकासका लक्ष्यहरू हासिल गर्न गाउँपालिकाले आफ्नै राजस्व स्रोतबाट आर्थिक स्रोतहरू सृजना गर्ने।

४. स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाले सार्वजनिक निजी साझेदारी अवधारणा अपनाउने।

५. नागरिकको इन्टरनेट पहुँचमा (पुस्तकालयहरू, सामुदायिक केन्द्र आदि) सहयोग गर्न गाउँपालिकाले प्रयास गर्ने।

## अनुसूची-१

## दिगो विकास लक्ष्यका गाउँपालिकाको लागि परिमाणात्मक लक्ष्य

### १ सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

१.१. सन् २०३० सम्ममा राष्ट्रिय परिभाषा अनुसार गरिबी र यसका सबै आयाममा बाँचिरहेका पुरुष, महिला तथा सबै उमेरका बालबालिकाहरुको अनुपात कम्तीमा आधाले घटाउने

१.२. राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरु लागू गर्ने र सन् २०३० सम्ममा गरिब र जोखिममा परेकाहरुलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने

१.३. सन् २०३० सम्ममा सबै पुरुष तथा महिला विशेषगरी गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको आर्थिक स्रोतहरूमाथि समान अधिकार सुनिश्चित गर्न'का साथै आधार भूत सेवामा पहुँच तथा भूमि र अन्य प्रकारका सम्पत्ति, उत्तराधिकार, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधि र वित्तीय सेवा, लघु वित्तलगायतमा स्वामित्व र नियन्त्रण सुनिश्चित गर्ने

१.४. सन् २०३० सम्म गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका जनसंख्याको विपद् तथा अन्य प्रतिकुल परिस्थितीको सामना गर्नसक्ने क्षमता विकास गर्ने र वातावरणसम्बन्धी चरम विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक सामाजिक र पर्यावरणीय प्रकोपहरुबाट उनीहरुलाई हुनसक्ने नकारात्मक असरलाई कम गर्दै उनीहरुको सवलीकरण गर्ने

१.५. विकासोन्मुख देशहरु अझ खासगरी अति कम विकसित देशहरुका लागि गरिबी र यसका सबै आयामलाई अन्त्य गर्ने कार्यक्रम र नीतिहरु लागू गर्न पर्याप्त साधन र स्रोतको उपलब्धता सुनिश्चित गर्ने । यसका लागि विकास सहायता तथा अन्य उपलब्ध सबै साधनस्रोतको उचित परिचालन गर्ने

१.६. गरिबी अन्त्य गर्ने कार्यहरुमा बढी भन्दा बढी लगानी प्रवर्धन गर्न गरिबमुखी र लैङ्गिकमैत्री विकास रणनीतिमा आधारित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा स्पष्ट नीतिगत खाका तर्जुमा गर्ने ।

### २ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

२.१. सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने तथा सबै नागरिक खासगरी शिशु लगायत गरिब र जोखिमपूर्ण स्थितिमा रहेकाहरुलाई वर्षभरि नै सुरक्षित, पौष्टिक र पर्याप्त खाद्यको पहुँच सुनिश्चित गर्ने

२.२. सन् २०३० सम्ममा सबैखाले कुपोषणको अन्त्य गर्ने र २०२५ सम्म ५ वर्ष मुनिका बालबालिकाहरुमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोगसम्बन्धी अन्तर्राष्ट्रिय लक्ष्य हासिल गर्ने तथा किशोरी, गर्भवती र सुत्केरी महिला र वृद्धवृद्धाहरुको पोषणसम्बन्धी आवश्यकता सम्बोधन गर्ने

२.४. सन् २०३० सम्ममा दिगो खाद्य उत्पादन प्रणाली सुनिश्चित गर्न उत्पादकत्व र उत्पादन वृद्धि गर्ने, पर्यावरणीय प्रणाली कायम राख्न मद्दत गर्ने,जलवायु परिवर्तन, मौसमी विपत्त, खडेरी, बाढी र अन्य

विपद सामना गर्ने क्षमता बढाउने र बिस्तारै भूमि र माटो गुणस्तर सुधार गर्दै बलियो कृषि अभ्यासहरू लागू गर्ने

२.५. विकासोन्मुख देशहरु मुख्यतः अति कम विकसित देशहरुमा कृषि उत्पादक क्षमता बढाउन, ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान र विस्तार सेवाहरू, प्रविधि विकास, बोट र पशुधन जीन बैंकमा परिस्कृत अन्तर्राष्ट्रिय सहयोगमार्फत लगानी वृद्धि गर्ने

२.६. चरम खाद्यान्न मूल्य अस्थिरतालाई कम गर्न खाद्यवस्तुको बजार र तिनको उत्पादनको उचित परिचालन र खाद्यान्नको वचत र बजार जानकारीमाथिको पहुँचका लागि विभिन्न उपाय अपनाउने

**३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने**

३.१. सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदर लाई हरेक १००,००० जीवित जन्ममा ७० भन्दा तल झार्ने

३.२. सन् २०३० सम्ममा ५ वर्ष मुनिका रक्षा गर्न सकिने नवजात शिशु तथा बाल मृत्युको अन्त्य गर्ने । सबै देशले प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्युलाई कम्तीमा १२ र ५ वर्ष भन्दा मुनिका बालमृत्यु दरलाई कम्तीमा २५ मा सीमित राख्ने

३.४. सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदर रोकथाम र उपचारबाट एक तिहाइले कम गर्ने र मानसिक स्वास्थ्य तथा समृद्ध जीवनको प्रवर्धन गर्ने

३.६. सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यु तथा घाइतेहरुको संख्यालाई आधा घटाउने

३.७. सन् २०३० सम्ममा यौन तथा प्रजनन्सम्बन्धी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजनको सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा आबद्ध गर्ने

३.८. वित्तीय जोखिम सुरक्षा कायम गर्दै, गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवा र सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरुको उपलब्धता बढाउदै स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्ने ।

**४ समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने**

४.१. सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गरेको सुनिश्चित गर्ने

४.२. सन् २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होऊन् भन्नका लागि गुणस्तरीय बाल विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने

४.३. सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा विश्वविद्यालय लगायत उच्च शिक्षामा सबै महिला र पुरुषको समान पहुँच सुनिश्चित गर्ने

४.५. सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र सङ्कटासन्न बालबालिका लगायत सङ्कटासन्न अवस्थामा रहेका सबैका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित गर्ने

४.६. सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढहरूले साक्षरता र गणितीय सिप हाँसिल गरेको सुनिश्चित गर्ने

४.७. शैक्षिक सुविधाहरू बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण तथा थप गर्ने र सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण उपलब्ध गराउने

**५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने**

**परिमाणात्मक लक्ष्य**

५.२. मानव बेचबिखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने

५.३. बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरुको उन्मूलन गर्ने

५.५ राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरुको पूर्ण प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने

५.६. जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र बेइजिङ कार्ययोजना तथा तिनका समीक्षा भेलाका निष्कर्ष र त्यससम्बन्धी दस्तावेज बमोजिम यौन र प्रजनन् स्वास्थ्यको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने

५.७. महिलाहरुलाई भूमि तथा अन्य सम्पत्ति, वित्तीय सेवा, उत्तराधिकार र प्राकृतिक स्रोतहरूमा पहुँच र नियन्त्रणसहित आर्थिक स्रोतहरूमा समान अधिकार प्रदान गर्न राष्ट्रिय कानून अनुसार सुधारका कदमहरू चाल्ने

५.८. महिला सशक्तिकरण प्रवर्धन गर्न सहयोगी हुने प्रविधिहरु खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोग बढाउने

**६ सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने**

**परिमाणात्मक लक्ष्य**

६.१. सन् २०३० सम्ममा सबैको खर्चले धान्न सक्ने लागतमा सबैको लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पर्‍याउने

६.२. सन् २०३० सम्ममा सबैका लागि प्रर्याप्त सरसफाइ र स्वच्छतामा समतामुलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने । यस क्रममा, महिला, बालिका, किशोरी तथा अन्य संकटासन्न अवस्थामा रहेकाहरुको आवश्यकतालाई विशेष ध्यान दिने

<u>७ किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने</u>

<u>परिमाणात्मक लक्ष्य</u>

७.१. सन् २०३० सम्ममा किफायती, विश्वसनीय र आधुनिक उर्जाका सेवाहरुको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने

७.२. सन् २०३० सम्ममा विश्वव्यापी उर्जा मिश्रणमा नवीकरणीय उर्जाको हिस्सालाई उल्लेख्य मात्राले वृद्धि गर्ने

<u>८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशिल रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने</u>

<u>परिमाणात्मक लक्ष्य</u>

८.१. उत्पादक गतिविधिहरु, मर्यादित कामको सिर्जना, उद्यमशीलता, रचनात्मकता र नवीनतालाई सघाउने विकास नीतिहरूलाई प्रवर्धन गर्ने र वित्तीय सेवाहरुमा पहुँच लगायत लघु, साना तथा मझौला उद्यमको वृद्धिलाई प्रोत्साहन गर्ने

८.२. सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्ति लगायत सबै महिला र पुरुषका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित काम र समान प्रकृतिको कामका लागि समान ज्याला हासिल गर्ने

८.३ सन् २०३० सम्ममा दिगो पर्यटनको प्रवर्धन गर्ने नीतिहरु तर्जुमा गरी लागू गर्ने जसबाट रोजगारी सिर्जना गर्नुका साथै स्थानीय संस्कृति र उत्पादनको प्रवर्धन गर्ने

८.४.बैंकिङ, बीमा तथा वित्तिय सेवामा सबैको पहुँच विस्तार र प्रोत्साहन गर्न स्थानीय वित्तिय संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने

<u>९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने</u>

<u>परिमाणात्मक लक्ष्य</u>

९.१. आर्थिक विकास र मानव समृद्धि हासिल गर्न सबैका लागि किफायती र समतामूलक पहुँच हुनसक्ने गुणस्तरीय, दिगो, उत्थानशिल र भरपर्दो क्षेत्रीय तथा अन्तरदेशीय पूर्वाधारको निर्माण गर्ने

९.२. समावेशी र दिगो औद्योगीकरणको प्रवर्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय अवस्था अनुसार रोजगारी र कूल ग्राहस्थ उत्पादनमा उद्योगको अंशलाई उल्लेख्य मात्रामा वृद्धि गर्ने र अति कम विकसित देशहरुमा त्यसको अंश दोब्बर गर्ने

९.३. उचित मूल्यमा ऋण कर्जा लगायतका वित्तीय सेवाहरुमा विकासोन्मुख देशका लघु उद्योग तथा अन्य उद्यमहरुको पहुँच वृद्धि गर्ने र मूल्य श्रृंखलाका सबैतह तथा बजारमा तिनको समायोजन गर्ने

**१० मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने**

**परिमाणात्मक लक्ष्य**

१०.१. सन् २०३० सम्ममा आर्थिक हिसावले सबैभन्दा तल रहेको ४० प्रतिशत जनसंख्याको आय वृद्धि दर राष्ट्रिय औसतभन्दा उच्च हासिल गर्ने र त्यसलाई कायम राख्ने

१०.५. विश्व वित्तीय बजार र संस्थाहरूको विनियमन र अनुगमनको सुधार गर्ने र त्यस्ता अनुगमनहरुको कार्यान्वयनलाई सुदृढ बनाउने

**११ सहर तथा मानव बस्तिहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने**

**परिमाणात्मक लक्ष्य**

११.१. सन् २०३० सम्ममा सवैलाइ धान्न सक्ने, सूरक्षित र प्रयाप्त मात्रामा आवास तथा आधारभूत सेवाहरुमो पहुँच सुनिश्चित गर्ने तथा अव्यवस्थित बस्तीहरुको स्तरोन्नति गर्ने

११.३. सन् २०३० सम्ममा सबै मुलुकमा समावेशी र दिगो शहरीकरण तथा सहभागितामूलक एकीकृत र दिगो मानव वस्तीको योजना र व्यवस्थापनको लागि क्षमता वृद्धि गर्ने

११.४.विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र सुरक्षण प्रयासहरु सुदृढ गर्ने

११.५. सन् २०३० सम्ममा जल उत्पन्न विपद् लगायत अन्य विपदबाट मृत्यु हुने तथा प्रभावित हुने व्यक्तिहरुको संख्या घटाइ गरिब तथा संकटमा परेका मानिसहरुलाई विशेष ध्यान दिदै विश्वको कुल ग्रायस्थ उत्पादनसित सापेक्षित प्रत्यक्ष आर्थिक घाटालाई उल्लेख्य मात्रामा न्यून गर्ने

**१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने**

**परिमाणात्मक लक्ष्य**

१२.१. सन् २०३० सम्ममा दिगो व्यवस्थापन तथा प्राकृतिक स्रोतको कुशल उपयोग हासिल गर्ने

**१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने**

**परिमाणात्मक लक्ष्य**

१३.१. राष्ट्रिय रणनीति, नीति तथा योजनाहरुमा जलवायु परिवर्तनसम्बन्धी उपायहरु समायोजन गर्ने

१३.२. जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, असर न्यूनीकरण र पूर्व सुचना सम्बन्धी शिक्षामा सुधार गर्ने, चेतना अभिवृद्धिगर्ने र त्यससम्बन्धी मानवीय तथा संस्थागत क्षमता वृद्धि गर्ने

**१५ पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने**

**परिमाणात्मक लक्ष्य**

१५.१. सन् २०३० सम्म अन्तर्राष्ट्रिय सम्झौता अर्तगतका दायित्व अनुरुप स्थलीय र जलचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरु, खासगरी जंगल, सिमसार, हिमाल तथा सुख्खा भूमिको सुरक्षा, पुनःस्थापना तथा दिगो प्रयोग सुनिश्चित गर्ने ।

१५.२. सन् २०३० सम्ममा सबै खालको वन जंगलहरुको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रवर्धन गर्ने, वन फडानीमा रोक लगाउने, वनहरुको पुर्नबृक्षारोपण र पुनःस्थापना गर्ने र विश्वव्यापी रुपमा वनको बिस्तार तथा पुर्नबृक्षारोपण उल्लेख्य रुपमा बढाउने ।

१५.३.सन् २०३० सम्ममा दिगो विकासका लागि अत्यावश्यक हिमाली पारिस्थितिकीय प्रणाली क्षमता बढाउन तथा तिनीहरुको जैविक विविधताको संरक्षण सुनिश्चित गर्ने ।

**१६ दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने**

**परिमाणात्मक लक्ष्य**

१६.१. सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्यु दर उल्लेख्यरुपमा कम गर्ने

१६.२. सन् २०३० सम्म सबैलाई जन्म दर्ता लगायत अन्य कानूनी पहिचान प्रदान गर्ने ।

## १७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

**परिमाणात्मक लक्ष्य**

१७.१. विकासोन्मुख देशहरुका लागि अन्तर्राष्ट्रिय समर्थनका साथै कर तथा अन्य राजस्व संकलनको घरेलु क्षमतालाई सुधार गर्न घरेलु स्रोतहरुको परिचालन बलियो पार्ने

१७.२. बिभिन्न स्रोतहरुबाट विकासोन्मुख देशहरुका लागि थप बित्तिय स्रोतहरुको परिचालन गर्ने

१७.३. उत्तर—दक्षिण, दक्षिण—दक्षिण र त्रिकोणात्मक क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग तथा विज्ञान प्रविधि र नवीन खोज अनुसन्धानमा पहुँच अभिवृद्धि गर्ने र संयुक्त राष्ट्र संघको तथा विश्वव्यापी तहमा प्रविधिको सुविधा संयन्त्र मार्फत परस्पर सहमत सर्तहरूमा ज्ञान साझेदारीको वृद्धि गर्ने ।

मितिः- २०७९।०९।२२ गते शुक्रबार

समयः- विहान १०:०० बजे

स्थान:- कालिगण्डकी गाउँपालिका गाउँपालिकाको कार्यालयको बैठक कक्ष, पूर्तिघाट गुल्मी

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष श्री वेद बहादुर थापा ज्यूको अध्यक्षता र तपशिलको उपस्थितिमा **दीगो विकास लक्ष्यको स्थानीयकरण (स्थानीय विकास र सेवा प्रवाह कार्य ढाँचा-२०७९) तथा आन्तरिक नियन्त्रण प्रणाली-कार्यविधि २०७९** तयार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३ | प्रमुख सहजकर्ता नेपाल सरकार उप-सचिव | श्री तुल्सीराम मरासनी | |
| ४ | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ५ | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ६ | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ७ | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ८ | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ९ | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| १० | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| ११ | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| १२ | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | |
| १३ | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १४ | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १५ | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | |
| १६ | कार्यपालिका सदस्य | श्री मिना परियार | |
| १७ | गाउँसभा सदस्य | श्री चन्द्रकला थापा | |

| | | | |
|---|---|---|---|
| १८ | गाउँसभा सदस्य | श्री कोल बहादुर राना | |
| १९ | प्रमुख प्रशासकीय अधिकृत | श्री बाबुराम पल्ली | |
| २० | शिक्षा शाखा प्रमुख | श्री अग्निधर पराजुली | |
| २१ | स्वास्थ्य शाखा प्रमुख | श्री चन्द्र बहादुर थापा | |
| २२ | पूर्तिघाट आयुर्वेद शाखा | श्री हरि प्रसाद पन्त | |
| २३ | कार्यक्रम सहजकार्ता | श्री चिरन्जीवी भट्टराई | |
| २४ | कार्यक्रम सहजकर्ता | श्री विक्रम कुँवर | |
| २५ | इन्जिनियर | श्री सत्य नारायण राय | |
| २६ | लेखा अधिकृत | श्री होब नाथ पौडेल | |
| २७ | वास संयोजक | श्री सिजन राना | |
| २८ | महिला बालवालिका शाखा प्रमुख | श्री निर्मला श्रीस | |
| २९ | प्रशासन शाखा | श्री जंग बहादुर थापा | |
| ३० | पशुपक्षी विकास शाखा प्रमुख | श्री राजेन्द्र न्यौपाने | |
| ३१ | कृषि शाखा | श्री देव बहादुर सुनार | |
| ३२ | शिक्षा शाखा प्रशासन सहायक | श्री सुन्दर आले | |
| ३३ | एम.आइ.एस फिल्ड सहायक | श्री माधव पाण्डे | |
| ३४ | स.क.अ. | श्री ऋषिराम राना | |
| ३५ | कार्यालय सहयोगी | श्री विद्या कुमारी राना | |
| ३६ | कार्यालय सहयोगी | श्री दिल कुमारी दर्लामी | |

३८ क. अ.. कपिल थापा


लुम्बिनी प्रदेश नेपाल
भारत
कार्यपालिका
सदस्यहरु
दीगो विकास लक्ष्यको स्थानीयकरण
(स्थानीय विकास र सेवा प्रवाह कार्य ढाँचा-२०७९)
तथा आन्तरिक नियन्त्रण प्रणाली-कार्यविधि-२०७९
तयारी सम्बन्धी
अभिमुखिकरण कार्यक्रम


लुम्बिनी प्रदेश नेपाल
भारत
वडा
अध्यक्षहरु
कार्यपालिका
सदस्यहरु
गुल्मी
गाउँपालिका र नगरपालिका
दीगो विकास लक्ष्यको स्थानीयकरण
(स्थानीय विकास र सेवा प्रवाह कार्य ढाँचा-२०७९)
तथा आन्तरिक नियन्त्रण प्रणाली-कार्यविधि-२०७९
तयारी सम्बन्धी
अभिमुखिकरण कार्यक्रम
२०७९ पुस २२ गते
आयोजक


दीगो विकास लक्ष्यको स्थानीयकरण
(स्थानीय विकास र सेवा प्रवाह कार्य ढाँचा-२०७९)
तथा आन्तरिक नियन्त्रण प्रणाली-कार्यविधि-२०७९
तयारी सम्बन्धी
अभिमुखिकरण कार्यक्रम


लुम्बिनी प्रदेश नेपाल
भारत

## कालिगण्डकी गाउँपालिकाको दिगो विकासका लक्ष्यहरुको सूचक बमोजिमको लक्ष्य निर्धारण

### दिगो विकास लक्ष्य १ः हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात | २१.६ | १७.१ | | १३.८ | | १०.५ | १०.५ | ४.९ | ४.५ |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका सबै उमेरका महिलाहरू (प्रतिशत) | | | | | | | ११.५ | ५ | ५ |
| बहुआयामिक गरिबीमा रहेको जनसंख्या (प्रतिशत) | २८.६ | २२.७ | | १८.३ | | १३.९ | १४ | ६ | ६ |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका ५ वर्षमुनिका बालबालिका (प्रतिशत) | ३६ | २७.७ | | २१.५ | | १५.३ | १५ | ५ | ५ |
| कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | ११ | १२.१ | | १२.९ | | १३.७ | | १५ | |
| ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुच भएका परिवार (कुल परिवारको प्रतिशत) | ४५ | ५७ | | ६६ | | ७५ | ९० | ९० | १०० |
| औपचारिक वित्तीय सेवामा समेटिएका परिवार (कुल परिवारको प्रतिशत) | ४० | ५०.७ | | ५८.७ | | ६६.७ | ७५ | ८० | ९५ |
| महिलाहरुको नाममा रहेको सम्पत्ति (प्रतिशत) | १९.७ | २५.१ | | २९.२ | | ३३.२ | ३५ | ४० | ४० |
| विपद्का घटनाहरुबाट मृत्यु (वार्षिक सङ्ख्या) | ८८९१ | ३३१ | | २६८ | | २०५ | ० | १०० | ० |
| हराइरहेका र विपद्का घटनाबाट प्रभावित व्यक्तिहरु (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ४१५ | ४०२ | | ३९२ | | ३८२ | ० | ५० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गरिबी न्यूनीकरणको लागि प्रत्यक्ष रुपमा विनियोजित बजेटमा आन्तरिक रुपमा सिर्जित (Generated) स्रोतको अनुपात | ५५.२ | | | | | | १५ | | २० |
| आवश्यक सेवाहरु (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा स्थानीय तहले गरेको कुल सरकारी खर्चको अनुपात | २५.२ | | | | | | २८ | | ३० |
| लैङ्गिक समानतालाई प्रत्यक्ष रुपमा योगदान पुऱ्याउने स्थानीय तह वार्षिक विनियोजनको अनुपात | २२.३ | | | | | | २४ | | २५ |

**दिगो विकास लक्ष्य २ : भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | ३२० | ३७६ | | ४१८ | | ४६० | ४६० | ५३० | ५३० |
| पाँच वर्षमुनिका बालबालिकामा रहेको कुपोषण (उचाईअनुसार तौल कम हुने र बढी तौल हुने) (प्रतिशत) | ११.३ | ८ | | ७ | | ५ | ० | ४ | ० |
| पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपना (प्रतिशत) | ३६ | ३२ | | २८.७ | | २० | १५ | १५ | १० |
| पाँच वर्षमुनिका कम तौल हुने बालबालिका (-२SD मा मापन गरिएको प्रतिशत) | ३०.१ | २० | | १८ | | १५ | १० | ९ | ५ |
| प्रजनन् उमेरसमूहका महिलाहरुमा रक्त अल्पताको स्थिति (प्रतिशत) | ३५ | २६ | | २४ | | १८ | १५ | १० | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ वर्षमुनिका बालबालिकामा रक्त अल्पताको स्थिति (प्रतिशत) | ४६ | ३३ | | २८ | | २३ | २० | १० | १० |
| विद्यमान कृषि भूमि (हजार हेक्टरमा) | २६४१ | २६४१ | | २६४१ | | २६४१ | | २६४१ | |
| कृषिमा सार्वजनिक खर्च (कुल बजेटको प्रतिशत) | ३.३ | | | | | | ५ | | ६ |
| खाद्य मूल्य विसंगतिहरुको सूचक | | | | | | | | | |
| खाद्य सञ्चय डिपोहरुको सङ्ख्या | | | | | | | १ | | १ |

| **दिगो विकास लक्ष्य ३ : सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
| **सूचकहरु** | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| दक्ष प्रसुतिकर्मीको सहयोगमा भएको जन्मको अनुपात | ५५.६ | ६९ | | ७३ | | ७९ | ९० | ९० | १०० |
| पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ३८ | २८ | | २७ | | २४ | ० | २० | ० |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २३ | १८ | | १६ | | १४ | ० | १२ | ० |
| उपचार गर्न आवश्यक भएका कुष्ठरोगका विरामीहरु | २२७१ | १६९३ | | १३७० | | ९११ | ० | ० | ० |
| उपचार गर्न आवश्यक भएका कालाजारका विरामी | ३२५ | २०३ | | १६३ | | १०२ | ० | ० | ० |
| उपचार गर्न आवश्यक भएका हात्तीपाइलेका विरामी (सङ्ख्या हजारमा) | ३०००० | २५१०० | | २१००० | | १८००० | ० | १४००० | ० |
| उपचार गर्न आवश्यक भएका डेङ्गुका बिरामी | ७२८ | ४५५ | | ३६४ | | २२८ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उपचार गर्न आवश्यक भएका सक्रिय ट्रकोमाका विरामी | १३६ | ८५ | | ७३ | | ६१ | ० | ४९ | ० |
| कार्डियोभास्कुलर रोगका कारण हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | १.४४ | १.३१ | | १.२१ | | १.११ | ० | १.०१ | ० |
| क्यान्सरका कारण हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | ०.६७ | ०.६१ | | ०.५६ | | ०.५२ | ०.१ | ०.४७ | ०.१ |
| मधुमेहका कारण हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | ०.२७ | ०.२५ | | ०.२३ | | ०.२१ | ० | ०.१९ | ० |
| स्वासप्रश्वाससम्बन्धी दीर्घकालन रोग (अस्थामा, दम) कारण हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | ०.८ | ०.७३ | | ०.६७ | | ०.६२ | ०.१ | ०.५६ | ०.१ |
| आत्महत्याबाट हुने मृत्युदर (हरेक १ लाख जनसंख्यामा) | १६.५ | १४.५ | | ८.९४ | | ७.४५ | ० | ४.७ | ० |
| सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (हरेक १ लाख जनसंख्यामा) | १९.८६ | ९.९३ | | ८.९४ | | ७.४५ | ० | ४.९६ | ० |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (%) | ४७.१ | ५२ | | ५३ | | ५६ | ७० | ६० | ९० |

**दिगो विकास लक्ष्य ४ : समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत) | ९६.६ | ९८.५ | | ९९ | | ९९ | ९९ | ९९.५ | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत) | ८०.६ | ९०.७ | | ९३.१ | | ९५.५ | ९९ | ९९.५ | १०० |
| कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुमध्ये कक्षा ८ सम्म पुग्नेको प्रतिशत | ७६.६ | ८१.५ | | ९२ | | ९३ | ९९ | ९५ | १०० |
| कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रहरुको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | १.०४ | १.०३ | | १.०२ | | १.०१ | १ | १ | १ |
| कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | १.१ | १.०४ | | १.०३ | | १.०२ | १ | १ | १ |
| माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्नादर (प्रतिशत) | ५६.७ | ७२ | | ९० | | ९५ | ९५ | ९९ | १०० |
| छात्रवृत्ति (कुल विद्यार्थीहरुमा छात्रवृत्ति पाउने विद्यार्थीहरुको प्रतिशत) | ३७ | ३८.३ | | ३९.३ | | ४०.३ | ४२ | ४२ | ४५ |

**दिगो विकास लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **राष्ट्रिय** | **राष्ट्रिय** | **गा.पा.** | **राष्ट्रिय** | **.पा.** | **राष्ट्रिय** | **.पा.** | **राष्ट्रिय** | **गा.पा.** |
| शारीरिक तथा यौनहिंसा अनुभव गरेका १५ देखि ४९ बर्षसम्मका महिलाहरुको (दर्ता गरिएका घटनाहरु) प्रतिशत | २६ | १९.१ | | १३.९ | | ९.७ | ० | ६.५ | ० |
| महिला, किशोरी तथा बालिकाहरुको गैरकानुनी वेचविखन (सङ्ख्या) | १६९७ | ७२५ | | ६५० | | ४२५ | ० | ३२५ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरु (प्रतिशत) | २४.५ | १८ | | १३.१ | | ८.२ | १ | ४.१ | ० |
| स्थानीय तहका कार्यपालिकामा महिलाहरुको सहभागिता (प्रतिशत) | | ४०.५ | | ४१ | | ४१.५ | ४२ | ४२ | ४२ |
| सहकारी क्षेत्रमा महिलाहरुको सहभागिता (प्रतिशत) | ५० | ५० | | ५० | | ५० | ५५ | ५० | ६० |
| सार्वजनिक सेवाका नीतिनिर्माण तहका पदमा वहाल महिला (कुल कर्मचारीहरु मध्ये महिलाको प्रतिशत) | ११ | १७ | | २१.३ | | २५.७ | ३० | ३३ | ३३ |
| व्यवसायिक र प्राविधिक श्रमिकमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) | २४ | २८ | | ३१ | | ३५ | ३५ | ४० | ४० |
| महिलाहरुको स्वामित्व भएका प्रतिष्ठानको सङ्ख्या | | | | | | | २० | | ३० |
| महिलाहरुको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) | २६ | २९.७ | | ३२.५ | | ३५.३ | ३६ | ४० | ४० |
| १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत | १९.६ | ४०.५ | | ५६.२ | | ७१.९ | ७५ | ९८ | १०० |

**दिगो विकास लक्ष्य ६ : सबैको निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ४९.५ | ६०.३ | | ६८.४ | | ७६.५ | ८० | ९० | ९५ |
| आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत) | ८७ | ९०.२ | | ९२.६ | | ९५ | ९५ | ९९ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उन्नत/सुधारिएका सरसफाईसम्बन्धी सुविधाहरु प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत) जस्तैः साबुन पानीसहितको हात धुने सुविधा | ६० | ६९.३ | | ७८.७ | | ८५.७ | ९५ | ९५ | १०० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ६७.६ | ७५.७ | | ८३.८ | | ९० | ९८ | ९८ | १०० |
| ढल प्रणालीहरु/उपयुक्त एफ.एस.एम.(Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प्रतिशत) | ३० | ४६ | | ६२ | | ७४ | ८० | ९० | ९५ |

**दिगो विकास लक्ष्य ७ः धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने**

| **सूचकहरु** | **२०१५** | **२०१९** | | **२०२२** | | **२०२५** | | **२०३०** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **राष्ट्रिय** | **राष्ट्रिय** | **गा.पा.** | **राष्ट्रिय** | **गा.पा.** | **राष्ट्रिय** | **गा.पा.** | **राष्ट्रिय** | **गा.पा.** |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | ७४ | ८०.७ | | ८५.७ | | ९०.७ | ९९ | ९९ | १०० |
| प्रतिव्यक्ति ऊर्जा (अन्तिम) उपभोग (गिगाजुल्स) | १६ | १८.१ | | १९.७ | | २१.३ | २२ | २४ | २४ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | ७४.७ | ६५ | | ५५ | | ४५ | ४५ | ३० | ३० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत) | १८ | २३.६ | | २७.८ | | ३२ | ३२ | ३९ | ३९ |
| विद्युत् खपत/उपभोग (प्रतिव्यक्ति किलोवाट घण्टा) | ८० | २३० | | ५४२ | | १०२७ | १०२७ | १५०० | १५०० |
| जलविद्युतको जडित क्षमता (मेगावाट) | ७८२ | २३०१ | | ५४१७ | | १०२६० | | १५००० | |

**दिगो विकास लक्ष्य ८ : स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| वित्तीय सेवाहरुमा पहुँच (प्रतिशत) | | | | | | | ९० | | १०० |
| सहकारी सेवाहरुमा पहुँच (प्रतिशत) | ५४ | ६०.९ | | ६६.१ | | ७१.३ | ७५ | ८० | ९० |
| पेशा, उमेर र अपाङ्गताअनुसार महिला र पुरुष कर्मचारी/कामदारहरुको घण्टाको औसत आम्दानी | ३२ | ५०.१ | | ६३.३ | | ७७.३ | ८० | १०० | १०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत दर्ता भएको बेरोजगारीको सङ्ख्या | | | | | | | | | ० |
| पर्यटक आगमन (सङ्ख्या १० लाखमा) | ०.८ | १.६ | | १.९ | | २.२ | | ३ | |
| पर्यटनबाट प्राप्त राजस्व (रु १०लाखमा) | | | | | | | | | |
| पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी सङ्ख्या | | | | | | | १००० | | २००० |
| प्रति १ लाख बयस्कहरुमा वाणिज्य बैंकका शाखाको सङ्ख्या | १८ | २३ | | २६ | | ३० | | ३६ | |
| प्रति १ लाख बयस्कहरुमा एटीएम (सङ्ख्या) | ११ | १७ | | २१ | | २६ | | ३३ | |

**दिगो विकास लक्ष्य ९ : उत्थानशील/बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा. |
| सडक घनत्व (कि.मि./वर्ग कि.मि.) | ०.५५ | १.३ | | १.३५ | | १.४१ | १.४१ | १.३ | १.३ |
| पक्की/कालोपत्रे सडकको घनत्व (कि.मि./वर्ग कि.मि.) | ०.०१ | ०.०७ | | ०.१२ | | ०.१७ | ०.१७ | ०.२५ | ०.२५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कुल रोजगारीमा ठूला उद्योगहरुको रोजगारीको अनुपात | ६.६ | ८.३ | | ९.६ | | १०.९ | | १३ | |
| ऋण वा लाइन अफ क्रेडिट भएका सानास्तरका उद्योगहरुको अनुपात | २० | २२.७ | | २४.७ | | २६.७ | | ३० | |

**दिगो विकास लक्ष्य १० : देशभित्र तथा देशहरू बीचको असमानता हटाउने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| **परिवारको खर्चको वृद्धिदर वा तलका ४० प्रतिशत जनसङ्ख्याको साथै कुल जनसङ्ख्याको प्रतिव्यक्ति आयमा वृद्धिदर** | | | | | | | | | |
| उपभोगमा आधारित असमानता (गिनी कोफिसियन्टद्‌वारा मापन गरिएको) | ०.३३ | ०.२८ | | ०.२५ | | ०.२२ | ०.२२ | ०.१६ | ०.१६ |
| **वित्तीय प्रभावकारिता (Soundness) सूचकहरु** | | | | | | | | | |
| लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवारहरुको अनुपात (प्रतिशत) | २४ | २८.३ | | ३१.५ | | ३४.७ | ३५ | ४० | ४० |

**दिगो विकास लक्ष्य ११ : सहरहरू एवम् मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| गरिब-बस्तीहरु/झुपडपट्टीहरु र अबैध जमिनमा बसोबास गर्ने जनसङ्ख्या (सङ्ख्या हजारमा) | ५०० | ४०० | | ३२५ | | २५० | ० | १२५ | ० |
| खर/पराल/पातले छाएको घरमा बस्ने परिवार (प्रतिशत) | १९ | १५.३ | | १२.५ | | ९.७ | ० | ५ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षित घरहरुमा बसोबास गर्ने परिवार (प्रतिशत) | २९.८ | ३७.८ | | ४३.९ | | ४९.९ | ५० | ६० | ६० |

**दिगो विकास लक्ष्य १२ : दिगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| जीवाश्म इन्धन (Fossil fuel) ऊर्जाको खपत (कुल ऊर्जाको प्रतिशत) | १२.५ | १३.२ | | १३.७ | | १४.२ | १४.२ | १५ | १५ |

**दिगो विकास लक्ष्य १३ : जलवायु परिवर्तन र यसका प्रभावहरुसँग जुध्न तत्काल कार्य अघि बढाउने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| स्थानीय अनुकूलन (Adaptation) योजना तर्जुमा भएका (गाउँपालिका/नगरपालिकाको सङ्ख्या) | ४ | ३६ | | ६० | | ८४ | | १२० | |
| समुदाय तहमा अनुकूलन योजना तर्जुमा | ३१ | २३१ | | ३८१ | | ५३१ | | ७५० | |
| अनुकूलन योजनाको कार्यान्वयन | ० | १५ | | ३० | | ४५ | | ६० | |
| जलवायुको दृष्टिकोणले व्यवस्थित गाउँहरु/बस्तीहरु (Smart Villages/Settlements) | ० | ४५ | | ७९ | | ११३ | | १७० | |
| जलवायुको दृष्टिकोणले व्यवस्थित खेतीप्रणाली (Farming) | ० | १३३ | | २३३ | | ३३३ | | ५०० | |
| जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरुको अनुपात (प्रतिशत) | ८० | ८५ | | ८९ | | ९३ | | १०० | |

**नोटः** यसमा गाउँपालिकाले योजना तर्जुमा गरी कार्यान्वयन गरी राष्टिय लक्ष्य बमोजिम कार्यसम्पादन गर्नेछ ।

**दिगो विकास लक्ष्य १५ : पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र | ४४.७ | | | | | | | | |
| समुदायमा आधारित व्यवस्थापन अन्तर्गत रहेको वन (कुल घना वन क्षेत्रको प्रतिशतको रुपमा) | ३९ | ३९.८ | | ४०.४ | | ४१ | ४१ | ४२ | ४२ |
| संरक्षित क्षेत्र (वनसहित, कुल भूभागको प्रतिशत) | २३.२ | २३.३ | | २३.३ | | २३.३ | २३.३ | २३.३ | २३.३ |
| ताल, सीमसार र तलाउ/पोखरीहरु (सङ्ख्या) | १७२७ | २५९९ | | ३२५४ | | ३९०९ | | ५००० | |
| कवुलियती (Leasehold) वन समूहलाई वन हस्तान्तरण (हजार हेक्टर) | ४४.६ | ४४.६ | | ४४.६ | | ४४.६ | | ४४.६ | |
| वृक्षारोपण (Plantation) गरिएको क्षेत्र (प्रतिवर्ष बेर्ना/बिरुवा, १० लाखमा) | - | - | | - | | - | | - | |
| संकटासन्न (Potentially dangerous) तालहरु/पोखरीहरु (प्रतिशत) | ०.३७ | ०.२७ | | ०.२ | | ०.१२ | ० | ० | ० |
| जंगली बाघहरु (संख्या) | १९८ | २०५ | | २१० | | २१६ | | २२५ | |
| गैंडा (सङ्ख्या) | ५३४ | ६०० | | ६५० | | ७०० | | ७८३ | |
| समुदायको नेतृत्व/अगुवाइमा परिचालित चोरी सिकारी नियन्त्रण एकाइहरू (सङ्ख्या) | ४०० | ४०० | | ४०० | | ४०० | | ४०० | |

**दिगो विकास लक्ष्य १६ : दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा | राष्ट्रिय | गा.पा. |
| हत्यादर (प्रति १ हजार जनसङ्ख्या) | | | | | | | ० | | ० |
| दर्ता गरिएका यौनजन्य हिंसासम्बन्धी केसहरु (सङ्ख्या) | | | | | | | ० | | ० |
| मानव बेचविखनमा परेका व्यक्तिहरुको संख्या | | | | | | | ० | | ० |
| दर्ता गरिएको सम्बन्ध विच्छेद (प्रति १ हजार जनसङ्ख्या)(सङ्ख्या) | | | | | | | | | |
| स्थानीय तहमा दर्ता भएका कुल मुद्धाहरुमध्ये फछ्यौंट भएका मुद्धाको अनुपात | | | | | | | १०० | | १०० |
| कुल स्वीकृत बजेटमा खर्चको अनुपात | | | | | | | ९० | | ९० |

**दिगो विकास लक्ष्य १७: दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने**

| सूचकहरु | २०१५ | २०१९ | | २०२२ | | २०२५ | | २०३० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. | राष्ट्रिय | गा.पा. |
| बजेटमा आन्तरिक कर राजश्वहरुको अनुपात | ७६ | ७७.१ | | ७७.९ | | ७८.७ | | ८० | |
| कुल बजेटको अनुपातमा संघीय र प्रादेशिक सरकारमार्फत् प्राप्त अनुदान (प्रतिशत) | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कुल बजेटको अनुपातमा राजश्व बाँडफाँटबाट प्राप्त रकम (प्रतिशत) | | | | | | | | | |
| इन्टरनेट घनत्व (प्रति १०० जनामा) | ४९.८ | ६५ | | ७०.९ | | ७९.९ | ८० | ९५ | १०० |